सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१२ जेठ २०८१, शनिबार (25 May 2024, Saturday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १८ ■ अंक ४३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

सम्पत्ति शुद्धीकरणमा अहिलेसम्मकै ठूलो फाइल

सहकारीको ऋण अपचलन गरी ११ अर्ब सम्पत्ति शुद्धीकरण

सुवास भट्ट/नयाँ पत्रिका

सहकारीको ऋण अपलचन गरी ११ अर्ब १९ करोड रुपैयाँ सम्पत्ति शुद्धीकरण गरेको अभियोगमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले शुक्रबार जिल्ला सरकारी वकिल कार्यालय भक्तपुरमा मुद्दाको अनुसन्धान प्रतिवेदन पेस गरेको छ। प्रतिवेदनमा शिव शिखर बहुउद्देश्यीय सहकारी संस्था र तुलसी बहुमुखी सहकारी संस्था लिमिटेडका सञ्चालकदम्पती केदारनाथ शर्मा र गीता शर्मालाई मुख्य प्रतिवादी बनाइएको छ। उनीहरूसहित कम्पनीहरूविरुद्ध कुल ३२ अर्ब ९० करोड ५२ लाख ५२ हजार २९१ रुपैयाँ बिगो दाबी गरिएको छ।



शिव शिखर बहुउद्देश्यीय सहकारी संस्था र तुलसी बहुमुखी सहकारी संस्था लिमिटेडका सञ्चालकदम्पती केदारनाथ शर्मा र गीता शर्मा

यसरी भयो सम्पत्ति शुद्धीकरण

(विस्तृत पृष्ठ २)

सम्पत्ति शुद्धीकरण मुद्दामा अभियोजन हुन लागेको यो मुद्दा हालसम्मकै ठूलो आकारको भएको विभागले जनाएको छ। विभागका निर्देशक शिवहरि पोखरेलले तयार गरेको अनुसन्धान प्रतिवेदनले सहकारीको रकम अपचलन गरी त्यसको प्राप्ति, 'ट्रान्सफर' र लगानी तथा कारोबारमार्फत एकीकृत गरेर सम्पत्ति शुद्धीकरण गरेको देखाएको छ।

विभागले मुद्दाको छानबिन प्रतिवेदनको मिसिल जिल्ला सरकारी वकिल कार्यालय भक्तपुरमा पेस गरेको हो। यस मुद्दामा मतियारको भूमिकामा रहेको ठहर गर्दै अन्य चारजनालाई पनि प्रतिवादी कायम गरिएको छ। सम्पत्ति शुद्धीकरणसम्बन्धी नयाँ ऐनअनुसार अब सरकारी वकिलले नै मुद्दा जिल्ला अदालतमा दर्ता गर्नेछ।

शिव शिखर र बचतकर्ताको रकम अपचलन गरेर आर्जित सम्पत्तिबाट केदारनाथले ४० कम्पनीमा लगानी गरेका थिए। त्यसमध्ये नौ कम्पनीमा पत्नी गीताको पनि लगानी हिस्सा देखिन्छ। ती कम्पनीमा घरजग्गा, सम्पत्ति, बैंक मौज्दात, अन्तिम मौज्दातलगायत चलअचल सम्पत्तिको कुल आकार

» पृष्ठ २ मा क्रमशः

शिव शिखर र तुलसी सहकारीका सञ्चालकविरुद्ध ३३ अर्ब बिगोको मुद्दा

सहकारी ठगीको कसुरमा हाल पुर्पक्षका लागि कारागारमा रहेका शर्मादम्पतीले करिब ४० वटा आफ्ना निजी कम्पनीमा सहकारीको रकम गैरकानुनी लगानी गरेका थिए। सहकारीको पैसा निजी कम्पनीमा लगानी गरी सम्पत्ति शुद्धीकरण गरेको विभागको निष्कर्ष छ। यसमा सहकारीका अन्य सञ्चालकलाई पनि मतियार बनाइएको छ। देशभरि शाखा विस्तार गरी उनीहरूले सर्वसाधारणबाट ११ अर्बभन्दा धेरै रकम उठाएर हिनामिना गरेका हुन्।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

संसदीय छानबिन समितिको कार्यदेशमा दलहरू सहमतिनजिक



शुक्रबार बालुवाटारमा बसेको प्रमुख तीन दलका शीर्ष नेताको बैठक

शुरोजंग पाण्डे, केशवप्रसाद पाण्डे

सहकारीको रकम अपचलनसम्बन्धी संसदीय छानबिन समितिको कार्यदेशमा सत्ता र विपक्षी दलहरू करिब-करिब सहमतिनजिक पुगेका छन्। शुक्रबार कार्यदलस्तरमा भएको छलफलपछिको प्रमुख तीन दलका शीर्ष नेताको बैठकमा उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेको नाम नराखी मध्यमार्गी विकल्पमा सहमतिको पहल भएको छ।

प्रधानमन्त्रीनिवास बालुवाटारमा शुक्रबार सत्तासाझेदार एमाले-माओवादी र प्रमुख प्रतिपक्षी कांग्रेसका शीर्ष नेताबीच छलफल भएको थियो, जसमा तीनै दलका प्रमुख सचेतक पनि सहभागी थिए। बैठकमा सहभागी नेताहरूका अनुसार सहमतिउन्मुख छलफल भएको छ। त्यसअघि बसेको संसदीय छानबिन समिति गठनका लागि कार्यादेश (टिओआर) मस्यौदा कार्यदलमा सहमति हुन सकेको थिएन।

शीर्ष नेताहरूसँगको परामर्शमा कार्यदलले शनिबार कार्यादेशको मस्यौदा टुंग्याउनेछ। त्यससँगै १३ जेठमा सदनको गतिरोध अन्त्य भएर सरकारको नीति तथा कार्यक्रम र बजेट संसदीय प्रक्रियाबाटै पास गर्ने दिशामा नेताहरूबीच छलफल भएको

» पृष्ठ २ मा क्रमशः



- **रमेश लेखक**, प्रमुख सचेतक, कांग्रेस

संसदीय छानबिन समितिको टिओआरबारे कार्यदलमा छलफल जारी छ। शीर्ष तहको छलफल सकारात्मक छ। समिति बनाउनेतर्फ सबैको जोडबल छ। यहाँ कुरा व्यक्तिको होइन मुख्य मुद्दा विभिन्न सहकारीबाट रकम अपचलन भएको भन्ने हो। गृहमन्त्रीको पनि संलग्नता रहेको देखिएको छ भन्ने सवाल हो। त्यो विषय कुन भाषाशैलीमा भन्ने त बसेर मिलाउनुपर्‍यो।



- **महेश बर्तौला**, प्रमुख सचेतक, एमाले

कार्यादेशका सन्दर्भमा संसद्को मर्यादा कायम हुने गरी सांसदहरूलाई कुन तहसम्म छानबिनमा लैजाने भन्ने गरी जानुपर्छ भन्ने कुराकानी भयो, उहाँहरू (कांग्रेस नेता) हामी आन्तरिक छलफल पनि गर्छौं भनेर उठ्नुभएको छ। शनिबार कार्यदलमा कुरा मिल्छ। रवि लामिछानेको नाम नराखीकनै अन्तिम रूप दिने एक प्रकारको सहमति भएको छ।



- **शिशिर खनाल**, कार्यदल सदस्य, रास्वपा

छानबिनअघि नै व्यक्तिलाई दोषी देखिने गरी संसदीय छानबिन समिति बनाउन हुँदैन भनेर हामीले सुरुबाटै भन्दै आएका हौं। त्यो अडान शुक्रबारको कार्यदलमा पनि राख्यौं। आजसम्म पुग्दा ९० प्रतिशत कुरामा कांग्रेससँग सहमत छौं। कांग्रेस केही लचक भएर त्यसको विकल्प मागेको छ। शनिबार दिउँसो ३ बजे बैठक बसेर थप छलफल गर्छौं।

अवरोधपछि संसद् स्थगित

कांग्रेस महामन्त्री शर्माले बोल्ने समय पाएनन्, नीति तथा कार्यक्रम आइतबार पारित गर्ने तयारी

काठमाडौं/ प्रमुख प्रतिपक्षी कांग्रेसको अवरोधले प्रतिनिधिसभाको शुक्रबारको बैठक कार्यसूचीमा प्रवेश नगरी स्थगित भएको छ। सहकारी ठगी प्रकरणमा संसदीय छानबिन समिति गठनको माग गर्दै कांग्रेसले निरन्तर संसद् अवरुद्ध गर्दै आएको छ। अर्को बैठक आइतबार बस्नेछ।

बैठक सुरु हुनेबित्तिकै कांग्रेस सांसद उठेर समय मागेका थिए। सभामुख देवराज घिमिरेले शून्य, विशेष र आकस्मिक समय नराख्ने निर्णय गरेको जानकारी गराउँदै नियमित कामकारबाहीमा अगाडि बढ्न सघाउन अनुरोध गरेका थिए। संसदीय समिति गठनमा दलहरूबीच छलफल भइरहेकाले सदन चलाउन सहयोग गर्न सभामुखको अनुरोध थियो।

कांग्रेसले सहमति नभएसम्म सदन चलाउने कुरा मान्य नहुने भन्दै बरु बोल्न समय माग्यो। कांग्रेसबाट महामन्त्री विश्वप्रकाश शर्मा माइक समाउँदै बोल्न खोजे। तर, सभामुखले समय दिएनन्।

कार्यसूचीमा रहेका सबै विषय हटाउँदै आइतबार ११ बजेसम्मका लागि बैठक स्थगित गरे। बैठक स्थगित भएसँगै नीति तथा कार्यक्रम पारित गर्ने कार्यसूची आइतबारलाई सरेको छ।

विपक्षी दलहरूको अवरोधबीच विश्वासको मत र नीति तथा कार्यक्रम पेस गराएका सभामुख घिमिरेले शुक्रबार भने बैठक अगाडि बढाएनन्। सभामुख घिमिरेले बिहीबार दलका प्रमुख सचेतक र प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग संवैधानिक बाध्यताबाहेक सामान्य अवस्थामा होहल्लामा सदन नचलाउने स्पष्ट पारेका थिए। त्यसैका आधारमा शुक्रबार अवरोधबीच बैठक कार्यसूचीमा प्रवेश नगराएको सभामुखका सञ्चारविज्ञ शेखर अधिकारीले बताए। अर्कोतिर संसदीय समितिको टिओआर बनाउन गठित कार्यदल सहमतिनजिक पुगेकाले पनि समझदारीमै बैठक रोकिएको हो। अधिकारीका अनुसार सहमति नभएको अवस्थामा सदन नचलाउने पक्षमा रहेका सभामुख घिमिरे सूचना टाँसेर स्थगित गर्ने पक्षमा थिएनन्।

■ सहकारीपीडित फेरि सडकमा



तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

सरकारले सहमति कार्यान्वयन नगरेको भन्दै सहकारीपीडित फेरि सडकमा आएका छन्। उनीहरूले शुक्रबार काठमाडौंको माइतीघरमा प्रदर्शन गरेका छन्। सहकारी बचतकर्ता संरक्षण राष्ट्रिय अभियान महासंघको नेतृत्वमा आन्दोलन सुरु भएको हो। महासंघका अध्यक्ष कुशलव केसीका अनुसार पीडितको समस्या समाधानमा सरकार गम्भीर नभएकाले देशैभरिबाट तेह्रौ चरणको आन्दोलन सुरु गरिएको हो। महासंघले माइतीघरमा धर्ना र रिले अनशन सुरु गर्ने तयारी गरेको छ। सहकारीपीडितसँग सरकारले दुईपटक सहमति गरे पनि कार्यान्वयन नगरेको पीडितको गुनासो छ। गत वर्ष १८ साउनमा सरकारसँग सातबुँदे सहमति गरेपछि पीडितले आन्दोलन रोकेका थिए। पीडितको बचत फिर्ता गर्न कोष बनाउने, कर्जा असुलीलाई प्रभावकारी बनाउनेलगायतका सहमति भएका थिए। सरकारले केही सहकारी सञ्चालकलाई पक्राउ गरेर मुद्दा चलाए पनि पीडितले वर्षौंसम्म आफ्नो रकम फिर्ता पाएका छैनन्। कतिपय सहकारीको ठगीमा अनुसन्धानमै ढिलाइ भएको छ।

सिरोहियालाई थप तीन दिन हिरासतमा राख्न अदालतको अनुमति

नयाँ पत्रिका

जिल्ला अदालत धनुषाले कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियालाई अनुसन्धानका लागि थप तीन दिन हिरासतमा राख्न अनुमति दिएको छ। जिल्ला सरकारी वकिल कार्यालयले उनलाई थप पाँच दिन हिरासतमा राख्न समय मागेकोमा शुक्रबार न्यायाधीश रोमाकान्त ज्ञवालीको इजलासले तीन दिनको मात्रै अनुमति दिएको हो।

नागरिकतासम्बन्धी प्रकरणमा प्रहरीले गत मंगलबार सिरोहियालाई काठमाडौंको थापाथलीस्थित कान्तिपुरको कार्यालयबाट पक्राउ गरेको थियो। लगत्तै उनलाई धनुषा लगिएको थियो। बुधबार जिल्ला अदालतले तीन दिन हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति दिएको थियो। समयावधि सकिएपछि उनलाई शुक्रबार फेरि अदालतमा उपस्थित गराइएको हो।

शुक्रबार सिरोहिया पक्षमा कानुन व्यवसायी वरिष्ठ अधिवक्ताहरू शम्भु थापा, रमण श्रेष्ठ, शेरबहादुर केसी, गोविन्द शर्मा बन्दी र टीकाराम भट्टराईले बहस गरेका छन्। त्यस्तै, अधिवक्ताहरू दीपेन्द्र झा, रमणकुमार कर्ण र किशोर पौडेलले पनि सिरोहियाको पक्षमा बहस गरेका थिए। उनीहरूले सिरोहियालाई न्यायिक हिरासतमा राख्नुपर्ने कारण नरहेको तर्क गरेका थिए। सरकारी तर्फबाट सरकारी वकिल सुदीप डंगोलले बहस गरेका थिए।



कैलाश सिरोहिया

प्रधानमन्त्रीलाई कांग्रेसको ध्यानाकर्षण

शुक्रबार बसेको प्रमुख तीन दलको बैठकमा कांग्रेसले सिरोहिया पक्राउबारे प्रधानमन्त्रीको ध्यानाकर्षण गराएको छ। त्यस्तै, गृहमन्त्री रवि लामिछानेले संसद्मा कांग्रेस नेताहरूलाई लाञ्छित गरेको विषयमा समेत ध्यानाकर्षण गरिएको कांग्रेस प्रमुख सचेतक रमेश लेखकले बताए। 'हामीले कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियालाई जुन रूपमा धरपकड गरियो, त्यसबारे हामी गम्भीर छौं र गम्भीर रूपमा ध्यानाकृष्ट भएको जानकारी गरायौं,' लेखकले भने, 'त्यस्तै, गृहमन्त्रीले सदनभित्र (प्रतिनिधिसभामा) जे-जस्ता विषयवस्तु उठाउनुभयो, सदनमा रहेका र खासगरी कांग्रेसका सांसदलाई लाञ्छित गरेको विषयमा पनि हामीले ध्यानाकर्षण गरायौं। उहाँले यो विषयमा जवाफ दिनुहोला।'

चुनावको दुई वर्षपछि उच्च अदालतको फैसला

व्यास नगरपालिकाको पुनः मतगणना २ असारमा

■ अदालतको ठहर

खसेभन्दा थप ४४५ मत गणना, प्रत्याशीको ३० मत जोडिएन

पोखरामा **रोहितराज पराजुली**


स्थानीय तह निर्वाचनको दुई वर्षपछि तनहुँको व्यास नगरपालिकामा पुनः मतगणना हुने भएको छ। उच्च अदालत पोखराले २ असार बिहान १० बजेदेखि पोखरामा मतगणना गर्न आदेश दिएको हो।

मेयरमा स्वतन्त्र उम्मेदवारी दिएर पराजित दीपकराज जोशीले पुनः मतगणनाको माग गर्दै १२ जेठ ०७९ मा मतगणना कार्य बदर गरी दोहोऱ्याएर मतगणनाको माग गर्दै दायर रिटमा उच्चका न्यायाधीश राजनप्रसाद भट्टराई र निर्मला पौडेल भट्टराईको संयुक्त इजलासले जोशीको दाबी पुग्ने आदेश दिएको थियो।

अदालतले १० दिनअघिको आदेशमा पुनः मतगणना गर्न भने पनि मिति तोकेको थिएन। तर, सार्वजनिक पूर्णपाठमा २ असारमा पोखरामा मतगणना गर्न भनिएको

» पृष्ठ २ मा क्रमशः

झन्नयाँ



खेल **हरिबहादुर रोकाया**, कीर्तिमानी धावक

हरिबहादुरले जन्माएका खेलाडी



जुम्लामा खेलाडी उत्पादन गर्न सहज छैन। कतिपय खेलाडी याचांगुम्बा टिप्न गइसकेका छन्। किनकि आर्थिक मन्दी छ। रोक्न सकिँदैन।

सफलता होइन, सन्तुष्टि रोज्छु



प्रदीप खड्का, अभिनेता

मसँग रिसराग साँध्ने, लडाइँ-झगडा गर्ने र द्वेष राख्ने समय हुँदैन। जीवनमा सन्तुष्ट भएरै बाँच्नुपर्छ भन्ने लाग्छ। तर, कसैले अस्तित्व स्वीकार गरेन भने फाइट पनि गर्नुपर्ने रहेछ।

ढुंगाखानीसँगै जीविका पनि बन्द

गौरीशंकर संरक्षण क्षेत्रले दोलखाको ढुंगाखानी बन्द गर्दा स्थानीय थामीहरू रोजीरोटीका लागि सपरिवार भारत बसाइँ सरेका छन्

- **हेपबहादुर थामी**, बिगु गापा- ६ आलाम्पु



मेरा बाजे हर्कबहादुर र बुबा मानबहादुर थामीले दोरोडखानीमा ढुंगा निकाल्ने काम गर्दै आएका थिए। पछि बुबाबाट अंशकै रूपमा मैले पाएँ र स्लेट उत्खनन गर्दै आएँ। तर, अहिले संरक्षण क्षेत्रले खानी बन्द गऱ्यो। पुर्‍यौंली पेसा संकटमा पऱ्यो। हाम्रो रोजीरोटी खोसियो। अब कहाँ जाने ठेगान छैन।

- **ठूला थामी**, सांसद, बागमती प्रदेश सभा




आलाम्पुमा यतिवेला संकट आइलागेको छ। वर्षौंदेखि उपभोग गर्दै आएको ढुंगाखानी संरक्षण क्षेत्रले बन्द गरिदिएको छ। स्थानीयको रोजीरोटी खोसिएको छ। यो मुद्दा संसद्मा पटक-पटक उठाएँ। तर, सम्बोधन हुन सकेन। अब सिंहदरबार घेराउ गर्नुपर्ने अवस्थामा स्थानीय पुगेका छन्।

टेकराज थामी/नयाँ पत्रिका

दोलखा बिगु गापा- ६ आलाम्पुस्थित दोरोङ (गाग्राफुटे) स्थित स्लेटखानी बन्द भएपछि यति वेला ५५ वर्षीय मेकबहादुर थामी संकटमा छन्। बिहान-बेलुकाको छाक टार्ने एक मात्रै स्रोत थियो, स्लेटखानी। तर, गौरीशंकर संरक्षण क्षेत्रले खानी बन्द गरेपछि उनको रोजीरोटी नै संकटमा परेको छ।

» पृष्ठ २ मा क्रमशः





आलाम्पुमा थामीका मात्रै दुई सय ५० भन्दा धेरै घरधुरी छन्। उत्पादन भएको अन्नले दुई महिना पनि खान पुग्दैन। रोजीरोटीका लागि आलाम्पुका स्थानीय थामीको स्लेटखानीभन्दा अर्को विकल्प छैन। खानी एकाएक बन्द भएपछि वर्ष दिनयता आलाम्पुबाट मात्रै २५ भन्दा धेरै घरधुरी थातथलो छाडेर भारतको पूर्वोत्तर दार्जिलिङ हिँडेका छन्। जिल्ला प्रशासन कार्यालय दोलखाका प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलले खानी बन्द गरी स्थानीय थामीको रोजीरोटी प्रभावित गरिनु मानवीय रूपमा ठीक नभएको बताए। 'आलाम्पुको स्लेटखानी २०१३ देखि राज्यको जानकारीमा आएको देखिन्छ। थामीहरूले विगतदेखि नै खानीबाट स्लेट उत्खनन गर्ने र त्यसैलाई बेचेर जीवन गुजार्ने गरेको सत्य हो,' उनले भने, 'अहिले खानी बन्द गरिएको सूचना प्राप्त भएको छ। खानी बन्द गरिनु ठीक होइन। यसलाई व्यवस्थित ढंगले चलाउनुपर्छ। कानुनी जटिलता भए खोल्नुपर्छ। रोजीरोटी नै प्रभावित पार्नु ठीक होइन।'

सबैभन्दा छिटो सगरमाथा चढ्ने महिला आरोही बनिन् फुन्जो

नयाँ पत्रिका

गोरखाकी आरोही फुन्जो झाङ्मु लामा सबैभन्दा छोटो समयमै सगरमाथा आरोहण गर्ने महिला बनेकी छिन्। उनले आधार शिविरबाट १३ घण्टा ३१ मिनेटमै चुचुरो चुमेकी हुन्। ३३ वर्षीय आरोही लामा बिहीबार बिहान ६:२३ बजे सगरमाथा शिखरमा पुगेको पर्यटन विभागले जनाएको छ। यसअघि सबैभन्दा छिटो सगरमाथा आरोहण गर्ने महिलाको रेकर्ड हङकङकी स्याङ यिन हङको नाममा थियो। उनले २५ घण्टा ५० मिनेटमा आरोहण गरी विश्व रेकर्ड राखेकी थिइन्।

पत्रकार श्रेष्ठ पनि एकै सिजनमा दुईपटक चुचुरोमा

फोटो पत्रकार पूर्णिमा श्रेष्ठले पनि एउटै सिजनमा दुईपटक सगरमाथाको सफल आरोहण गरेकी छिन्। ३० वैशाख र ६ जेठमा गरी एक हप्ताको अन्तरालमा दुईपटक चुचुरो चुमेकी हुन्। यससँगै उनले तीनपटक सगरमाथा आरोहण गरेकी छिन्। गोरखा आरुघाट घर भएकी उनले आठ हजार मिटरभन्दा अग्ला सातवटा हिमालको सफल आरोहण गरिसकेकी छिन्।

३०औँपटक सगरमाथा चढेर फर्किएका कामिरिताको स्वागत

काठमाडौं/ सर्वोच्च शिखर सगरमाथा ३०औँपटक आरोहण गरेर नयाँ कीर्तिमानी कायम गरेका आरोही कामिरिता शेर्पा काठमाडौं फर्किएका छन्। उनलाई शुक्रबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत र सम्मान गरिएको छ। अनुभवी आरोही एवं गाइड कामिरिताले यस वर्ष पनि एकै सिजनमा दुईपटक सगरमाथाको चुचुरो चुमेका हुन्। ३० वैशाखको बिहान ७:२५ बजे र ९ जेठमा ७:४९ बजे चुचुरो चुमेसँगै उनको नाममा नयाँ कीर्तिमान दर्ज भएको हो।

गत वर्ष पनि उनले एकै सिजनमा दुईपटक सगरमाथा आरोहण गरेका थिए। उनले सगरमाथा चुचुरोमा आफैँ रेकर्ड राख्दै आफैँ ब्रेक गर्दै आइरहेका छन्। उनी सेभेन समिट ट्रेक्समा वरिष्ठ गाइडका रूपमा कार्यरत छन्। नयाँ कीर्तिमान कायम गरी फर्किएका कामिरितालाई आरोही साथीभाइ, परिवार र विभिन्न संघ-संस्थाका प्रतिनिधिले विमानस्थलमै पुगेर स्वागत गरेको नेपाल पर्वतारोहण संघ (एनएमए)ले जनाएको छ। सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिकाको थामेमा जन्मिएका ४५ वर्षीय कामिरिताले पहिलोपटक १३ मे १९९४ मा सगरमाथाको चुचुरो चुमेका थिए, त्यतिवेला उनी उनी २४ वर्षका थिए।

सगरमाथा आरोहण अभियानमा सपोर्ट स्टाफका रूपमा कामिरिताको पर्वतारोहण यात्रा सुरु भएको थियो। त्यसयता सन् १९९६, सन् २००१, सन् २०११, सन् २०१४, सन् २०१५ र सन् २०२० मा बाहेक सबै वर्ष सगरमाथाको शिखरमा पुगेका छन्। सन् २०१५ मा भूकम्पका कारण र सन् २०२० मा कोभिड महामारीका कारण एउटै आरोहण भएको थिएन। उनले सन् २०१९, सन् २०२३ र सन् २०२४ मा एउटै सिजनमा दुई-दुईपटक सगरमाथा चढेको रेकर्ड छ।

द्रुतमार्गमा अर्को सफलता, दोस्रो सुरुङमार्ग छिचोलियो

नयाँ पत्रिका

नेपाली सेनाको व्यवस्थापनमा निर्माणाधीन राष्ट्रिय गौरवको काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजनाको अर्को सुरुङ पनि छिचोलिएको छ। प्याकेज २ मा रहेको मकवानपुरको बकैया गाउँपालिकामा निर्माणाधीन सुरुङमार्गको जोडी सुरुङमध्ये १,६५३ मिटर लम्बाइ रहेको निजगढबाट काठमाडौंतर्फ आउने सुरुङमार्ग शुक्रबार छिचोलिएको सेनाले जनाएको छ।

यसअघि ४ जेठमा लेनडाँडा सुरुङमार्गको जोडी सुरुङमध्ये काठमाडौंबाट निजगढतर्फ जाने १,६३३ मिटर लम्बाइको सुरुङमार्ग छिचोलिएको थियो। शनिबार धेद्रेमा आयोजित कार्यक्रममा रक्षामन्त्री हरिप्रसाद उप्रेती, प्रधानसेनापति महारथी प्रभुराम शर्मा, रक्षासचिव किरणराज शर्मालगायत सहभागी थिए। रक्षामन्त्री उप्रेतीले गत हप्ता छिचोलिएको लेनडाँडा सुरङमार्गलगायत द्रुतमार्गका निर्माणाधीन संरचनाको अवलोकन गरेको सैनिक प्रवक्ता सहायकरथी गौरवकुमार केसीले बताए।

द्रुतमार्ग सडक आयोजनाअन्तर्गत ६ सुरुङमार्गमध्ये लेनडाँडाका दुईवटा सुरुङमार्ग छिचोलिएको हो। ललितपुरको खोकनादेखि निजगढसम्म द्रुतमार्गको कुल लम्बाई ७२.५ किलोमिटर छ भने द्रुतमार्ग ११ वटा



प्याकेजमा छ। केसीका अनुसार १० वटा प्याकेजको ठेक्का प्रक्रिया पूरा भएका छन्।

द्रुतमार्गमा जम्मा ११ किलोमिटरमा ८७ पुल निर्माण हुनेछन् भने कुल साढे ६ किलोमिटरमा तीन जोडी (६ वटा) सुरुङमार्ग निर्माण हुनेछन्। महादेवडाँडा, धेद्रे र लेनडाँडामा सुरुङ निर्माण हुनेछन्। द्रुतमार्गमा एकतर्फी यातायात सञ्चालन हुने गरी जुम्ल्याहा सुरुङमार्ग निर्माण हुनेछ।

सरकारले १ वैशाख ०७१ मा द्रुतमार्ग निर्माणका लागि जिम्मा सेनालाई दिएको थियो। द्रुतमार्ग सम्पन्न हुने अवधि दुई वर्ष थपिएर ०८३ वैशाख पुगेको छ। सरकारले १ भदौ ०७६ मा डिपिआर स्वीकृत गरेको थियो। त्यही मितिबाट साढे चार वर्ष (०८१ पुससम्म)मा द्रुतमार्ग निर्माण सक्ने लक्ष्य सेनाको थियो। तर, कोरोना महामारी र ठेक्का प्रक्रियामा भएको कानुनी ढिलाइलगायत कारण निर्माण सम्पन्न हुने समयसीमा ०८३ पुगेको छ।

नेपालमा कोभिडको नयाँ भेरियन्ट पुष्टि

नयाँ पत्रिका

नेपालमा पुनः कोभिड- १९ को नयाँ भेरियन्ट देखिएको छ। हाल विभिन्न देशहरूमा देखिइरहेको भनिएको 'केपी.१' र 'केपी.२' नामक नयाँ दुईवटा भेरियन्ट नेपालमा पनि पुष्टि भएको हो।

हाल देखिएका यी नयाँ भेरियन्टहरू ओमिक्रोनका नयाँ सबभेरियन्ट भएको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले जनाएको हो। प्रयोगशालाका अनुसार गएको दुई महिनायता देशभर कोरोना संक्रमण देखिएका ४२ नमुनाको जिन सिक्वेन्सिङ गर्दा १२ जनालाई ओमिक्रोन भेरियन्टको सबभेरियन्ट 'केपी.१' र १७ जनामा 'केपी.२' , एकजनामा 'केपी.३' र एकजनामा 'केपी.४' पुष्टि भएको हो।

पछिल्लो समय विभिन्न जिल्लाहरूमा देखिएका कोभिडको नमुना संकलन गरेर जिन सिक्वेन्सिङ गरिएको थियो। जसमध्ये ४२ वटैमा ओमिक्रोनका सबभेरियन्टहरू भेटिएको हो। जसमध्ये ३१ जनामा केपी भेरीयन्ट भेटिए पनि अन्य नमुनामा भने पुरानै भेरियन्टहरू भेटिएको प्रयोगशालाले जनाएको छ। प्रयोगशालाका अनुसार सातजनामा जेएन १, दुईजनामा बिए २ देखिएको हो। यी भेरियन्टहरू हाल खासै सक्रिय छैनन्।

तर, उच्च संक्रामक मानिएको केपी भेरियन्टको संक्रमण बढी देखिएको हो। छिटो फैलिइरहेका कारण विश्व स्वास्थ्य संगठनले केपी भेरियन्टलाई अन्डर मोनिटरिङमा समेत राखेको छ। भारत, चीन, थाइल्यान्ड, सिंगापुर, अस्ट्रेलिया, न्युजिल्यान्ड र युकेमा समेत पछिल्लो समय फैलिइरहेको यो भेरियन्ट निकै संक्रामक मानिएको छ। यी भेरियन्टहरूले गत डिसेम्बरमा सिंगापुरमा कोभिड संक्रमणको लहर नै ल्याएको थियो।

भारतमा गत जनवरीमा मात्रै पुष्टि भए तापनि संक्रमण बढी नदेखिएको बताइएको थियो। तर, अमेरिकामा भने गत मेमा कुल संक्रमणको २८ प्रतिशतमा केपी १ र केपी २ पुष्टि भएको थियो। संक्रमण फैलिएका यी देशहरूले नयाँ भेरियन्टहरू बढी संक्रामक भए पनि अत्यधिक जोखिमपूर्ण भने नदेखिएको बताउँदै आएका छन्।

सहकारीको ऋण...

पृष्ठ १ बाट क्रमशः

नौ अर्ब ५६ करोड २६ लाख २९ हजार ६६१ रुपैयाँबराबर छ। शर्मादम्पतीका नाममा मात्र कुल एक अर्ब ६२ करोड ८० लाख रुपैयाँको सम्पत्ति देखिएको छ। दुवै गरेर कुल ११ अर्ब १९ करोड ६ लाख २९ हजार ६६१ रुपैयाँको एकीकरण भएको देखिन्छ। उक्त रकम सम्पत्ति शुद्धीकरण भएको ठहर गर्दै विभागले मुद्दाको प्रतिवेदन तयार गरेको छ।

गैरकानुनी स्रोतबाट आर्जित सम्पत्ति शुद्धीकरण गरेको आरोपमा विभागले शर्मादम्पतीविरुद्ध कुल ३२ अर्ब ९० करोड ५२ लाख ५२ हजार २९१ रुपैयाँ बिगो मागदाबी गरेको छ। त्यसमध्ये केदारनाथलाई मुख्य कसुरदार ठहर गरेर २२ अर्ब ८१ करोड ९२ लाख ९० हजार ४१५ रुपैयाँ बिगो दाबी गरिएको छ। सम्पत्ति शुद्धीकरण कानुनबमोजिम उक्त बिगोको दोब्बर जरिवाना र कसुरको मात्रा हेरी दुईदेखि १५ वर्षको कैद तथा थप १० प्रतिशत सजाय र शुद्धीकरण गरिएको बिगो जफतको मागदाबी विभागले गरेको छ।

त्यस्तै, पत्नी गीतालाई पनि मुख्य कसुरदारकै भूमिकामा मुद्दा दायर भएको छ। उनीविरुद्ध ५२ करोड ३३ लाख ३२ हजार २४१ रुपैयाँ बिगो कायम गरेर त्यसको दोब्बर जरिवाना र कसुरको मात्रा हेरी २ देखि १५ वर्षको कैद तथा शुद्धीकरण गरिएको बिगो जफतको माग दाबी विभागले गरेको छ। शर्मादम्पतीको नाममा दर्ता भएका कम्पनीलाई पनि विभागले प्रतिवादी कायम गरेको छ।

सम्पत्ति शुद्धीकरण गर्न धुलाइ मेसिन (लाउन्ड्रोम्याट)का रूपमा कानुनी व्यक्तिको प्रयोग भएको भन्दै ती कम्पनीविरुद्ध प्राकृतिक व्यक्तिलाई हुने सजायको पाँच गुणासम्म र बिगो जफत गर्न माग दाबी गरिएको छ। यसको बिगो नौ अर्ब ५६ करोड २६ हजार २९ हजार ६६१ रुपैयाँ छ।

मतियारको भूमिकामा रहेको ठहर गर्दै सविना न्यौपाने, मन्दीप खवास, तेजबहादुर तामाङ, पुस्कर मल्ल, सुशील बानियाँ र प्रदीप भट्टराईलगायतलाई पनि विभागले प्रतिवादी कायम गरेको छ। उनीहरूविरुद्ध मुख्य कसुरदार (शर्मादम्पती)लाई कायम गरेको सजायको आधा सजाय र केदारनाथले लुकाएको सम्पत्ति जफतको माग दाबी गरिएको छ।

यसरी भयो सम्पत्ति शुद्धीकरण

भक्तपुर केन्द्रीय कार्यालय रहेको शिव शिखर र मोरङ केन्द्रीय कार्यालय रहेको तुलसी बहुमुखीको प्रमुख नियन्त्रणकर्ता शर्मादम्पति नै हुन्। यी सहकारीमा बचतकर्ताले गरेको बचत रकमलाई अपचलन गरेर आर्जित सम्पत्ति शुद्धीकरणका लागि ४० कम्पनी खोलिएका हुन्। यी कम्पनी सम्पत्ति शुद्धीकरण गर्ने प्रयोजनका लागिमात्र खोलिएका 'डमी' कम्पनी हुन्। सबै कम्पनीका प्रत्यक्ष हित र नियन्त्रणकर्ता शर्मादम्पती हुन्।

शिखर अर्गनाइजेसन लिमिटेड, गार्डेन मार्ट, शिव शिखर एग्रो, शिखर दीप एग्रोलगायत १० कम्पनीलाई विनाधितो विनाब्याज शिवशिखर बहुउद्देश्यीय सहकारीले पाँच अर्ब १३ करोड ५७ लाख ६१ हजार १७४ रुपैयाँ कृत्रिम ऋण दिएको देखिएको छ। त्यस्तै, गार्डेनमार्ट तुलसी मोटर पम्प, तुल्सी अनुसन्धान केन्द्र, तुल्सी राइस एन्ड चिउरा उद्योग, शिखर अर्गनाइजेसन लिमिटेड, नटराज एग्रो प्रालि, गोरखा टी एन्ड कफी उद्योगलगायत आठ कम्पनीमार्फत सहकारीमा एक अर्ब १६ करोड ११ लाख ८० हजार ९४७ रुपैयाँ कृत्रिम ऋण सिर्जना गरी अपचलन गरेको अनुसन्धानबाट खुलेको छ। शिवशिखर र तुलसी बहुमुखीले विनाधितो र विनाब्याज कृत्रिम ऋण सिर्जना गरी कुल ६ अर्ब २९ करोड ६९ लाख ४२ हजार १२१ रुपैयाँअपलचन गरेको देखिएको छ।

यसका अतिरिक्त शर्मादम्पतीले शिवशिखरबाट एक अर्ब ११ करोड ६३ लाख २२ हजार ४२५ र तुल्सी बहुमुखीबाट १६ करोड ९७ लाख ४२ हजार ५४० रुपैयाँ सीधै अपचलन गरेको आरोपपत्रमा उल्लेख छ। दुई सहकारीबाट र शर्मादम्पतीसमेतले गरेकोसहित कुल सात अर्ब ५८ करोड ३० लाख सात हजार ८६ रुपैयाँ गैरकानुनी स्रोतको प्राप्ति देखिएको छ। कसुरबाट आर्जित यही स्रोतलाई शुद्धीकरण गर्ने प्रयत्न चरणबद्ध रूपमा भएका छन्।

गैरकानुनी रूपमा आर्जन गरेको सात अर्ब ५८ करोड रुपैयाँ नै बैंकखातामा ट्रान्सफर भएको भेटिन्छ। सम्पत्ति शुद्धीकरण कानुनको व्याख्याअनुसार यस्तो कार्यलाई 'प्लेसमेन्ट' भनिन्छ। यसरी प्लेसमेन्ट गरेको सम्पत्ति शुद्धीकरण गर्न विभिन्न क्षेत्रमा लगानी तथा कारोबार गरेर तहीकरण गरिएको थियो। यस क्रममा केदारनाथले आफ्ना विभिन्न ४० कम्पनीमा तीन अर्ब ६० करोड ४८ लाख ४३ हजार ३३१ र गीताले आफ्ना विभिन्न नौ कम्पनीमा ३५ करोड ३४ लाख ४६ हजार २४१ रुपैयाँ लगानी गरेका थिए।

विभिन्न १३ कम्पनीको ६ अर्ब १८ करोड ८३ लाख ३६ हजार १९४ रुपैयाँ बिक्री देखिएको छ। तर, बिक्री देखिएकोमध्येको ३१ प्रतिशत कारोबार आफ्नै कम्पनीबीचमा छ। त्यस्तै, तिनै १३ कम्पनीको चार अर्ब २५ करोड ३१ लाख ६३ हजार ६०४ रुपैयाँको खरिद देखिन्छ। यो खरिदको ४१ प्रतिशत खरिद आफ्नै कम्पनीबीचमा देखिएको छ। यसबाट कम्पनीबीच कृत्रिम कारोबार भएको पुष्टि भएको छ। कारोबार ठूलो देखाएर त्यसका आधारमा बैंकबाट ऋण लिन सजिलो हुने हेतुले आफ्नै कम्पनीबीच कारोबार गरेको देखिएको छ।

शर्माका १३ वटा कम्पनीले दुई अर्ब ९० करोड ७१ लाख ३६ हजार ३४२ अल्पकालीन र १२ कम्पनीले एक अर्ब ९२ करोड २७ लाख २२ हजार ७४८ रुपैयाँ दीर्घकालीन ऋण लिएको देखिन्छ। यो ऋण दिनेमा ६ वटा ठूला वाणिज्य बैंक नै छन्।

शर्मादम्पती घरजग्गा कारोबारमा पनि संलग्न रहेका थिए। खरिद र बिक्री गरेर उनले ६६ करोड ८१ लाख ६४ हजार रुपैयाँको घरजग्गा कारोबार गरेको देखिन्छ। त्यस्तै, गीताले १५ करोड १६ लाख ३८ हजार १४ रुपैयाँको घरजग्गा कारोबार गरेकी थिइन्। कारोबारलाई वैध देखाउन उच्च मूल्यमा उनीहरूले आफ्नै कम्पनीलाई घरजग्गा बिक्री गर्नेसम्मको गतिविधि देखिएको छ। नटराज एग्रोलाई १७ करोड ४९ लाख ७५ हजार र शिखर दीप एग्रोलाई ५८ लाखको बिक्री गरेको देखाइएको छ। विभिन्न कम्पनीका नाममा तीन अर्ब रुपैयाँसम्मको जग्गा किनिएको थियो।

मन्दीप खवास र सविना न्यौपानेका नाममा तीन करोड २४ लाख रुपैयाँ सम्पत्ति लुकाइएको पनि देखिएको छ। दम्पतीको खाताबाट एक अर्ब १३ करोड ११ लाख ३० हजार रुपैयाँ झिकेर एक अर्ब ४० करोड दुई लाख १० हजार रुपैयाँ जम्मा गरेको देखिएको छ। यसरी एक खाताबाट अर्को खातामा रकमान्तर गरी कारोबार वैध बनाउने प्रयास भएको अनुसन्धानबाट देखिएको छ। गैरकानुनी स्रोतबाट आर्जित सम्पत्ति राख्ने (प्लेसमेन्ट) र तहीकरण गरेर अन्ततः एकीकरण (प्रयोग र धारण) गरेको देखिन्छ।

संसदीय...

पृष्ठ १ बाट क्रमशः

छ। शीर्ष दलको बैठकमा सहभागी कांग्रेस प्रमुख सचेतक रमेश लेखक र एमाले प्रमुख सचेतक महेश बर्तौलाका अनुसार बैठकमा टिओआरका विषयमा भएको छलफल सकारात्मक छ।

लेखकले कांग्रेस व्यक्तिको नामका विषयमा लचक बन्ने संकेत गरे। भाषाशैलीमार्फत गृहमन्त्रीमाथि छानबिनको सुनिश्चित गरे कांग्रेसले लचकता देखाउने उनको भनाइ छ। 'संसदीय समिति बनाउने भन्ने भएकै छ। समितिको टिओआरको विषयमा कार्यदलमा छलफल भइरहेको छ। शीर्ष तहमा छलफल सकारात्मक भएको छ,' उनले भने, 'समिति बनाउनेतर्फ सबैको जोडबल छ। यहाँ कुरा व्यक्तिको होइन मुख्य मुद्दा विभिन्न सहकारीबाट रकम अपचलन भएको भन्ने हो। मुख्य रूपमा गृहमन्त्रीको पनि संलग्नता रहेको देखिएको छ भन्ने सवाल हो। त्यो विषय सम्बोधन हुनुपर्‍यो, कुन भाषाशैलीमा भन्ने त बसेर मिलाउनुपर्‍यो।'

एमालेका प्रमुख सचेतक बर्तौलाले संसद् र संसदीय समितिको गरिमा र मर्यादा ख्याल गर्दै गृहमन्त्री लामिछानेको नाम नराख्ने तथा समग्र सहकारीको छानबिनबाट पीडितले न्याय पाउनेगरी समिति बनाएर कार्यादेश टुंग्याउने एक प्रकारको समझदारी बनिसकेको बताए।

'कार्यादेशका सन्दर्भमा संसद्‌को मर्यादा कायम हुने गरी सांसदहरूलाई कुन तहसम्म छानबिनमा लैजाने भन्ने गरी जानुपर्छ भन्ने कुराकानी भयो, उहाँहरू (कांग्रेस नेता) हामी आन्तरिक छलफल पनि गर्छौं भनेर उठ्नुभएको छ,' बर्तौलाले नयाँ पत्रिकासँग भने, 'शनिबार कार्यदलमा कुरा मिल्छ। रवि लामिछानेको नाम नराखीकनै अन्तिम रूप दिने एक प्रकारको सहमति भएको छ।'

रास्वपका नेता तथा कार्यदलका सदस्य शिशिर खनालले शुक्रबारसम्म पुग्दा नेताहरू सहमति नजिक पुगेको बताए। 'छानबिनअघि नै व्यक्तिलाई दोषी देखिने गरी संसदीय छानबिन समिति बनाउन हुँदैन भनेर हामीले सुरुबाटै भन्दै आएका हौँ। त्यो अडान शुक्रबारको बैठकमा पनि राख्यौँ। तर, आजसम्म पुग्दा ९० प्रतिशत कुरामा कांग्रेससँग सहमत छौँ। कांग्रेस केही लचक भएर त्यसको विकल्प मागेको छ। शनिबार दिउँसो ३ बजे बैठक बसेर थप छलफल गर्छौं,' उनले भने।

बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र एमाले अध्यक्ष केपी ओलीले लामो समयदेखि सदन अवरोध हुँदा गलत सन्देश गएकाले निकास दिन कांग्रेस नेताहरूको ध्यानाकर्षण गराएका थिए। ओलीले सभामुखको भूमिकामाथि प्रश्न उठाएर कांग्रेसले गलत काम गरेको भन्दै संसद् संसद्को नियम र संसदीय मर्यादाअनुसार नै सञ्चालन भइरहेको बताएका थिए। बैठकमा कांग्रेसका वरिष्ठ उपसभापति पूर्णबहादुर खड्का, महामन्त्री गगन थापा, नेता कृष्ण सिटौलालगायतको उपस्थिपति थियो।

कांग्रेस नेता बैठकबाट बाहिरिएपछि प्रधानमन्त्री प्रचण्ड र एमाले अध्यक्ष ओलीसहित सत्तापक्षका नेताहरूले अलग्गै छलफल गरेका थिए। त्यसक्रममा संसदीय मर्यादा कायम हुनेगरी समिति बनाएर सदन अवरोध खुलाउन अधिकतम लचक बन्ने, नीति तथा कार्यक्रम सदनबाटै पास गर्ने र बजेट सदनमै प्रस्तुत गर्नेनिष्कर्ष निकालिएको एमाले प्रमुख सचेतक बर्तौलाले बताए।

शुक्रबार कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय सिंहदरबारमा बसेको कार्यदलको चौथो बैठकमा कांग्रेसले समिति गठनबारे चारबुँदे प्रस्ताव गरेको थियो। कांग्रेसको प्रस्तावमा सत्तारूढ दलले व्यक्तिको नाम तोकेर समिति बनाउन नसकिने दोहोर्‍याएका थिए।

व्यास...

पृष्ठ १ बाट क्रमशः

छ। आदेशमा मतगणना पोखरामा गर्न भनिए पनि कुन स्थान भनेर तोकिएको छैन। अदालतले पुनः मतगणना गर्न लाग्ने खर्च व्यवस्थापन र आवश्यक सहयोगका लागि निर्वाचन आयोगमा प्रतिवेदन पेस गर्न उच्च अदालतका रजिस्ट्रारका नाममा समेत आदेश गरेको छ। उच्च अदालतका रजिस्ट्रारले स्थान तोक्ने जोशीका कानुन व्यवसायी वरिष्ठ अधिवक्ता हरिप्रसाद सुवेदीले जानकारी दिए।

खसेभन्दा थप ४४५ मत गणना

व्यासमा मेयर पदमा खसेको मतभन्दा बढी गणना गरिएको अदालतको ठहर छ। व्यासमा ३० हजार १८३ मत खसेको थियो। अदालतले मतगणनासम्बन्धी फाराम हेर्दा मेयर पदका प्रत्याशीले २५ हजार ५९५ मत प्राप्त गरेका छन् भने चार हजार ५८८ मत बदर भएको देखिन्छ।

तर, बदर मत गणनासम्बन्धी अनुसूचीको फाराममा उल्लेख भएको बदर मतसँग नमिलेको अदालतको ठहर छ। मेयर पदका उम्मेदवारले पाएको मत र बदर मतको संख्याले खसेको मत भनेर उल्लेख भएको मत ३० हजार १८३ छ। निर्वाचन अधिकृतको कार्यालयले मतपरिणाम घोषणा गर्दा बदर मतमा ४ सय ४५ मत थप गरेको देखिन्छ, जुन खसेको मतभन्दा ४४५ मत बढी हुन्छ। स्वतन्त्र उम्मेदवार दीपकराज जोशी २५२ मतान्तरले हारेका थिए। कांग्रेसका वैकुण्ठनाथ न्यौपानेले १२ हजार ७८ र जोशीले ११ हजार ८२६ मत पाएका थिए।

प्रत्याशीको ३० मत जोडिएन

व्यास नगरपालिका- १० को १००१ देखि ११०० सम्मको मतगणना फाराममा निवेदक (दीपकराज जोशी)ले ३० मत प्राप्त गरेको देखिए पनि उनले प्राप्त गरेको कुल मतमा नजोडिएको फैसलाको पूर्ण पाठमा उल्लेख छ। जोशीले वडा नम्बर १० बाट ९६८ मत प्राप्त गरेका थिए। तर, मतपरिणाम घोषणा गर्दा ९३८ मत मात्र जोडिएको पाइएको छ।

केही मतदान केन्द्रमा खसेकोभन्दा बढी मत प्राप्त भएको, मतगणना गर्दा गडबडी, धाँधली गरेर षड्यन्त्रपूर्वक हराइएको भन्दै जोशीले सुरुमा मुख्य निर्वाचन अधिकृतको कार्यालय तनहुँमा उजुरी दिएका थिए। उजुरीको सुनुवाइ नभएपछि उनी १२ जेठ ०७९ मा अदालत पुगेका थिए।

ढुंगाखानीसँगै...

पृष्ठ १ बाट क्रमशः

सदरमुकाम चरिकोटदेखि ५५ किलोमिटर उत्तरपूर्व (समुद्री सतहबाट १८ मिटर उचाइ)मा पर्छ, आलाम्पुको दोरोङस्थित स्लेटखानी। मेकबहादुरको बाजे बाइसुरे थामीले झन्डै डेढ सय वर्षअघि अन्वेषण गरेका थिए, दोरोङस्थित स्लेटखानी। त्यसवेला बाइसुरेले स्लेट उत्खनन गर्न दोक्चे थामी, आङ् काला(श्रीमान्) थामी र मेहतार थामीको सहयोग लिएका थिए। पछि उनीहरूसँग स्थानीय पन्जु थामी पनि मिसिए। सोही वेलादेखि निरन्तर उत्खनन हुँदै आएको खानी कोभिड-१९ को संकटपछि संरक्षण क्षेत्रले एकाएक बन्द गर्‍यो। जसबाट मेकबहादुरको पुर्ख्यौली पेसामा संकटको बादल मडारियो।

बिलखबन्धनमा परेका मेखबहादुरले भने, 'मेरो बाजेले डेढ सय वर्षअघि नै स्लेटखानी पत्ता लगाएका रहेछन्। छिमेकी बाजे दोक्चे, आङ्काला र मेतार मिलेर ढुंगा झिके। दोरोङखानीमा ढुंगा निकाल्ने काम त्यही वेलाबाट सुरु भयो। जुन कोभिड-१९ सम्म ढुंगा झिक्ने काम हुँदै आयो। अहिले आएर एकाएक बन्द भयो। हाम्रो त रोजीरोटी नै खोसियो। घरमा चुलो बल्ने अवस्था छैन। अब कसरी बाँच्ने सोच्न सकिएको छैन।'

बाइसुरे, दोक्चे, आङ्काला र मेतारले त्यसवेला हाल प्रयोग आएजस्तो आकार-प्रकारमा स्लेट उत्खनन गर्न जानेका थिएनन्। स्लेटबाट घर छाउन सकिने सीप पनि उनीहरूले जानिसकेका थिएनन्। त्यसो हुँदा उनीहरूले खानीबाट उत्पादित स्लेट सानातिना घरायसी काममा प्रयोग गर्दै आएका थिए। यही क्रममा खड्काहरू गाउँमा बसाइँ सरेर आए। उनीहरूले सिन्धुपाल्चोकस्थित गाउँका केही घर ढुंगाका स्लेटले छाएको देखेका थिए। त्यस्तै, ढुंगा दोरोङस्थित खानीबाट पनि निस्कने गरेको सूचना उनीहरूले पाए।

खड्काहरू आलाम्पुस्थित थामीबस्तीमा पुगे। खानीबाट उत्पादित ढुंगा उपलब्ध गराउन आग्रह गरे। तर, घरको छाना छाउने आकारमा ढुंगा उत्पादन गर्ने सीप थामीहरूले जानिसकेका थिएनन्। खड्काहरूकै सूचनापछि उनीहरू सीप सिक्न सिन्धुपाल्चोक पुगे। स्लेट बनाउने सिप सिके। फर्किंदा कालिगढ पनि सँगै लिएर आए। उनीहरूलाई दोरोङस्थित खानी लगे। खानेबस्ने सबै सुविधा उपलब्ध गराए। र, भटाभट आवश्यक आकारमा स्लेट उत्पादनमा जुटे।

उत्पादित स्लेटबाट आलाम्पुका थामीले पहिलोपटक स्थानीय खड्काको घर छाए। सोही ढुंगा लगेर बिगुस्थित गुम्बा पनि छाए। दोलखामा दोरोङस्थित खानीबाट उत्पादित स्लेटले घर छाउने क्रम सोही वेलादेखि सुरु भयो। तर, संरक्षण क्षेत्रले दुई वर्षदेखि हठात् खानी बन्द गराउँदा मेक बहादुरजस्तै आलाम्पुका २५० स्थानीय थामी घरधुरीको रोजीरोटी संकटमा परेको छ।

बिगु गाउँपालिकाकी उपाध्यक्ष देविका थामीले भनिन्, 'आलाम्पुका थामीहरूसँग खेती गर्ने पर्याप्त जग्गा-जमिन छैन। थोरै भएको जमिनबाट उत्पादित अन्नले दुई महिना पनि खान पुग्दैन। जीवन धान्न एक मात्रै स्रोत स्लेटखानी नै हो। तर, यो दुई वर्षदेखि बन्द छ। जसको प्रत्यक्ष मारमा स्थानीय थामी परेका छन्।'

खड्काको घर हुँदै बिगुस्थित गुम्बाको छानोसम्म पुगेपछि दोरोङखानीबाट उत्पादित स्लेटले तत्कालीन समाजमा पहिलोपटक 'ब्रान्डिङ' हुने अवसर पायो। खानीबाट उत्पादित स्लेट अब गाउँका घरानीय परिवारको घरका छानोमा पुग्यो। छ्वाली, फलेक र खरबाट छाइएका घरभन्दा स्लेटले छाइएका घर अलग्गै देखिए। सुन्दर मात्रै होइन, टिकाउसमेत हुने भएपछि दोरोङखानीबाट उत्पादित स्लेटको माग अन्य गाउँसम्म हुन थाल्यो। हुँदाहुँदा दोलखाका घरानियाँ परिवारको घर छाउन दोरङखानीको स्लेट अनिवार्यजस्तै बन्न पुग्यो।

खानीबाट मनग्य आम्दानी हुन थालेपछि आलाम्पुका स्थानीय थामीले खानीलाई आपसमा अंशबन्डा गरे। त्यसवेला छुट्याइएको अंश बाजेबाट बुबामा सर्दै अहिले नातिमा हस्तान्तरण भएर आइपुगेको छ। तर, उनीहरूसँग खानी उपभोगको स्थायी लालपुर्जा छैन। उनीहरूले बनाउन आवश्यक पनि ठानेनन्। तर, सरकारले २७ पुस ०६६ मा जब उक्त क्षेत्र संरक्षण क्षेत्रमा समावेश गर्‍यो, थामीहरूले उपभोग गर्दै आएको खानीबाट पुर्ख्यौली स्वामित्व गुमाए।

दोरोङखानीको स्लेट दोलखाको पूर्वोत्तर घरानियाँ घरका छानो हुँदै २०१३ सालतिर जब सदरमुकाम चरिकोट आइपुग्यो, बल्ल आलाम्पुस्थित दोरोङको स्लेटखानी सरकारको जानकारीमा आयो। अब सरकारले खानीबाट उत्पादित स्लेट बिक्रीमा कर लगाउने निधो गर्‍यो। पुर्ख्यौली पेसा उपभोगमा एकाएक कर तिर्नु परेपछि स्थानीय थामी विद्रोहमा उत्रिए। उनीहरूले कर तिर्न इन्कार गरे।

तर, प्रशासनले दबाब दिइरह्यो। आजित भएका स्थानीय थामी २०३३ मा सदरमुकाम चरिकोट आए। तत्कालीन जिल्ला पञ्चायत कार्यालय अगाडि धर्ना कसे। करिब साता दिनको आन्दोलनपछि तत्कालीन प्रशासन र स्थानीय थामीबीच वार्ता भयो। र, खानी स्थानीय थामीले नै उपभोग गर्न पाउने गरी बोलपत्र आह्वान गर्ने र बिक्री वितरण गरेबापत कर तिर्ने सहमति भयो।

त्यसवेला आन्दोलनमा सहभागीमध्येका बिगु गापा-६ आलाम्पुका स्थानीय ६२ वर्षीय धनबहादुर थामीले भने, 'जिजुबाजेदेखि हामीले खानी उपभोग गर्दै आएका हौँ। त्यसवेला भएका अंशबन्डा यद्यपि कायम छ। सरकारले अति गरेपछि हामी ०३३ सालतिर आन्दोलन गर्न चरिकोट गयौँ। जिल्लामा धर्ना बस्यौँ। पछि खानी थामीले नै उपभोग गर्न पाउने गरी टेन्डर निकाल्ने सहमति भयो। तर, कर लिने व्यवस्था भने हटाउन सकिएन।'

जिल्ला प्रशासन कार्यालय दोलखाको तथ्यांकअनुसार आलाम्पुका स्थानीय थामीले तत्कालीन सरकारलाई चर्को शुल्क तिरेर पुर्ख्यौली खानीबाट स्लेट उत्खनन गर्दै आएको देखिन्छ। तत्कालीन जिल्ला पञ्चायत दोलखाले २५ असार ०४३ मा आलाम्पुका स्थानीय धनवीर थामीलाई खानीको स्लेट उत्खनन गर्न अनुमति दिएको देखिन्छ। जसमा करको दर पनि उल्लेख गरिएको छ। खानीबाट स्लेट उत्पादन गर्न उनलाई प्रत्येक ६ महिनामा एकमुस्ट तीन हजार ३८८ रुपैयाँ बुझाउन भनिएको छ। करको दर महँगो भएपछि आलाम्पुका अन्य स्थानीय थामीले स्लेट उत्खनन गर्न अनुमति लिन सकेनन्। तर, स्टेल उत्खनन गर्न भने रोकेनन्। तत्कालीन सरकारसँग उनीहरूले गरेको यो अर्को मौन विद्रोह थियो।

बिगु गापा-६ का स्थानीय कर्णबहादुर थामीले भने, 'आलाम्पु थामीको आदिभूमि हो। ढुंगाखानी उनीहरूले नै पत्ता लगाए। उत्खनन पनि उनीहरूले नै गरे। तर, सरकारले पछि चर्को कर लगायो। जुन स्थानीय थामीको पहुँचभन्दा बाहिर थियो। उनीहरूले सरकारलाई कर तिर्न इन्कार गरे। तर, उत्खनन रोकेनन्।'

०४८ पछि आलाम्पुकै अर्का स्थानीय लालबहादुर थामीले पनि ढुंगा उत्खनन गर्न अनुमति लिए। ०५० सम्म चर्को कर तिरेरै भए पनि कम्पनी नवीकरण गराइरहे। तर, उनले त्यसलाई निरन्तरता दिन सकेनन्। पछि दोक्याङ गैरा सामुदायिक वनभित्र खानी पर्‍यो। वनको उपभोक्ता स्थानीय थामी नै थिए। त्यसो हुँदा खानीबाट स्टेल उत्खनन गर्न उनीहरूलाई केही सहज भयो। जब सरकारले २७ पुस ०६६ मा उक्त क्षेत्रलाई गौरीशंकर संरक्षण क्षेत्रभित्र समेट्यो, स्थानीय थामीको दुर्दिन त्यही बिन्दुबाट सुरु भयो।

खानी मात्रै होइन, थामीहरूको घना बस्ती रहेको आलाम्पु, क्यार्थल, नाङ्गारा, बिगु, स्याँखु, थामी चागु, खोपा चागु, चिलंखालगायत क्षेत्र अहिले संरक्षण क्षेत्रभित्र पर्छन्। संरक्षण क्षेत्रको अनुमतिविना उनीहरूले खानी उत्खनन गर्न त पाएनन् नै, घरनजिकको जंगलबाट घाँस-दाउरा गर्नसमेत वञ्चित भए।

रन्थनिएका थामी बिगु गापा-४ सिँगटीस्थित संरक्षण क्षेत्रको कार्यालय पुगे। कार्यालयले केही अवधि खानी उत्खनन गर्न र स्थानीय जंगलबाट घाँस-दाउरा उपभोग गर्न अस्थायी पुर्जी जारी गर्‍यो। तर, त्यसबापत संरक्षण क्षेत्रले चर्को कर असुल्यो। अर्कोतर्फ तत्कालीन जिल्ला विकास समिति (हाल जिल्ला समन्वय समिति)ले पनि उनीहरूबाट कर असुल्यो। रोजीरोटी जोहो गर्नुपर्ने बाध्यताका कारण थामीहरूले सरकारलाई दोहोरो कर तिरिरहे। तर, जब संरक्षण क्षेत्रले दुई वर्षदेखि पुर्जी दिन बन्द गर्‍यो। थामीहरूको रोजीरोटी बन्द भयो।

आलाम्पुमा थामीको मात्रै दुई सय ५० भन्दा धेरै घरधुरी छ। जग्गाजमिन सरदर प्रतिघरपरिवार तीन रोपनीभन्दा धेरै छैन। उत्पादन भएको अन्नले दुई महिना पनि खान पुग्दैन। त्यसो हुँदा रोजीरोटीका लागि आलाम्पुका स्थानीय थामीको स्लेटखानीभन्दा अर्को विकल्प छैन। खानी एकाएक बन्द भएपछि वर्ष दिनयता आलाम्पुबाट मात्रै २५ भन्दा धेरै घरधुरी थातथलो छाडेर भारतको पूर्वोत्तर दार्जीलिङ हिँडेका छन्। उनीहरूका घरमा अहिले ताला झुन्डिएको देखिन्छ।

बिगु गापा-६ का वडाअध्यक्ष टहलबहादुर थामीले भने, 'खानी बन्द भयो। स्थानीय थामीको रोजीरोटी टुट्यो। बाँच्नै गाह्रो भएपछि स्थानीय थामी थातथलो छाडेर सपरिवार दार्जीलिङ हिँडेका छन्। पछिल्लो वर्षदिनयता आलाम्पुबाट मात्रै २५ भन्दा धेरै घरधुरी दार्जीलिङ हिँडे। अवस्था देख्दा विरक्त लाग्छ।'

रोजगारको खोजीमा स्थानीय थामी गाउँ छाडेर बसाइँ हिँडेपछि विद्यालयमा विद्यार्थीको चाप पनि घटेको छ। आलाम्पुको एक मात्रै थम्पु माध्यमिक विद्यालयमा गत वर्ष २२५ विद्यार्थी थिए। अहिले घटेर १९८ मा आइपुगेको छ।

अलाम्पुका थामीको समस्या संसद्‌मा नउठेको होइन। बागमती प्रदेश सभामा उठ्यो। संघीय संसद्‌मा पनि उठ्यो। तर, समस्या समाधान हुन सकेन। बागमती प्रदेश सभाका सांसद ठूला थामीले आलाम्पुका थामीको समस्या संसद्‌मा पटक-पटक उठाएका छन्। तर, सम्बोधन नभएको छैन।

'कानुन पालना गरेका हौँ'

गौरीशंकर संरक्षण क्षेत्र राष्ट्रिय प्रकृति संरक्षण कोषमातहत सञ्चालित छ। पूर्वतर्फ सगरमाथा राष्ट्रिय निकुञ्ज, पश्चिममा लाङटाङ राष्ट्रिय निकुञ्जबीच क्षेत्रलाई समेटेर सरकारले ३ साउन ०६७ मा गौरीशंकर संरक्षण क्षेत्र घोषणा गर्‍यो। संरक्षण क्षेत्र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन ०२९ र संरक्षण क्षेत्र व्यवस्थापन नियमावली ०५३ अनुसार सञ्चालित छ।

ऐनको दफा ५ को उपदफा 'च'मा विनाअनुमति संरक्षण क्षेत्रभित्र खानी, ढुंगा, कंकड, माटोलगायत खनिज पदार्थ खन्न नपाइने उल्लेख छ। त्यस्तै, नियमावलीको नियम १६ को उपनियम 'ग'मा अनुमति नलिई संरक्षण क्षेत्रभित्र खानी, ढुंगा, कंकड, माटोलगायत खनिज पदार्थ खन्न नपाइने भनिएको छ। कानुनको सोही व्यवस्था कार्यान्वयन गरिँदा केही स्थानीयले असुविधा भोग्नुपरेको बिगु गापा-४ सिँगटीस्थित गौरीशंकर संरक्षण क्षेत्र आयोजनाका प्रमुख तुलसीप्रसाद दाहालले बताए।

उनले भने, 'आलाम्पुको स्लेटखानी संरक्षण क्षेत्रभित्र पर्छ। यसअघि उक्त क्षेत्रका स्थानीयलाई स्लेट उत्खनन गर्न पुर्जी दिने गरेका थियौँ। कोभिड-१९ पछि त्यसलाई रोकेका छौँ। बीचमा दिने कोसिस पनि भएको हो। तर, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय निकुञ्ज विभागलगायत निकायबाट स्पष्टीकरण सोधेपछि हाललाई पुर्जी दिने काम बन्द गरिएको छ।'

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्नयाँ
शनिबार १२ जेठ ०८१
nayapatrikaofficial @naya_patrika

कर्णालीमा अन्तर्राष्ट्रिय धावक जन्माउने 'गुरु'

अन्तर्राष्ट्रिय धावक हरिबहादुर रोकायाको नाममा कैयौँ कीर्तिमान छन् । कर्णालीमा जन्मिएर अन्तर्राष्ट्रिय मन्जिल चुमेका रोकायाले दुर्गम गाउँमै खेलाडी जन्माउन अहोरात्र मिहिनेत गरिरहेका छन् ।

हरिबहादुर रोकाया नेपालका कीर्तिमानी धावक हुन् । हाई अल्टिच्युडमा सबैभन्दा छिटो कुद्ने विश्व कीर्तिमान गिनिज बुकले सन् २००० मा उनको नाममा दर्ज गऱ्यो । जुम्लामा लामो समय खेलाडीलाई प्रशिक्षण दिएका रोकायाले गत वर्ष पुसमा अवकाश पाएका छन् । तर, उनी अहिले पनि स्वयंसेवक प्रशिक्षकका रूपमा कार्यरत छन् । कर्णालीमा जन्मिएर अन्तर्राष्ट्रिय मन्जिल चुमेका रोकायाले कर्णालीमै खेलाडी जन्माउन अहोरात्र मिहिनेत गरिरहेका छन् । **अन्वेषण अधिकारी**सँगको कुराकानीमा उनले आफ्नो खेलजीवन र दुर्गममा खेलाडी उत्पादन गर्दाको अनुभव यसरी साटे :



खेल

हरिबहादुर रोकाया, कीर्तिमानी धावक

जुम्लामा जन्मिएर ओलम्पिक खेल्नु चानचुने कुरा थिएन । अन्तर्राष्ट्रिय प्रतियोगितामा प्रतिस्पर्धा गर्दाको समय म काठमाडौंमा बसेर प्रशिक्षणमा सहभागी हुन्थेँ । अन्य समय जुम्लामा हुन्थेँ । ०५२ सालदेखि जुम्लामै बसेर खेलाडी उत्पादन गर्न थालेको हुँ ।

कतिपय खेलाडीहरू यस अवधिमा विदेश पलायन भए । मलाई पनि प्रस्ताव नआएको होइन । तर, विदेशको मोहले तानेन । एक छाक खाएर भए पनि देशमै बस्नुपर्छ भन्ने लाग्यो ।

हुनत काठमाडौंमै बसेर प्रशिक्षण गराउन पनि मलाई खासै समस्या थिएन । तर, सबै काठमाडौं बस्ने, गाउँमा राम्रो मानिस नबस्ने भएपछि खेलाडी कसरी उत्पादन हुन्छ भन्ने लाग्यो । जुम्लाबाटै दौडेर अन्तर्राष्ट्रिय प्रतियोगितासम्म पुगेको हुनाले भोलिका दिनमा पनि जुम्लामै खेलाडी उत्पादनमा लाग्नुपर्छ भन्ने लाग्यो ।

तर, जुम्लामा खेलाडीको परिवारलाई नियमित प्रशिक्षणका लागि कन्भिन्स गर्न नै गाह्रो थियो । खेलेर मात्रै के पाइन्छ भन्ने सोच अधिकांश परिवारमा थियो । बिस्तारै यो परिवर्तन हुँदै गयो ।

मैले गिनिज बुकमा रेकर्ड राखेपछि खेलेर पनि केही हुने रहेछ भन्ने सोच धेरैमा विकास भएको पाएँ । अहिले स्कुल बिदा हुँदा धेरैजना प्रशिक्षणमा आउँछन् । अन्यथा बिहान-बेलुकी थोरै खेलाडी (१९ देखि २५ जनासम्म) आउँछन् ।

एभरेस्ट म्याराथनमा वर्ल्ड रेकर्ड

मैले २०३९ सालदेखि एथलेटिक्स खेल्न थालेको हुँ । दुई वर्षपछि राष्ट्रिय एथलेटिक्स च्याम्पियनसिपमा खाली खुट्टा दौडेरै दुइटा पदक जितेँ । २०४४ र २०४५ मा दुईपल्ट उत्कृष्ट खेलाडी भएँ । पहिलोपटक अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्न इन्डोनेसिया गएको थिएँ । यहाँ सानो प्लेन मात्रै देखेको, त्यहाँ ठूलो प्लेन चढ्दा त अचम्मै लाग्यो । बैंककमा गोल्ड मेडल जित्दा म ढलेको थिएँ । पाँच हजार र १० हजारमा मेडल जितेको थिएँ । म ढलेकाले पुरस्कार अर्कैले थापिदियो । यो एउटा क्लबले आयोजना गरेको आमन्त्रण गेम थियो । १३ देशले भाग लिएका थिए ।

> देशलाई चिनाउन पाउँदा र आफैँ चिनिन पाउँदाको क्षण सम्झँदा खुसी लाग्छ । योभन्दा धेरै खुसी आफैँले प्रशिक्षण दिएका खेलाडीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मेडल जित्दा हुने रहेछ ।

तापक्रम उच्च भए पनि प्रतिस्पर्धा अवधिभर दौडिएर स्वर्ण जितेँ, तर रेस पूरा गर्नासाथ सहन नसकेर ढलेँ । कुद्दा त शरीर नै पाकेजस्तो भएको थियो ।

सन् १९९२ मा बार्सिलोना ओलम्पिकमा नेपालको झन्डा बोक्न पाएँ । दौडिएर म्याराथन पूरा गरेँ । यहाँ दौडिँदा गर्मीले बान्ता नै भएको थियो । शरीर नै पाकेजस्तो भए पनि दौडन छोडिनँ । त्यहाँ श्रीलंकाली खेलाडीलाई पछि पार्न पाएँ, त्यसैमा खुसी थिएँ । किनकि, दक्षिण एसियामा श्रीलंका त्यतिबेला निकै बलियो थियो । तीनपटक साफ गेम खेलेँ । यसमध्ये १९८३ मा कलकत्तामा कास्य पदक जितेँ ।

त्यतिबेला खेलाडी उत्पादनसँगै आफैँ पनि दौडमा सक्रिय थिएँ । जुम्लाको पहाडी भूभागमा दौडिएकाले मलाई अल्ट्रा म्याराथनमा सहज भयो । सन् १९९७, १९९९ र २००० मा एभरेस्ट म्याराथन जित्नुको एउटा कारण यही थियो । १७ हजार फिटबाट सुरु भएर ११ हजार ३ सय फिटमा आएर एभरेस्ट म्याराथन टुंगिएको थियो । १९९९ मा ३ घन्टा ५६ मिनेट १० सेकेन्ड र २००० मा ३ घन्टा ५० मिनेट २३ सेकेन्डमा म्याराथन पूरा गरेको थिएँ । हाई-अल्टिच्युडमा छिटो कुद्ने विश्व कीर्तिमान गिनिज बुकमा लेखाउन सकेँ । यसमा धेरै खुसी लाग्छ ।

२००३ मा पनि मैले एभरेस्ट म्याराथनमा प्रतिस्पर्धा गरेको थिएँ । तर, हाई लागेर राम्ररी दौडन सकिनँ । आफ्नै पुरानो रेकर्ड तोड्छु भनेर कडा मिहिनेत गरेको थिएँ । बिहान जुम्लाबाट दौडिएर रारा पुगेर बेलुकी फर्किन्थेँ । ४९ किलोमिटर जान र ४९ किलोमिटर फर्कन गरेर कुल ९८ किलोमिटर दैनिक कुदेको थिएँ ।

मैले यतिबेला पनि ४० वर्षमाथिको दौड जितेँ । तर ४० वर्षमुनिको दौड जित्न सकिएन । उमेरको ख्याल गर्दै यसपछि खेलाडी जीवनबाट सन्न्यास लिएँ ।

त्यसपछि प्रशिक्षणमा अझै धेरै ध्यान केन्द्रित भयो । जुम्लामा म एक्लो एथलेक्टिस प्रशिक्षक हुँ । गत पुसमा अवकाश पाइसके पनि मलाई अझै धेरै सक्रिय रहन मन छ । शरीरले साथ दिएसम्म प्रशिक्षण गराइरहन मन छ । त्यहीकारण मैले प्रशिक्षण गराउन छाडेको छैन ।

खेलाडी छँदा बैंकक र सिंगापुरमा पनि मेडल जितियो । देशलाई चिनाउन पाउँदा र आफैँ चिनिन पाउँदाको क्षण सम्झदा खुसी लाग्छ । योभन्दा धेरै खुसी आफैँले प्रशिक्षण दिएका खेलाडीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मेडल जित्दा हुने रहेछ ।

अहिले पनि २०-२५ जना खेलाडीलाई प्रशिक्षण गराइरहेको छु । जुम्लामा खेलाडी उत्पादन गर्न सहज छैन । यहाँ ट्र्याक छैन, जसका कारण खेलाडीले स्पाइक सुज लगाएर दौडन पाउँदैनन् । साधारण जुत्ताकै भरमा कुद्नुपर्छ । रंगशाला नभएकाले उनीहरूलाई कुद्दा धेरै डिस्टर्ब हुन्छ ।

पछिल्लो समय सुप्रदियन सहायता संस्थाले पाँच खेलाडीलाई जनही पाँच हजार रुपैयाँ भत्ताको व्यवस्था गरेको छ । ट्र्याकसुट र जुत्ताको व्यवस्था पनि उसैले गरिदिएको छ । यसले निकै राम्रो भइरहेको छ । त्यस्तै, २०६४ सालमा स्थापना भएको कर्णाली स्पोर्टस् क्लबले पनि यहाँ खेलाडी उत्पादनका लागि निकै मेहिनेत गरिरहेको छ । यही क्लबमा आबद्ध भएर खेलाडीहरूले आफ्नो यात्रा थाल्छन् ।

म खेलाडी छँदा स्विट्जरल्यान्ड, अस्ट्रेलिया, बार्सिलोना, कोरिया, मलेसियालगायत देशमा गएर कुदेँ । विदेशमा र हाम्रोमा सेवा-सुविधा फरक छ । नेपाली खेलाडीलाई सेवा-सुविधा बढाउन आवश्यक देख्छु ।

राम्रो सेवा-सुविधा र प्रशिक्षण पाएमा नेपाली खेलाडीले पनि ओलम्पिकजस्ता प्रतियोगितामा मेडल जित्न सक्छन् । विदेशीहरूले ८-१० वर्षसम्मको विशेष योजना बनाएर खेलाडीलाई प्रशिक्षण क्याम्पमा राखेका हुन्छन् । उनीहरूलाई सेवा, सुविधा, भत्ताको व्यवस्था गरिएको हुन्छ । चिकित्सक, डाइटिसियनहरू खटिएका हुन्छन् ।

हाम्रोमा गेम आउँदा मात्रै राम्रो डाइट खान दिइन्छ । घर फर्किएपछि फेरि ट्रेनिङ र डाइट छुट्छ र खेलाडीको प्रदर्शन खस्कन थाल्छ । केही महिना तयारी गरेकै भरमा ठूला प्रतियोगिता जित्न सकिँदैन । कम्तीमा ८-१० वर्षको तयारी गराउने हो भने नेपालीले पनि एथलेटिक्समा राम्रो गर्न सक्छन् ।

हाम्रोमा आर्मी, पुलिस र सशस्त्र प्रहरीमा आबद्धबाहेक अन्य खेलाडीले नियमित ट्रेनिङ नै गर्न पाउने अवस्था छैन । १६ वर्षमाथिको खेलाडीलाई अहिले राम्रो तयारी दिने हो भने २४ वर्षसम्म पुगेर मेडल जित्छन् । तर, त्यो गरेर देखाउनुपऱ्यो । राज्यले यसका लागि पहल गर्नुपर्छ । विदेशमै प्रतिस्पर्धा गराउने र अभ्यास गराउने व्यवस्था गर्नुपर्छ ।

विदेशमा जस्तै स्पोर्टस् स्कुल खोलेर खेलाडीलाई पढ्न र खेल्न मिल्ने व्यवस्था मिलाउन सके राम्रो हुने थियो । तर, यसतर्फ कसैले पहल गरेको देखिँदैन ।

जुम्ला र काठमाडौं

जुम्लामा अझै अवस्था जटिल छ । काठमाडौंमा जस्तो फिजियोथेरापिस्ट, पर्याप्त पूर्वाधार, योजना केही पनि छैन । अहिले कतिपय खेलाडी यार्चागुम्बा टिप्न गइसकेका छन् । उनीहरू फर्किएर आउँदा जिरो भइसक्छन् । आर्थिक मन्दी छ, खेलाडीलाई बन्देज गर्न पनि सकिँदैन ।

जुम्लामा खेलकुद पूर्वाधार विकासमा विशेष ध्यान दिन जरुरी छ । यहाँ रंगशाला बनाएर अल्टिच्युड ट्रेनिङ गराउन सकिन्छ । अन्य क्षेत्रका खेलाडीलाई पनि यहाँ लगेर अभ्यास गराउन सकिन्छ । तर, त्यसतर्फ कसैले सोचेजस्तो देखिँदैन । जुम्लामा प्रदूषण छैन । स्वच्छ हावापानी छ । अक्सिजन पर्याप्त आउँछ । खेलाडीका लागि एउटा ट्र्याकसम्म भए पनि प्रशिक्षणमा सहयोग पुग्ने थियो ।

खुला ठाउँमा कुदेको खेलाडीलाई काठमाडौं आएर ट्र्याकमा कुद्न अप्ठेरो पर्ने गर्छ । यसले प्रदर्शनमा पनि प्रभाव पार्छ । जुम्लामा ढुंगाले पनि खेलाडीलाई असर गर्छ, रोडमा कुद्दा पानी जमेको हुन्छ । डिस्टर्ब धेरै भएकाले स्पिडमा असर गर्छ । वरपर अरू मानिस पनि हिँडिरहेका हुन्छन्, हेरेर कुद्नुपर्ने बाध्यता छ । दुर्घटना होला भन्ने पनि डर हुन्छ । खेलाडीले राम्रो प्रदर्शन गर्नका लागि पूरै फोकसमा कुद्न जरुरी हुन्छ । यसका लागि ट्र्याक अत्यावश्यक छ ।

प्रशिक्षकको सङ्ख्या पनि थप गर्न जरुरी छ । जुम्लामा प्रतियोगिता आयोजना पनि कमै मात्र हुन्छन् । वर्षको एकपल्ट राष्ट्रपति रनिङ सिल्ड हुन्छ । हामीले जुम्ला-रारा म्याराथन पनि गरिरहेका छौं । विदेशी खेलाडी पनि आउने भएकाले अल्ट्रा दौडमा यसले राम्रो ख्याति कमाइरहेको छ ।

मैले जुम्लामा जन्मिएर पनि ओलम्पिक खेल्न पाएँ । जुम्लाकै देवु थापा (जुडो) र विश्वरुपा बुढा (एथलेटिक्स-जुनियर ओलम्पिक) खेले । मेहिनेत गरे भविष्यमा अन्य खेलाडीले पनि ओलम्पिक खेल्न सक्छन् ।



हरिबहादुरले जन्माएका खेलाडी

- **सुनमाया बुढा** : सुनमाया अल्ट्रा धावकका रूपमा प्रख्यात छिन् । उनले फ्रान्समा अल्ट्रा रेस ब्लांक (युटिएमबी) को एक सय किलोमिटर विधामा रजत जितिन् । त्यसअघि थाइल्यान्डमा अल्ट्रा ट्रेल रनिङ प्रतियोगितामा महिलातर्फ प्रथम भएकी थिइन् । उनले नेपालमा क्षेत्रीय तथा राष्ट्रियस्तरका प्रतियोगितामा प्रतिस्पर्धा गरिसकेकी छिन् ।
- **राममाया बुढा** : राममाया बुढा नेपाल प्रहरीबाट खेल्छिन् । उनले देशभित्र हुने विभिन्न म्याराथन प्रतियोगिताको उपाधि जितिसकेकी छिन् । उनी भारतको नागाल्यान्डमा क्रसकन्ट्री च्याम्पियनसिपमा यू-२० तर्फ दोस्रो भएकी थिइन् ।
- **दुर्गाबहादुर बुढा** : दुर्गाबहादुरले आठौँ राष्ट्रिय खेलकुदमा १० हजार मिटर दौडमा स्वर्णपदक जितेका थिए । नवौँ राष्ट्रिय खेलकुद प्रतियोगितामा तीन हजार मिटर स्टिपल चेस पुरुषतर्फ राष्ट्रिय कीर्तिमानसहित स्वर्ण जिते । अहिले बुढाले विभिन्न अन्तर्राष्ट्रिय खेलमा प्रतिस्पर्धा गरिसकेका छन् ।
- **कल्पना बुढा** : भर्खरै मात्र उनले थाइल्यान्डमा एसियाली यू-२० एथलेटिक्स च्याम्पियनसिपमा प्रतिस्पर्धा गरिन् । उनी १४औँ राष्ट्रपति रनिङ सिल्डमा १५ सय मिटर दौडमा स्वर्ण विजेता हुन् ।
- **राजन रोकाया** : नेपाली सेनाका राजन रोकायाले केही समयअघि मात्रै पोखरा म्याराथन जितेका थिए । उनले चीनमा भएको एसियाली खेलकुदमा पनि नेपालको प्रतिनिधित्व गरेका थिए ।
- **विश्वरूपा बुढा** : जुनियर ओलम्पिकमा प्रतिस्पर्धा गरिसकेकी विश्वरूपाले त्यसयता विभिन्न राष्ट्रिय प्रतियोगितामा पदक जितिन् । उनी अहिले नेपाली सेनामा छिन् ।
- **राज्यलक्ष्मी रावल** : रावलले राष्ट्रियस्तरका विभिन्न प्रतियोगितामा प्रतिस्पर्धा गरिरहेकी छिन् । दुई महिनाअघि मात्रै उनले रुकुममा गुरिल्ला अल्ट्रा म्याराथन जितेकी थिइन् । जुम्ला-रारा अल्ट्रा म्याराथनमा उनी दोस्रो भएकी थिइन् ।
- **दलबहादुर कुँवर** : चौथो जुम्ला-रारा म्याराथन जितेका कुँवर अल्ट्रा म्याराथनका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा प्रतिस्पर्धा गर्छन् । २१ वर्षीय कुँवरलाई अल्ट्रा म्याराथनमा उदीयमान खेलाडीका रूपमा लिइन्छ ।
- **राजपुरा पछाई** : राजपुरा नेपाल प्रहरीबाट खेल्छिन् । केही समयअघि उनले पोखरा म्याराथनमा पदक जितेकी थिइन् । उनले विभिन्न राष्ट्रिय प्रतियोगितामा पदक जितिसकेकी छिन् । उनले अन्तर्राष्ट्रिय प्रतियोगितामा पनि नेपालको प्रतिनिधित्व गरेकी छिन् ।
- **मन्जु रावत** : चौथो संस्करणको जुम्ला रारा म्याराथनमा प्रथम र एभरेस्ट म्याराथनमा दोस्रो भएकी रावत अल्ट्रा म्याराथनमा उदीयमान खेलाडीका रूपमा चिनिन्छन् ।
- **पूर्णलक्ष्मी न्यौपाने** : धावक पूर्णलक्ष्मी नेपाल आर्मीबाट खेलिरहेकी छिन् । उनले विभिन्न राष्ट्रियस्तरका प्रतियोगितामा पदक जितेकी छिन् ।

निबन्धकार रोशन शेरचनलाई ६ प्रश्न



ट्राभल-टक

आममानिस र कवि-लेखकले गर्ने यात्रामा केही भिन्नता हुन्छ कि हुँदैन ?

यसको जवाफका निम्ति सर्वप्रथम आममानिस र कवि-लेखकको स्वभाव र प्रवृत्तिमा भिन्नता हुन्छ वा हुँदैन निर्क्योल गर्नुपर्छ । मेरो विचारमा संवेदनशीलता र अभिव्यक्त गर्ने क्षमताका कारण कवि-लेखकहरू आममानिसभन्दा थोरै भिन्न हुन्छन् । कवि-लेखकमा करुणाभाव बढी हुन्छ र सानो कुरामा पनि बढी संवेदित हुन्छन् । यी कारणले कहिलेकाहीं यात्राको स्थान र गन्तव्यको छनोट गर्ने मामिलामै भिन्नता आउँछ । दोस्रो अन्तर, दुवै यात्राका दौरान विभिन्न किसिमका प्रभाव ग्रहण गर्छन् वा अनुभूत गर्छन् । यी कारणले कहिलेकाहीं यात्राको स्थान र गन्तव्यको छनोट गर्ने मामिलामै भिन्नता आउँछ । दोस्रो अन्तर, दुवै यात्राका दौरान विभिन्न किसिमका प्रभाव ग्रहण गर्छन् वा अनुभूत गर्छन् । तर, कवि-लेखक आममान्छेभन्दा पृथक् र अनौठो जीव भन्ने होइन । भेद ठूलो छैन, सायद सूक्ष्म छ ।

तपाईं यात्रापछि लेख्नुहुन्छ कि लेखेपछि पूर्णरूप दिन यात्रामा निस्किनुहुन्छ ?

सबै खाले लेखका निम्ति यात्रा गर्नुपर्दैन । कविताका निम्ति जहाँ कल्पनाशीलतालाई पर्याप्त स्पेस हुन्छ, यात्रा अपरिहार्य छैन । कोठामा बसेरै, यात्रामा ननिस्की कविले आफ्नो लोक निर्माण गर्न सक्छ । तर, यात्रा वृत्तान्तको हकमा त्यो लागू हुँदैन । मेरो सन्दर्भमा, म यात्राबाट फर्केपछि नै यात्रा वृत्तान्त वा संस्मरण लेख्छु । यात्रालगत्तै लेख्छु भन्ने पनि होइन । तर, यात्रामा पुगेको स्थान, भेटेका पात्र, यात्राका दौरान मनमा उब्जेको भाव यात्रा नगरी कसरी लेख्न सकिन्छ र ? त्यो कठिन मात्र होइन, असम्भव छ ।

> कवि-लेखकमा करुणाभाव बढी हुन्छ र सानो कुरामा पनि बढी संवेदित हुन्छन् । यी कारणले कहिलेकाहीं यात्राको स्थान र गन्तव्यको छनोट गर्ने मामिलामै भिन्नता आउँछ । दोस्रो अन्तर, दुवै यात्राका दौरान विभिन्न किसिमका प्रभाव ग्रहण गर्छन् वा अनुभूत गर्छन् ।

यात्रामा ध्यान विशेष केले तान्छ ?

यात्रामा एउटै पाटोले मात्र ध्यान तान्दैन । यात्राको उद्देश्य, यात्राको गन्तव्य र सहयात्रीको समष्टिले ध्यान तान्ने कुरा निर्धारण गर्छ । अझ कस्तो मौसममा यात्रा गरिन्छ, त्यसले पनि यात्रामा ठूलो महत्त्व हुन्छ । बादल लागेर हिमाल देखिएन भने ध्यान कहाँ हिमालको सौन्दर्यले तान्छ र ? बरु ध्यान मनको थकथकीमै अल्झिरहन्छ ।

तर, समग्रमा उच्च हिमाली क्षेत्रको यात्रामा, त्यहाँको प्राकृतिक वातावरण (लेकाली खर्क, ल्यान्डस्केप, हिमताल र सल्ला भोजपत्रको वन) र सांस्कृतिक-धार्मिक पर्यावरण (रीतिरिवाज, पहिरन, खाद्य संस्कृति, चाडपर्व, गुम्बा आदि) मा आकर्षित हुन्छ मन । पदमार्गमा गाउँहरू नभेटिँदा, वन, चरन, भिरपहरा, छहरा, चराचुरुंगीको चिरबिर र सिरेटोको अन्तर्क्रियाले निर्माण गर्ने आरण्य भाव (वाइल्डरनेस) मा मन प्रफुल्ल हुन्छ । तराई मधेशको हकमा, धानखेत, जीवन्त हाटबजार, मधेशी जनजीवन, माछापोखरी, आँपको बगैंचा र सूर्यास्तले ध्यान तान्छ ।

कोठामा बसेर काल्पनिक दुनियाँ निर्माण गरी लेख्नु र प्रकृतिका हरेक आरोह-अवरोहसँग एकाकार भई लेख्नुपर्दा कुन रोज्नुहुन्छ ?

यो कि त्यो विकल्प, श्याम वा श्वेत रोज्नु बुद्धिमानी नहोला । जीवनमा श्याम वा श्वेत मात्र छैन । अन्य रङका सेड धेरै छन् । श्याम वा श्वेत त दुई विपरीत किनारा हुन् । एक अवस्था मात्र रोज्दा त्यो एकांगी हुन्छ । एकांगी भएकाले अपूर्ण हुन्छ । काल्पनिक दुनियाँमा रमाएर लेख्दा पनि परोक्ष हिसाबले भौतिक जगत्, समाज र मान्छे-मान्छेबीचको सम्बन्ध आउँछन् नै । हाम्रा कल्पना पनि भौतिक जगत्भित्रकै कल्पना हुन् । भौतिक जगत्भन्दा बाहिर गएर हामी कल्पनासमेत गर्न सक्दैनौं ।

सामाजिक तथा सांस्कृतिक पर्यावरणजस्तै हामीमाथि प्राकृतिक पर्यावरणको पनि उत्तिकै प्रभाव रहेको हुनाले यो छनोटको विषय हो जस्तो लाग्दैन । मान्छे प्रकृतिको अंश भएकाले मानौं, नमानौं, हामी प्रकृतिको प्रभावबाट अलग छैनौं । अझ भनौं, हामी प्रकृतिसँग अन्योन्याश्रित सम्बन्ध राख्छौं । प्रकृति माने पारिस्थितिक प्रणाली वा इकोसिस्टम ।

जान मन लागेको तर अहिलेसम्म जान नपाएको नेपालको कुन ठाउँ हो ?

धेरै ठाउँ छन् । यहाँ चारवटाको नाम लिऊँ । से-फोक्सुन्डो राष्ट्रिय निकुञ्ज । फोक्सुन्डो ताल हेर्न, त्यहाँको आदिवासी जनजीवन र बौद्ध/बोन धर्म बुझ्न । खप्तड राष्ट्रिय निकुञ्ज । रमणीय पाटनहरू हेर्न । खोटाङ । हलेसी गुफा हेर्न । संखुवासभा । शिवधारा र मकालु आधार शिविर हेर्न ।

यात्रा विनाउद्देश्य गर्नु ठीक कि उद्देश्यपूर्ण ठीक ?

सोद्देश्य हिँड्नु ठीक । सोद्देश्य हिँड्दा त गन्तव्य पुगिने ग्यारेन्टी हुन्छ । विनाउद्देश्य हिँड्दाचाहिँ ग्यारेन्टी त हुन्छ, तर हराइने । विनाउद्देश्यको यात्रालाई भौंतारिनु भनिन्छ, यात्रा भनिँदैन । तर, कहिलेकाहीं बौलाहा तालले भौंतारिनुको मज्जा बेग्लै हुन्छ ।



अनुभव

डा. सूर्यराज आचार्य
पूर्वनेता, विवेकशील साझा पार्टी

मजन्मेको कास्कीमा । हुर्के बढेर एसएलसी दिएको चितवनमा । राजनीतिक रूपमा चितवन जागरुक जिल्ला थियो । त्यसैले ०४२ सालको राष्ट्रिय पञ्चायतको निर्वाचनमा यहाँ जनपक्षीय उम्मेदवार विजयी भएका थिए । मेरा केही नातेदार पञ्चायतविरोधी राजनीतिमा लागेको, पत्राउ पुर्जी जारी हुँदा उहाँहरू मेरो घरमा लुक्न आएको सम्झना छ ।

०३६ सालमा अमृत साइन्स क्याम्पसमा पढ्न आएपछि म अखिलमा आबद्ध भए । ०३६ मा यहाँ अखिलले स्ववियू चुनाव जितेको थियो, ०३७ मा नेविसंघले जित्यो । समीक्षा बैठकमा मैले भनें, 'हाम्रो शैली भएन । अखिलले तोडफोड गर्छ, हुलदंगा गर्छ भन्ने सन्देश गयो । हाम्रा जुनियर विद्यार्थी अखिलको सदस्यता लिन र हामीलाई भोट दिन पनि तर्सिने भए । कमिटीका धेरै साथीहरूको ब्याक लागेको छ । जुलुस गरेर मात्रै भएन, पढ्ने विद्यार्थीलाई पनि आकर्षित गर्न सक्नुपऱ्यो ।' मेरो यो ठाडो अभिव्यक्तिलाई साथीहरूले रुचाएनन् । उनीहरूले यसलाई 'निम्न पुँजीवादी' चिन्तन भने । झन्डै १६ महिना विद्यार्थी राजनीतिमा सक्रिय भएर म अलग भएँ । तर, यो छोटो अनुभवले मभित्र राजनीतिक चेत विकास गर्न भूमिका खेल्यो ।

त्यसपछि भारत गएर इन्जिनियरिङ पढेर फर्किएर ०४४ सालदेखि नेपालको सरकारी सेवामा लागें । लोकसेवा पास गरेर स्थायी भए पनि मेरा लागि कर्मचारीको करियर उपयुक्त होइन कि भन्ने महसुस हुँदै गयो, र अन्ततः ०५० सालमा सरकारी सेवाबाट राजीनामा गरें । एसियन इन्सिच्युट अफ टेक्नोलोजी (एआइटी), बैंककबाट स्नातकोत्तर गरें । डेढ वर्षजति बैंककस्थित युएन-स्क्याप वातावरणसम्बन्धी परियोजनामा परामर्शदाताका रूपमा काम गरें ।

टोकियो विश्वविद्यालयबाट पूर्वाधार, लगानी र क्षेत्रीय विकासमा पिएचडी र त्यसपछि पोस्ट डक गरें । विश्वविद्यालयको अध्ययन अनुसन्धानपछि जापानको पूर्वाधार मन्त्रालयसँग सम्बद्ध 'पोलिसी थिंक-ट्यांक'मा काम गरें । एसियामा पूर्वाधार विकास र आर्थिक विकासको जोडिने कडी के थियो भन्ने विषयमा मेरो अनुसन्धान केन्द्रित थियो ।

झन्डै १८ वर्ष जापान बस्दा विकासशील देशहरूकै अवस्थाबारे अध्ययन-अनुसन्धान गर्न पाएकाले नेपालको अवस्थाबारे म राम्रै जानकार थिएँ ।

५० वर्ष कटेपछि नेपालमै आएर सेवा गर्छु भन्ने सोच थियो । ०७० सालमा म नेपाल फर्किएँ । जतिवेला नेपालमा संविधान निर्माण हुँदै थियो । दलबीचको खिचातानी, बन्द, हडतालले जनता आजित थिए ।

वैकल्पिक शक्तिका रूपमा उज्ज्वल थापाको नेतृत्वमा विवेकशील नेपाली दल उदाउँदै थियो । यसका युवाहरूले सिर्जनात्मक तवरले बन्दको विरोध गर्ने, सुशासनको वकालत गर्ने, समाजसेवामा सक्रियता देखाउने काम गरिरहेका थिए । उहाँहरूको अभियान काठमाडौं केन्द्रित भए पनि यसको चर्चा र यसले ल्याएको आशाको लहर देशव्यापी रहयो ।

विश्वव्यापी रूपमा पनि परम्परागत दलहरूको साटो जनताको मुद्दा बोक्ने नयाँ राजनीतिक दल उदाइरहेका थिए । पत्रपत्रिकामा लेख लेख्ने, विश्वविद्यालयमा क्लास लिनेलगायत काममा म सक्रिय थिएँ ।

संविधान निर्माणपछि डा. बाबुराम भट्टराईले नयाँ शक्ति पार्टी खोल्नुभयो । उहाँले मलाई पनि पार्टीमा बोलाउनुभएको थियो । उहाँ असल व्यक्तित्व हुँदाहुँदै पनि म त्यता लागिनँ । त्यतिवेलासम्म उहाँ सेलिब्रेटी हुनुहुन्थ्यो, अर्थमन्त्री र प्रधानमन्त्रीका रूपमा राम्रो काम पनि गर्नुभएको थियो । त्यसैले उहाँको त्यही लोकप्रियतालाई देखेर मानिस आकर्षित भएजस्तो लाग्यो । उहाँको सोच र विचार राम्रो हुँदाहुँदै पनि त्यहाँ जम्मा भएको भिडले बुझेजस्तो लागेन । उहाँलाई केन्द्रमा राखेर वरपर भिड जम्मा भएजस्तो देखियो ।

विवेकशीलका साथीहरू पनि सम्पर्कमा आउनुभयो । दुई चरण सिनियर नेताहरूसँग कुरा भयो । उहाँहरूमा राम्रो भावना भए पनि राजनीतिक चरित्र कम र अभियानको चरित्र बढी भएजस्तो लाग्यो । त्यसैले म गइनँ ।

मेरा मित्र रमेश पोखरेलसँग मिलेर मैले 'यसरी बन्छ नेपाल' शीर्षकमा पत्रिकामा एउटा लेख लेखेको थिएँ । त्यसले चर्चा पनि पाएको थियो । त्यही पढेर एक दिन रवीन्द्र मिश्रले मलाई भेट्न बोलाउनुभयो । उहाँले बिबिसी छाडेर राजनीतिमा आउने सोच बनाइसक्नुभएको थियो । यसपछि धेरैपटक कुराकानी भयो ।

साझा पार्टी खोल्दा उहाँले झन्डै ४० जनाजति सेलिब्रेटी तथा समाजले राम्रो मानेका व्यक्तिहरूको लिस्ट बनाउनुभएको थियो । त्यसबारे टिप्पणी माग्दा मेरो जवाफ थियो, यी सबै मानिस आउँदैनन् । राजनीति गर्न सजिलो छैन ।

उहाँले सोध्नुभयो, तपाईं त पक्का आउनुहुन्छ नि ?

मैले भनेको थिएँ, तपाईं र म दुईजना मात्रै हुने भयौं भने पनि आउँछु । तर, मेरा केही सर्त छन् ।

१. मलाई कार्यकारी पोजिसनमा नराख्नुस् । एउटा विश्वासिलो सहयोगीका रूपमा गन्नुस् ।

२. भोलि पार्टीको पदमा जाँदा वा मन्त्री बन्ने समय आउँदा तँछाड-मछाड होला मेरो नाम पहिल्यै काटिदिनुस् । परिणाम देखाउन पद चाहिँदैन भन्ने मेरो मान्यता हो ।

३. मसँग असहमति हुँदा अन्यसँग सोधीखोजी नगर्नुस् । असहमति भएका कुरा म तपाईंसँग लुकाउँदिनँ । तपाईंले पनि खुलेर भन्नुस् ।

त्यसपछि हामीले मिलेर साझा पार्टी बनायौं । ०७४ को स्थानीय तह निर्वाचनमा काठमाडौं महानगरपालिकाको मेयरमा किशोर थापालाई उठायौं । विवेकशील नेपाली दलले रज्जु दर्शनालाई उठाएको थियो । दुवै उम्मेदवारले राम्रो मत ल्याए पनि जित्न सकेनन् । जनताले वैकल्पिक सोच राख्ने यी दुवै दललाई मिलेर जान सन्देश दिएका थिए ।

> हामी ७० वर्ष इतिहास भएका पार्टीलाई धकेल्छौं र नयाँ सुसंस्कृत राजनीति गर्छौं, लोकतन्त्रलाई पुनः परिभाषित गर्छौं भनेर लागेका थियौं । तर, जति गम्भीर हुनुपर्ने थियो, त्यति भएनौं ।

अन्ततः हामी एक भएर विवेकशील साझा पार्टी बनायौं । विवेकशील समूहका साथीहरूमा इनर्जी थियो । तर, परिपक्वता कम देखिन्थ्यो ।

साझामा हामी पेसागत, व्यावसायिक र प्राज्ञिक पृष्ठभूमिका व्यक्ति ठूलो संख्यामा थियौं । युवा पनि थिए । तर, परिपक्व मानिस भए पनि उहाँहरूले आर्जन गरेजस्तो राजनीतिक पुँजी हामीसँग थिएन । किनकि, उहाँहरू एउटा अभियानबाट आउनुभएको थियो । हामी नयाँ थियौं ।

हामीले आमनिर्वाचनमा पनि नराम्रो गरेका होइनौं । बागमती प्रदेशमा हाम्रा तीनजना सांसद थिए । थ्रेसहोल्ड कटाउन नसकेर संघीय संसद्मा प्रतिनिधित्वविहीन देखिए पनि नयाँ शक्ति र राप्रपाभन्दा धेरै समानुपातिक मत हाम्रो पक्षमा खसेको थियो । एक हिसाबले भन्नुपर्दा पार्टी बन्दै थियो ।

तर, चुनाव सक्किनेबित्तिकै विवेकशील र साझा समूहबीच व्यवस्थापनमा समस्या देखियो । विवकेशीलको अराजकता बढी देखियो । संगठन पद्धतिमा उहाँहरू बस्नुभएन ।

विवकेशील समूहका साथीले केन्द्रमा एउटा निर्णय गर्ने, त्यसको भोलिपल्टै तलका साथीले प्रेसर दिए, मान्न सकेनौं भन्ने । पार्टीमा तित्तता बढ्यो ।

अर्को कमजोरी सबै साथी काठमाडौं केन्द्रित थिए । काठमाडौंबाहिर जाऊँ भन्दा कसैको छुट्टी छैन । सबै साथी कुनै न कुनै पेसा वा काममा सक्रिय थिए । धेरै साथी एनजिओ, आइएनजिओको प्रोजेक्टमा व्यस्त हुनुहुन्थ्यो ।

फुटको एउटा कारण मात्रै हुन्न । रवीन्द्रजी र केन्द्रीय कमिटीमा हुनुभएका एकजना व्यक्तिबीचको टकरावले व्यक्तिगत इगोको रूप लियो । त्यो टकराव रवीन्द्रजी र उज्ज्वलजीको लेभलसम्म पुग्यो ।

मेरो इमानदारी रवीन्द्रजीप्रति थियो, तर राम्रा एजेन्डामा कुनै पक्षरधरता थिएन । त्यसमाथि पार्टी प्रवक्ता भएकाले पनि म तटस्थ नै रहें ।

नेतृत्वमा देखिएको टकरावका कारण केन्द्रीय कमिटीले निर्णय लिन सकिरहेको थिएन । अति भएपछि रवीन्द्रजीले केन्द्रीय कमिटीमा मानिस थप्ने प्रस्ताव ल्याउनुभयो ।

यस प्रस्तावले विवेकशीलका साथीहरूलाई झस्कायो, अल्पमतमा परिन्छ र साझा समूहले पेलेको पेल्यै गरेर निकाल्छ भन्ने आशंका सायद उहाँहरूमा थियो । तर, त्यो तहमा हामीले सोचेका थिएनौं । यो बुझाउन नसक्नु ठूलो कमजोरी थियो ।

म पार्टी फुट्ने दिनमा काठमाडौंमा पनि थिइनँ । विवेकशीलका साथिहरूले एकदमै छोटो समयमा गुरिल्ला शैलीमा पार्टी फुटाउनुभयो । रोक्न सक्ने अवस्थै थिएन । तसर्थ, यसमा मलाई कुनै पछुतो छैन ।

तर, दुई गल्ती यतिवेला भयो भन्ने लाग्छ । रवीन्द्रजी सेलिब्रेटी हुनुहुन्थ्यो । देशप्रति उहाँको निष्ठा पनि छ । तर, राजनीतिक रूपमा अपरिपक्व र बहकिने स्वभाव थियो बहकिनु भयो । त्यसपछि आन्दोलन नै अलपत्र पऱ्यो । सुरुमै उहाँलाई अघि सारेर सामूहिक नेतृत्व स्थापित गर्न सकिएको भए पार्टी फुट्दैनथ्यो होला ।

अर्कोतर्फ, विवेकशील समूहका केही युवामा उद्दण्डता र अराजकता थियो । त्यहाँ पनि धेरै असल मानिस थिए । उनीहरूलाई विश्वासमा राख्न सकेको भए अर्कै कोर्स हुन्थ्यो । सम्भवतः मैले राजनीति छोड्नु पनि पर्दैनथ्यो होला । अहिले समीक्षा गर्दा यसमा मेरो हस्तक्षेप पर्याप्त भएन ।

पार्टी फुटिसकेपछि कास्कीमा उपनिर्वाचन भयो । त्यहाँ हाम्रा उम्मेदवार राम्रो हुँदाहुँदै पनि एक हजार मत कटेन । विवेकशीलले हाम्रो भन्दा पनि निकै कम मत पाएको थियो ।

साप्ताहिक राशिफल

१२ जेठ (शनिबार) - १८ जेठ (शुक्रबार)



सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

परिवारजनको सहयोगले फाइदा लिन सकिने साता रहेको छ । अनावश्यक शंका जाग्ने र आत्मीय सम्बन्धमा कमी आउने योग रहेकाले सावधानी अपनाउनुपर्नेछ । साताको अन्त्यमा मान्यजनको सुझाव पालना गरेमा कार्य सफलता मिल्नेछ । वैदेशिक यात्राको कार्य सफल हुनेछ ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

साताको प्रारम्भमा उद्योग र व्यापारमा विशेष फाइदाको योग रहेको छ । सहयोगीहरूले साथ दिनेछन् र काममा सोचेजस्तै सफलता मिल्नेछ । कृषिकर्म र व्यावसायिक काममा पनि फाइदा उठाउन सकिनेछ । नयाँ काममा हात हाल्ने समय भएकाले प्रशस्त धन आर्जन गर्ने मौका मिल्नेछ ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

बोलीको गलत अर्थ लाग्ने र मान-सम्मानमा पनि आघात पुग्ने सम्भावना रहेकाले सचेत रहनु पर्नेछ । विचार सम्प्रेषण गर्न केही समय पर्खनु नै बुद्धिमानी हुनेछ । कार्यमा बिस्तारै फाइदा हुने योग छ । पठन-पाठनमा बिस्तारै प्रगति हुनेछ । साताको अन्त्यमा सुखद समाचार सुन्न पाइनेछ ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

प्रतिष्ठित काम गर्ने मौका मिल्नेछ । विशिष्ट व्यक्तित्वसँग भेटघाट हुनेछ । पारिवारिक जमघटमा मन रमाउनेछ । मन पर्ने वस्त्र, अलंकार आदि उपहार पाइएला । स्वादिष्ट भोजनको आनन्द मिल्नेछ । खानपानमा सचेत रहनुपर्ने वेला छ । साताको अन्त्यमा रोकिएका काम बन्नेछ ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

साताको प्रारम्भमा उपयुक्त काममा लगानी गर्ने समय छ । काममा अलि चुनौती सामना गर्नुपर्ने छ । छरछिमेकमा पनि केही असमझदारी बढ्ने योग छ । साताको अन्त्यमा वैदेशिक क्षेत्रबाट लाभ लिने मौका छ । प्रयत्न गर्दा अनुकूल स्थानान्तरण र टाढाको यात्रा सफल हुनेछ ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

साताको प्रारम्भमा आम्दानी बढ्ने र उठ्नुपर्ने रकम हात लाग्ने समय रहेको छ । कृषिमा भने सोचेजति लाभ नहोला । व्यापारमा प्रशस्त फाइदा हुने योग छ । श्रमको उचित मूल्यांकन होला । साताको अन्त्यमा पढाइमा पनि राम्रै प्रगति हुनेछ । अधुरा काम पूर्ण हुनेछन् ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । प्रतिष्ठा कमाउने समय रहेकाले सोचेका कार्य पूरा हुनेछन् । भूमि, वाहन र पैतृक सम्पत्तिबाट लाभ मिल्ने योग छ । काममा मातापिताको सहयोग प्राप्त होला । साताको अन्त्यमा प्रतिष्ठित काम गर्ने मौका मिल्नेछ ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

अरूका काममा महत्त्वपूर्ण समय बित्न सक्छ । समयमा काम पूरा नहुनाले अलि खिन्नता बढ्ला । अस्वस्थताका बाबजुद कामको दायित्व बढ्नेछ । सानातिना काममा महत्त्वपूर्ण समय बित्न सक्छ । साताको अन्त्यमा धर्मकर्म र सेवामूलक कामबाट प्रतिष्ठा मिल्नेछ ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

काममा केही चुनौती देखिए पनि समयको सदुपयोग हुनेछ । सहयोगीहरूले काममा तत्परता देखाउनेछन् । प्रयत्न गर्दा गोप्य रहस्य पत्ता लगाउन सकिनेछ । नसोचेको धन लाभ हुन सक्छ । साताको अन्त्यमा स्वास्थ्यमा अलि कमजोरीको अनुभूति हुनेछ ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

व्यापार-व्यवसायमा विशेष लाभ लिने साता रहेको छ । व्यावसायिक यात्रा सम्भावना छ । दाम्पत्य जीवन सुखद बन्ने देखिन्छ । नयाँ ज्ञान सिक्ने मौका छ । आम्दानी प्रशस्तै बढ्नेछ । नयाँ सवारीसाधन प्राप्तिको योग छ । साताको अन्त्यमा नयाँ मित्रता र प्रेमको बन्धन कसिनेछ ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

व्यापार तथा उद्योगतर्फ सामान्य फाइदाको योग रहेको छ। काममा अधिकार प्राप्तिका लागि प्रतिस्पर्धा गर्नुपर्ने देखिन्छ । प्रतिस्पर्धीहरूको चलखेल बढ्नाले चुनौती सामना गर्नुपर्ला । बुधबार र बिहीबार यात्रामा लाभ मिल्ने देखिन्छ । साताको अन्त्यमा मुद्दा-मामिलामा विजयी हुने छ ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

साताको प्रारम्भमा पशुपालन तथा कृषि क्षेत्रबाट सामान्य लाभ मिल्ने योग रहेको छ । प्रतिस्पर्धामा कमजोर भइएला, सचेत रहनुहोस् । बिहीबार केही प्रतिष्ठित काम बन्नेछन् । सन्तान वा अनुयायीले प्रसन्नता दिलाउनेछन् । साताको अन्त्यमा पारिवारिक यात्राको योग रहेको छ ।

आज आफ्नै चितामा जलिरहेछु



शुरज थपलिया

‘वैकल्पिक’ राजनीति यसरी अलपत्र पारियो

पार्टी बनेकै थिएन । तर पद जाला भन्ने भय सबैमा थियो । सेलिब्रेटी रवीन्द्र मिश्रमा बहकिने स्वभाव थियो, बहकिनु भयो । त्यसपछि आन्दोलन नै अलपत्र पऱ्यो ।



> राजनीतिमा प्रवेश गर्दा मन्त्री हुने, सांसद हुने मेरो उद्देश्य थिएन । मेरो आफ्नै टेम्प्लेट थियो । त्यहीअनुसार आफैँसँग इमानदार भएर समय बिताएँ । यसमा सन्तुष्ट छु ।

यो घटनापछि पार्टीमा फेरि एकताको बहस सुरु भयो । रवीन्द्रजीलाई जहाँ जाँदा पनि मानिसले मिल्ने सुझाव दिने रहेछन् । उहाँ त्यसैलाई हेरेर बहकिनुभयो ।

मैले स्पष्टै भनैं, ‘मिल्ने हो भने हिजो फुट्नुको कारण निराकरण हुने गरी मात्र मिल्नुपर्छ । अन्यथा कुनै अर्थ छैन ।’

पार्टीमा मुमाराम खनालजीलगायत हामी चार-पाँचजनाको न्युक्लियस थियो । यो समुहमा मैले नयाँ प्रस्ताव राखैं, ‘संयोजक मात्रै राखेर बाँकी सबै कमिटी र पद विघटन गरौं ।

एक वर्ष हामी काठमाडौं नबसौं, देशभर जाऔं । हामी प्रतिनिधि मात्रै हौं, देश बनाउने नेता खोज्न आएको भनौं ।’ पुराना पार्टीहरूले विगतमा यसरी नै संगठन बनाएका थिए । उनीहरू झुप्रोमा गएर बस्थे । हामीले पनि सिक्नुपर्छ भनैं ।

मेरो यही प्रस्तावलाई केन्द्रीय कमिटीमा लग्यौं । तर, कमिटी भंग गर्ने प्रस्ताव सुनेपछि केन्द्रीय कमिटीका सदस्य, विभागका अध्यक्षहरू, प्रदेश कमिटी, जिल्लाका अध्यक्षहरूको मुख न्याउरो देखियो । पद जान्छ भन्ने चिन्ता देखियो । पार्टी नै बनेको थिएन, तर पद जाला भन्ने भय सबैलाई थियो ।

हामी ७० वर्ष इतिहास भएका पार्टीलाई धकेल्छौं र नयाँ सुसंस्कृति राजनीति गर्छौं, लोकतन्त्रलाई पुनः परिभाषित गर्छौं भनेर लागेका थियौं । तर, जति गम्भीर हुनुपर्ने थियो, त्यो भएनौं ।

रवीन्द्रजीलाई पनि मैले व्यक्तिगत वार्तालापका दौरान संकेत दिएको थिएँ । सुरुवातमा तपाईंकै नेतृत्वमा काम गर्यौं । तर, तपाईंबाट देशको रूपान्तरण हुँदैन । मैले त पहिल्यै कार्यकारी पदमा बस्दिनँ भनेर सरेन्डर गरेको थिएँ । तपाईंबाट पनि हुँदैन है ! तर, यी कुरा व्यक्तिगत रूपमै सीमित भयो । मैले केन्द्रीय कमिटीमा राखिनँ ।

राजनीतिमा निर्णय क्षमताले महत्त्वपूर्ण अर्थ राख्ने रहेछ । पहिल्यैदेखि नै कडाइका साथ जनतामा गएर नेतृत्व चयन गरिएको भए अवस्था फरक हुन्थ्यो । यसबारे ढिला महसुस भयो । त्यसमा पनि धेरैले चासो दिएनन् । बरु, यसपछि लुम्बिनी भेलामा रवीन्द्रजीले धर्मनिरपेक्ष वा हिन्दू राष्ट्रबारे जनमतसंग्रह गर्ने प्रस्ताव ल्याउनुभयो ।

म यस विषयमा सहमत हुन सकिनँ । मैले भनैं, ‘यसबारे सहमत त कुरै छाडौं, टिप्पणी पनि गर्दिनँ । किनकि, टिप्पणी गर्दा पनि अपनत्व लिएजस्तो हुन्छ ।’ त्यसपछि उहाँले केशव दाहाललाई दस्ताबेज लेख्न लगाउनुभयो । लुम्बिनी भेलाबाट यो प्रस्ताव पारित भयो ।

प्रवक्ताको हैसियतमा यो प्रस्तावबारे मिडियामा बोल्दा मैले अलि बीचको भाषामा बोलैं । केन्द्रीय कमिटीको बैठकमा भेलाको निर्णयमा अपनत्व नलिएको भन्दै मेरो आलोचना पनि भयो । प्रवक्ताको काम गर्न नसक्ने जानकारी दिएँ । राजीनामा नै दिँदा नराम्रो सन्देश जाने हुनाले प्रवक्ताको भूमिकामा रहने गरी सह-प्रवक्ताको चयन भयो । मेरो उदासीनता बढ्यो ।

कोभिडको समयमा मुमारामजी र मैले पार्टी छाड्यौं । पार्टी छाड्नुअघि रवीन्द्रजीले मलाई नै अध्यक्ष बन्न प्रस्ताव गर्नुभएको थियो । तर, मलाई रुचि भएन । उहाँले ‘दुईजना मात्रै भए पनि म पार्टीमा रहन्छु भन्नुभएको थियो’ भनेर पुरानो वाचा स्मरण गराउनुभयो ।

मैले यसमा ‘क्षमा गर्नुस्’ भनैं । पार्टीमा पपुलिजम हाबी भइसकेको थियो । म सामूहिकतामा विश्वास गर्ने मानिस अध्यक्ष भएर पनि हुनेवाला केही थिएन । त्यसैले बाहिरिनु उचित सम्झैं ।

यसको केही समयपछि रवीन्द्रजीले विवेकशीलसँग फेरि एकता गर्नुभयो । विवेकशील समूह र रवीन्द्रजी दुवैको स्वार्थ एकीकरण गरेर पार्टीमा आफू हाबी हुने थियो भन्ने देखियो । यो राजनीतिक अवसरवाद थियो । अन्ततः एकता लामो समय टिकेन । कालान्तरमा रवीन्द्रजी राजतन्त्रवादी र हिन्दू राष्ट्रका पक्षधर हुनुभयो ।

अहिले समाजले बुझेजस्तो रवीन्द्रजी सुरुदेखि नै अति दक्षिणपन्थी, प्रतिक्रियावादी र राजावादी होइन जस्तो लाग्छ । तर, संक्रमणकालीन राजनीतिमा ‘मर्ता क्या नहीं कर्ता’ भनेजस्तो जनताको समर्थन पाउने त यही तरिका रहेछ भनेर उहाँले बालसुलभ तरिका देखाउनुभयो । उहाँ सोचविचार नगरी भावनामा बग्नुभयो भन्ने लाग्छ ।

साझा पार्टी छाडेपछि म राजनीतिक रूपमा निष्क्रिय बसैं । सही टाइममा राजनीतिमा सक्रिय भएको थिएँ । पार्टी छोड्दा पनि कसैलाई गाली-गलोज गरिनँ । कसैलाई क्षति पुऱ्याउने काम गरिनँ भन्ने लाग्छ । डा. बाबुराम भट्टराई, रवीन्द्र मिश्र, स्वर्गीय उज्ज्वल थापादेखि त्यतिबेला वैकल्पिक राजनीतिमा सक्रिय भएका धेरैजसो युवासँग विनापूर्वाग्रह सद्भावपूर्ण सम्बन्ध बनाउने मेरो प्रयास रह्यो । सक्रिय राजनीतिको छोटो जीवनकालप्रति सन्तोष नै छ, खासै पछुताउ छैन ।

भएका कुरा स्पष्ट बोल्ने मेरो बानी छ, लामो समय अनुसन्धानमा बिताएको हुनाले पनि हरेक कुरालाई सम्भव भएसम्म गहिराइमा पुगेर हेर्छु । कुनै विचार तथा योजना बनाएपछि त्यसलाई कार्यान्वयनमै लैजानुपर्छ भन्नेमा जोड रहन्छ ।

यही स्वभावले मैले प्रशस्तै आलोचक कमाएको छु । धेरैले तपाईं अर्ती-उपदेश मात्रै दिनुहुन्छ । आफू सक्रिय रहनुहुन्न भनेर आलोचना गर्नुहुन्छ । केही हदसम्म यो साँचो हो ।

मैले भरतपुरमा मेयरमा लर्डौं भन्ने पनि सोचेको थिएँ । सायद, त्यहाँ लडेको वा वडाध्यक्षकै लेभलमा भए पनि काम गरेको भए जनतासँग प्रत्यक्ष जोडिने एउटा अनुभव र अवसर हुन्थ्यो ।

फुर्सदिलो हुँदा-हुँदै पनि युवालाई प्रशिक्षण दिने काममा खट्न सकेको छैन । इन्जिनियरिङबाहेक क्रिटिकल थिंकिङ, अर्थशास्त्र, गणित, तथ्यांक, रिसर्च मेथोडोलोजीलगायत विषयमा प्रशिक्षण दिन सक्ने भए पनि गर्न सकिएको छैन । स्कुल-कलेजमै गएर सिकाउँदा पनि त्यसको प्रभाव देखिन्थ्यो ।

राजनीतिमा प्रवेश गर्दा मन्त्री हुने, सांसद् हुने मेरो उद्देश्य थिएन । मेरो आफ्नै टेम्प्लेट थियो । त्यहीअनुसार आफैँसँग इमानदार भएर समय बिताएँ । यसमा सन्तुष्ट छु ।

नेतृत्वमा लचकता चाहिन्छ । आफ्नो मनले खाएको कुरामा सम्झौता गर्न नसक्ने भएकाले नेतृत्वमा म फिट हुन्छु भन्ने लाग्दैन । तर, सामूहिक नेतृत्व हुँदा मैले पनि आफ्नो ठाउँबाट योगदान गर्न सक्छु जस्तो लाग्छ ।

भविष्यमा फेरि सक्रिय हुन सक्छु । अब विगतका कमजोरी सच्चाएर मात्रै जानुपर्छ । समीक्षाकै चरणमा छु । अरू कमजोरी पनि पहिल्याउनुपर्नेछ ।

वैकल्पिक राजनीतिको कमजोरी पपुलिजम भयो । समाजअनुसार चल्ने वा समाजलाई नै डोहोऱ्याउने भन्नेमा स्पष्ट भएन । १८औं शताब्दीमै फ्रान्सेली दार्शनिक जोसेफ डी मैस्त्रेले भनेका थिए, ‘समाजले आफ्नो हैसियतअनुसारको नेता पाउँछ । नेपालको समग्र राजनीति त्यसरी नै चलिरहेको छ भन्ने लाग्छ ।’

रोक्नुपर्छ पथप्रदर्शक पलायन

पथप्रदर्शकहरूको हितका लागि राज्यले जति ध्यान दिनुपर्ने हो, त्यो दिन सकेको छैन



सञ्जीव गुरुङ नेपाल पर्वतीय पथप्रदर्शक संघका अध्यक्ष हुन् । नेपालमा माउन्टेन गाइडहरूको अवस्था र उनीहरूले भोगका चुनौतीबारे उनीसँग अन्वेषण अधिकारीले गरेको कुराकानी :

पर्यटन

नेपालमा चार सय १९ वटा हिमाल आरोहणका लागि खुला छन् । अहिले झन्डै तीन हजारको हाराहारीमा पर्वतीय पथप्रदर्शक सक्रिय छन् । समग्र पर्यटन क्षेत्र नै खस्कँदो छ । हिमाल आरोहणमा जुन उत्साह हुनुपर्ने थियो, त्यस्तो देखिँदैन । सगरमाथामा रेकर्ड बनाएका आरोहीका सन्तानले नै माउन्टेन गाइडका रूपमा सक्रिय हुन रुचि देखाउँदैनन् ।

आठ हजारभन्दा माथिका १४ वटा हिमाल नेपालमा रहेको राष्ट्रिय तथ्यांक छ । यद्यपि, अन्तर्राष्ट्रिय जगत्लेे यसमध्ये आठवटा हिमाललाई मात्र आठ हजार मिटरमाथिको मान्यता दिएको छ ।

सर्वोच्च शिखर सगरमाथा हाम्रोमै छ । तर, हाम्रा हिमालमा पर्यटकलाई आकर्षित गर्न जुन पहल गर्नुपर्ने थियो, त्यसमा कमी देखिन्छ । हाम्रा पर्वतीय पथप्रदर्शक विश्वमै चर्चित छन् । सर्वाधिक धेरै ३० पटक सगरमाथा चढ्ने कामिरिता शेर्पा, विश्वका आठ हजारभन्दा माथिका १४ वटै हिमाल दुईपटक चढ्ने सानु शेर्पा हाम्रै देशका हुन् । अन्य धेरै नेपाली आरोहीहरूले कीर्तिमान बनाएका छन् । तर, सरकारले उनीहरूलाई सम्मान दिन कन्जुस्याइँ गरेको देखिन्छ ।

आजका दिनसम्म त सरकारले माउन्टेन गाइडलाई लाइसेन्स पनि उपलब्ध गराउन सकेको छैन । योभन्दा ठूलो बिडम्बना अरू के नै होला ।

सबै खालका पथप्रदर्शक राज्यका अघोषित दूतजस्तै हुन् । पर्यटकहरूले पथप्रदर्शककै सहयोगमा घुम्न आएको देशबारे जानकारी लिने हुन् । उनीहरूसँग बिताएका हरेक क्षण पथप्रदर्शकले आफ्नो देशको भाषा, संस्कृति र इतिहासको प्रवर्द्धन गरिरहेका हुन्छन् । तर, पथप्रदर्शकहरूको हितका लागि राज्यले जति ध्यान दिनुपर्ने हो, त्यो दिन सकेको छैन ।

> माउन्टेन गाइडले उमेर छँदासम्म केही कमाउने भए पनि अवकाशपछिको जीवन सन्तोषजनक छैन । धेरै आरोही विदेश पलायन हुनुको कारण यही हो । यसलाई रोक्न पनि हामीले आरोहीको सेवा-सुविधा बढाउनुपर्छ ।

नीति छैन

अहिले नेपाल पर्वतारोहण संघ (एनएमए) र सिटिइभिटीको समन्वयमा एकवर्षे माउन्टेन गाइड कोर्स तयार हुँदै छ । यसमा पाठ्यक्रम बनाउने र लागू गर्ने काम सिटिइभिटी र प्राविधिक पक्ष एनएमएले हेरेको छ ।

एनएमएमा राजेन्द्रबहादुर लामाको संयोजकत्वमा दाबातासी शेर्पा र मसहितको तीन सदस्यीय टिम छ । त्यसमा पनि मेरो नेतृत्वमा दाबाजी र रामकाजी तिवारीको टिमले प्राविधिक पाटो हेरिरहेको छ ।

हामीले यही कोर्स केही वर्षअघि तयार गर्न सकेको भए सायद, नेपाली गाइडहरूको अन्तर्राष्ट्रिय एक्सपोजर अझै बढी हुने थियो । नीति-निर्माण तहमा पनि हाम्रा विज्ञ आरोहीहरूको भूमिका बढाउने लक्ष्यसाथ यो कोर्सको डिजाइन भइरहेको छ ।

अहिले पर्यटन क्षेत्रको नीति-निर्माणमै पथप्रदर्शकको भूमिका नगन्यजस्तो छ । माउन्टेन गाइडको भूमिका शून्यजस्तै छ भन्दा पनि हुन्छ । ट्रेकिङ गाइड, टुर गाइड, माउन्टेन गाइडलगायत कोर्स नेपालमा नभएका होइनन् ।

एनएमएले सञ्चालन गर्ने प्रशिक्षणका लागि विदेशबाट समेत मानिसहरू आउँछन् । तर, छोटो अवधिको कोर्स भएकाले यसले प्राविधिक पक्षमा मात्रै जोड दिएको छ ।

हामीसँग आफ्नो पाठ्यक्रम नभएकाले यी कोर्स गर्दा सैद्धान्तिक रूपमा फ्रान्सको नेसनल स्कुल अफ स्कि एन्ड माउन्टेनरिङ (इन्सा)ले तयार पारेको पाठ्यक्रम नै पढाइन्छ । तर, हाम्रा हिमाल र युरोपका हिमालहरू फरक छन् । चढ्ने तरिका र चुनौती फरक छन् । त्यहाँ साना हिमाल छन् ।

हामी त हिमालको राजधानी नै भयौं । आफ्नै पाठ्यक्रम तयार गर्दा विदेशीहरू यहाँ पढ्न आउने सम्भावना बढ्ने हाम्रो अनुमान छ । हामीलाई आरोहणमा विश्वले पत्याएको छ । हामीसँग आफ्ना अनुभव छन्, हिमालसँगको समीप्यता र आत्मीयता छ ।

आठ हजार मिटरभन्दा माथिका हिमाल भएका देशमध्ये चीन र पाकिस्तानमा पनि आरोहणका लागि नेपाली पथप्रदर्शकलाई नै सहयोगीका रूपमा लैजाने गरिन्छ । युरोपका हिमालहरू आरोहणमा पनि ठूलो संख्यामा नेपालीहरू जान्छन् । हामीले अब आफ्नो सीप र अनुभवलाई डकुमेन्टेसन गरेर प्राज्ञिक तहमा पनि लैजान जरुरी छ । जुनदेखि सिटिइभिटीको एकवर्षे कोर्स लागू गर्ने गरी पहल भइरहेको छ । हाम्रो लक्ष्य आरोहणको तालिमका लागि नेपाललाई उत्कृष्ट गन्तव्य बनाउने भन्ने हो । नेपालका आरोहीहरूको विज्ञतालाई भरपुर उपयोगमा ल्याउने भन्ने हो । कामिरिता शेर्पाले जसरी सगरमाथालाई कसले बुझेको होला ? वा सानु शेर्पालाई आठ हजारभन्दा माथिका हिमालबारे जुन अनुभव छ, त्यो अरू कोसँग होला ?

यस्ता धेरै कीर्तिमानी व्यक्तिको विज्ञता र अनुभवलाई उपयोगमा ल्याउने गरी नयाँ एकवर्षे कोर्स बनाइरहेका छौं । नयाँ पुस्ताले उहाँहरूसँग व्यावहारिक कठिनाइबारे धेरै बुझ्न सक्छ ।

भविष्यमा तीनवर्षे डिप्लोमा कोर्स (प्लस टुसरहको) सञ्चालन गर्ने योजना बनाइरहेका छौं । डिप्लोमा कोर्समा अनिवार्य विषयसहित सैद्धान्तिक पक्ष पनि पढाइ हुनेछ । त्यसपछि ब्याचलर र थप अध्ययन गरेर आफूलाई प्राज्ञिक तहसम्म पुऱ्याउने ढोका खुल्नेछ । तसर्थ, यो तालिम गाइडको सीप र अनुभवलाई शैक्षिक रूपमा जोड्ने अवसर हो । हाम्रा गाइडसँग भविष्यमा अनुभवसँगै प्रमाणपत्र पनि हुनेछ । उनीहरूले विदेशका विश्वविद्यालयमा वा ट्रेनिङ सेन्टरमा गएर लेक्चरर वा विज्ञका रूपमा आफ्नो अनुभव साझा गर्न सकून् भन्ने लक्ष्यले कोर्स डिजाइन हुँदै छन् ।

चुनौती

हिमाल आरोहण आफैंमा चुनौतीपूर्ण छ । ज्यानको बाजी राखेर हिँड्नुपर्छ । तर, सामाजिक सुरक्षाको ग्यारेन्टी छैन । सरकारले पथप्रदर्शकसँग आयको १५ प्रतिशत कर लिन्छ । जब कि, रोजगारी गर्नेहरूले एक प्रतिशत टिडिएस मात्रै तिरे पुग्छ । यो कर कम हुनुपर्छ भन्ने हाम्रो माग हो ।

माउन्टेन गाइडले उमेर छँदासम्म केही कमाउने भए पनि अवकाशपछिको जीवन सन्तोषजनक छैन । धेरै आरोही विदेश पलायन हुनुको कारण यही हो । यसलाई रोक्न पनि हामीले आरोहीहरूलाई थप एक्सपोजर उपलब्ध गराउन जरुरी छ । उनीहरूको सेवा-सुविधा पनि बढाउनुपऱ्यो ।

सबै आरोहीलाई सामाजिक सुरक्षा कोषमा कसरी जोड्न सकिन्छ ? पेन्सनको व्यवस्था गर्न सकिन्छ कि ? कीर्तिमान आरोहीहरूलाई भत्ता उपलब्ध गराएर राख्न सकिन्छ कि ? यी विषयमा सरकारले सोच्नुपऱ्यो । अग्रजहरूले धेरै दुःख गरेका छन् । तर, अवकाशपछि कसैले सोधपुछ गर्दैन । आय पनि हुँदैन ।

लिडरसिप तालिम, आफ्ना अनुभव सेयर गर्ने, लेक्चर दिनेलगायत विभिन्न काममा संलग्न गराएर उनीहरूलाई रिटायर्ड लाइफमा पनि सक्रिय गराउने हो भने देशले पनि धेरै पाउँछन् । उनीहरू पनि खुसी हुन्छन् ।

अहिले त यहाँका कीर्तिमानी व्यक्ति अमेरिका पलायन भएर जीविकोपार्जन गर्नुपर्ने अवस्था छ । अमेरिका नै गए पनि पर्वतारोहणमै लाग्न मिल्ने होस् न । प्राविधिक पाटो र क्षमता त उहाँहरूसँग छँदै छ, सँगै सैद्धान्तिक जानकारी र प्रमाणपत्र पनि होस् ।

हाम्रा अग्रजहरूले आफ्ना गुनासा र सल्लाहलाई व्यक्तिगत तवरले कुनै सुनुवाइ नभएपछि हामी संगठित रूपमा अघि बढेका हौं । माउन्डेट गाइड एसोसिएसन अफ नेपाल खुलेको तीन वर्षमा हाम्रा आवाजलाई सम्बन्धित ठाउँमा पुऱ्याउने गरी केही कामहरू भएका छन् । गाइडहरूको हकहितका लागि धेरै गर्न बाँकी नै छ ।

म निदाएको छैन
जलिरहेछु
आज आफ्नै चितामा
बलिरहेछु
किन, दुख्छन् मुटुहरू
तिखा वचनले
आज आफ्नै छायाँसँग गलिरहेछु

चाहनाले शिखर चढेर
तल झर्दा
सपनाको मलामी
आफैँ जानुपर्दा
खै जीवन नै
के रहेछ र ?
धोका दिनेवालाको नै धेरै भर पर्दा

छामेनौ मुटु कि
देखेनौ चित्र
आफ्नो चित्र पनि
देख्यौं कि पराईभित्र
एउटै मन्दिर यो
एकै छन् भगवानहरू
दियो बालेर
तिम्रै प्रगतिको कामना गरिरहेछु


छैनौ तिमी र पनि
छौ भन्ने विश्वासमा
एक तमास हुरी चलिरहेछ
जलेर खरानी मै भए पनि
एक झिल्को
तिमीभित्रै बलिरहेछ

धोका दिन्छ कहिलेकाहीं
आफ्नै आँखाले
छाड्छ साथ कहिले
आफ्नै छायाँले
विचलित नहुनु तिमी
सुनेर अनेक कुरा
मायालाई सँगाल्न
मायाकै कुरा गरिरहेछु

छाम, हेर, चियाउ मभित्र
देख्छौ तिमी आफ्नै चरित्र
श्वास फेर्न छाडेर
को बाँचेको छ र यहाँ ?
म तिमीविना एक्लै मरिरहेछु



झ्यापै !



रवि मिश्र
@rabimishra





आत्मसमीक्षा

प्रदीप खड्का
अभिनेता

सफलता होइन, सन्तुष्टि रोज्छु

नेपाली चलचित्रका स्थापित अभिनेता हुन्, प्रदीप खड्का । 'प्रेम गीत' दर्शकले धेरै रुचाएको चलचित्रमध्ये पर्छ । 'लिलि बिली', 'लभ स्टेसन', 'प्रकाश', 'पुजार सार्की,'लगायत लोकप्रिय चलचित्रमा अभिनय गरेका खड्काले आफ्नो कलाकारिता यात्राबारे पवन बराइलीसँग आत्मसमीक्षा गरेका छन् :

फिल्म क्षेत्रमा मेरो परिवारका कोही पनि थिएनन् । मलाई गाइड गर्ने मान्छे थिएनन् । फिल्मको हिरो बन्छु भन्ने मेरो दिमागमै थिएन । आफूलाई कुनै पनि एंगलबाट हिरो लाग्दैनथ्यो । स्कुल पढ्दासम्म जन्मँदै हिरो भएर आउने होला भन्ने लाग्थ्यो । एसएलसी दिइसकेपछि मेरो फुर्सदिलो समय थियो । मलाई टेलिभिजनमा देखिनुपर्छ भन्ने लाग्थ्यो । टेलिभिजनमा गएपछि चर्चित भइन्छ भन्ने लाग्थ्यो ।

त्यसपछि मलाई टेलिभिजनमा प्रस्तोता बन्ने हुटहुटी जाग्यो । तर, प्रस्तोता बन्न सजिलो रहेनछ । टेलिभिजन प्रस्तोताको काम गर्नु आफैंमा गाह्रो रहेछ । त्यसपछि क्यामेरापछाडि काम गर्न थालैं । टेलिभिजनमा रियालिटी सोको कार्यक्रम व्यवस्थापनको रूपमा काम गरैं ।

मैले म्युजिक भिडियोमा खेल्न पनि कोसिस नगरेको होइन । भिडियोमा पनि एक्प्रेसन र लिप्सिङ गर्न मलाई निकै अप्ठ्यारो लाग्यो । फेरि म्युजिक भिडियो निर्देशनतिर लागैं । तर, आफू पर्दा पछाडि मात्रै भएँजस्तो महसुस भयो । मलाई बाहिर देखिन मन लाग्यो, चर्चित बन्न मन लाग्यो । त्यसवेला चर्चामा आउने भनेको च्याम्प मोडलिङ थियो । च्याम्प मोडलिङ गर्दा मिडिया कभरेज पनि राम्रै हुन्छ भन्ने लाग्यो । तर, च्याम्प मोडलिङ गर्न जाँदा पनि हाइट पुग्दैन भनेर फर्काइदिए । अब के गर्ने ? निकै समय आफैंसँग मन्थन गरिरहैं ।

अब आफैं फिल्म बनाउने योजना बनाएँ । सन् २०१०/११ तिरको कुरा हो । प्रड्क्सन हाउस आफैंले दर्ता गरैं । आफैंले फिल्म कथा लेखैं । त्यसपछि फिल्म 'ठूलो मान्छे' आफैंले निर्माण गरैं । फिल्मको क्यारेक्टरसँग आफूलाई सुहाउँलाजस्तो नलागेर अभिनयचाहिँ गरिनँ । म निर्माताको भूमिकामै रहैं ।

सुहाउँदो क्यारेक्टर खोजेर फिल्म बनाउनुपर्छ भन्ने लाग्यो । क्यारेक्टर खोजेर आफैं फिल्म प्रोड्युस् गरैं । फिल्म 'स्केप' निर्माण गरैं । त्यसवेलासम्म फिल्म खेल्छु भनेर हिँडेको पाँच-सात वर्ष भइसकेको थियो । फिल्म खेल्नैपर्छ भनेपछि 'स्केप'मा आफैंले पनि अभिनय गरैं । फिल्म हलमा रिलिज भयो । त्यो फिल्म सोचेजस्तो भएन । त्यसपछि फिल्म क्षेत्र नै छोड्ने निर्णयमा पुगैं ।

सन् २०१५ तिरको कुरा हो । अब यो क्षेत्रमा धेरै समय खर्चिन सक्दिनँ भन्ने सोच आयो । त्यसपछि विदेश जाने योजना बनाएँ । त्यसैवेला भूकम्प गयो । केही समय भूकम्पले गर्दा रोकिएँ ।

त्यसवेला 'प्रेमगीत' फिल्मका लागि कलाकार चाहिएको रहेछ । कलाकारका लागि विज्ञापन छापिएको देखैं । अडिसन दिने सोच बनाएँ । तर, म कुनै पनि कोणबाट हिरो हुन सक्दिनँजस्तो लाग्थ्यो । विदेश जानअघिको ६ महिना फुर्सदको समय मसँग थियो । आखिर समयको सदुपयोग हो भनेर अडिसन दिएँ । भाग्यवश म नै छानिएँ । फिल्म बनेर हलमा रिलिज भयो । त्यसपछि मलाई दर्शकले चिन्न थाले । मेरो कामलाई सबैजनाले मन पराइदिनुभयो । पाँच-सात वर्षदेखि फिल्ममा काम गर्ने भनेर चक्कर काटेर हिँडेको थिएँ । 'प्रेम गीत'ले मलाई कलाकारको रूपमा चिनाइदियो । त्यसपछिचाहिँ मलाई अब नेपालमै टिक्न सक्छु भन्ने लाग्यो । डेढ वर्षपछि मैले 'प्रेम गीत-२' मा काम गरैं । यो फिल्ममा मैले गरेको कामलाई दर्शकले रुचाइदिनुभयो । त्यसपछि मैले नेपालमै बस्ने निर्णय गरैं ।

> मसँग रिसराग साँध्ने, लडाइँ झगडा गर्ने र द्वेष राख्ने समय हुँदैन । जीवनमा सन्तुष्ट भएरै बाँच्नुपर्छ भन्ने लाग्छ । तर, कसैले अस्तित्व स्वीकार गरेन भने फाइट पनि गर्नुपर्नेरहेछ ।

अवस्थाअनुसार आफूलाई अनुकूल बनाउँदै लगैं । आजसम्मको जीवनयात्रामा मलाई कुनै 'अफसोस' छैन । केही अनुभव बटुलेको छु । जीवन छनोट रहेछ । तपाईंले जस्तो छनोट गर्नुहुन्छ जीवन त्यस्तै हुँदै जानेरहेछ । म फिल्ममा नभएकोभए व्यवसायतिर जान्थैं होला । मेरो जीवन त्यतैतिर बित्थ्यो होला । मलाई गाइड गर्ने कोही पनि थिएनन् । म आफ्नै निर्णयअनुसार चल्दै आएँ । अहिले सम्झिँदा फिल्ममा आउने ठीकै निर्णय गरेछुजस्तो लाग्छ । यो दौरानमा कहिल्यै विचलित पनि भइनँ ।

१० वर्षअघिसम्म भेटेजति फिल्म गर्छु भन्ने लाग्थ्यो । त्यसवेलासम्म धेरै फिल्म गर्नु सफलताको मानक पनि मानिन्थ्यो । तर, मलाई संख्यात्मक रूपमा धेरै फिल्म खेल्न मन लागेन । अहिलेसम्म जतिवटा फिल्म गरैं त्यसमा सन्तुष्ट छु । जीवनमा आफू खुसी भएपछि सफलता मिल्दो रहेछ । सफलता र असफलता भन्ने कुरा आफू खुसी छु कि छैन भन्ने कुराले मापन हुँदोरहेछ । फिल्म हिट/फ्लपले मानक नहुने रहेछ । फिल्मको मापन पैसा कति कमायो र गुमायो भन्ने पनि होइन रहेछ । जीवनमा थोरै सफलताले पनि खुसी मिल्दो रहेछ । त्यसैले म आफूभित्र खुसी हुन खोज्छु ।

आज म सक्रिय रूपमा फिल्म काम गर्न खोज्दै छु । मैले फिल्ममा पूर्ण रूपमा गरेको १० वर्ष भयो । यस अवधिमा मैले नौ-दशवटा मात्रै फिल्ममा काम गरेको छु । अहिले मैले एक वर्षका लागि चारवटा फिल्ममा साइन गरिसकेको छु । यो मैले सचेत भएर निर्णय गरेको हुँ । एक वर्ष सक्रिय भएर फिल्ममा काम गरेर हेर्छु । के हुँदो रहेछ त ? भन्ने सोच आयो । मैले सन् २०१८ मा प्रेम गीत-३ गरैं । त्यसपछि झन्डै चार-पाँच वर्षमा मेरो एउटा मात्रै फिल्म आयो । अरूको भए पाँच वर्षभित्र आठ-दशवटा फिल्म भइसक्थ्यो होला । प्रेम गीत-३ को रिलिजपछि मात्रै कदम अघि बढाउने सोचमा थिएँ । त्यसरी नै आफूलाई अघि बढाइरहेको छु । जानेर-नजानेर म यहाँसम्म आइपुगेको छु ।

आजसम्मको यात्रामा मलाई बिगार्न खोज्नेहरू धेरै भेटाएँ । तर, त्यस्ता मान्छेहरूबाट सजग भएँ । मलाई बिगार्न खोज्नेहरूबाट जोगिएरै फिल्म क्षेत्रमा अघि बढिरहैं । हरेक पाइला सचेत भएर चालैं । त्यसबाट मलाई फाइदै भयो ।

म सफलताको होइन, सन्तुष्टिको पछि लाग्छु । त्यसकारण मसँग रिसराग साँध्ने, लडाइँ-झगडा गर्ने र द्वेष राख्ने समय हुँदैन । जीवनमा सन्तुष्ट भएरै बाँच्नुपर्छ भन्ने लाग्छ । तर, कसैले अस्तित्व स्वीकार गरेन भने फाइट पनि गर्नुपर्नेरहेछ । त्यसैले मलाई कतिपयले छुचो, घमन्डी पनि भन्छन् होला, तर कतिपय अवस्थामा परिस्थितिलाई सम्हाल्न बोल्न बाध्य हुन्छु । सहन सक्ने क्षमता सबै मान्छेमा हुन्छ । तर, कतिसम्म सहने भन्ने पनि हुन्छ । तपाईंको जीवनमा अरूले जे गरे पनि सहने भन्ने हुँदैन । म सकेसम्म सहन्छु, तर सीमा नागेपछि सक्दिनँ । त्यसले मलाई नोक्सान पनि गर्छ । त्यसैकारण म आफ्नो अस्तित्व र आत्मसम्मानका लागि बोल्न बाध्य हुन्छु ।

जीवनमा विनम्र पनि हुनुपर्छ भन्ने लाग्छ । तर, मान्छेलाई विनम्रताको सीमा थाहा भएन भने झुकाइ नै रहने रहेछ । मचाहिँ जीवन छोटो छ, अरूसँग लडाइँ-झगडा गर्नुहुँदैन भन्ने विचारबाट प्रेरित छु । जो मान्छे आफू जीवनमा खुसी छैन, उसले अरूलाई पीडा दिने रहेछ । अरूलाई षड्यन्त्र गर्ने ऊसँग पर्याप्त समय हुँदोरहेछ । यो मेरो जीवनको भोगाइ हो ।

कहाँबाट आएका हुन् भारतका मानिस ?

भारतमा प्राचीन मानव आफन्तको हालसम्म कुनै जीवाश्म भेटिएको छैन



● मिसेल प्राइस



दक्षिण एसिया विश्वकै सबैभन्दा विविध मानव समुदायको घर हो । विभिन्न जातीय पहिचान, भाषा, धर्म, जात र रीतिरिवाजको मिश्रण भएको दक्षिण एसियामा एक अर्ब ५० करोडभन्दा बढी मानिस बसोवास गर्छन् । हालै वैज्ञानिकहरूले दक्षिण एसियाको मौजुदा जनसांख्यकीय विविधताबारे नयाँ खोज गरेका छन् ।

आधुनिक इतिहासमा हालसम्मकै सबैभन्दा ठूलो सम्पूर्ण जेनोम (मानव कोषमा हुने अनुवांशिक निर्देशनको संग्रह)को विश्लेषण गरेको छ । र, यसको प्रकाशन यही अप्रिलको 'बायोआरएक्सआइभी'मा प्रकाशित भएको थियो जसले भारतमा इरानी मूलका भारतीयको उत्पत्ति र पुरातन सिकार-संग्रहकर्ताले दक्षिण एसियामा बस्ती निर्माण गरेकोबारे नयाँ तथ्य सतहमा ल्याएको छ । अध्ययनले एक अप्रत्याशित खोजलाई पनि उजागर गरेको छ । अध्ययनले भारतमा निएन्डरथल मानव र तिनका नजिकका विकासवादी आफन्त डेनिसोभन्सका वंशाणुको आश्चर्यजनक विविधता पत्ता लगाएको छ । चाखलाग्दो कुरा के छ भने भारतमा यी प्राचीन मानव आफन्तको हालसम्म कुनै जीवाश्म भेटिएको छैन । अनुसन्धानकर्ताले उल्लिखित वंशाणु भारतमा कसरी आइपुग्यो र ती भारतमा अहिलेसम्म किन मौजुद छ भनेर अनुमान गरिरहेका छन् ।

> अधिकांश भारतीय मुख्यतया तीन पैतृक जनसंख्याको मिश्रण हुन् । यी तीनमा पहिलो समूहमा हजारौँ वर्षदेखि भारतीय जमिनमा बसोवास गर्ने सिकार-संग्रहकर्ता हुन् । दोस्रो समूहमा इरानी मूलका किसान हुन् ईसापूर्व ४७०० र ३००० बीचमा भारतमा आएका थिए । तेस्रो समूहमा मध्य-युरेसियन स्टेप क्षेत्रका गोठाला समावेश छन् ।

माथि उल्लेखित अध्ययनमा सहभागी नभएकी क्लेमसन विश्वविद्यालयका जनसंख्या आनुवंशिकीविद् केल्सी विट विश्वव्यापी आनुवंशिक अनुक्रम प्रयासले भारतलाई ठूलो मात्रामा बेवास्ता गरेको छ भनेर टिप्पणी गर्छिन् । अध्ययनका सन्दर्भमा 'हामीले पहिले राम्ररी नबुझेको जनसंख्याका बारेमा धेरै नयाँ ज्ञान प्राप्त गर्दै छौं,' उनी थप्छिन् ।

अधिकांश भारतीयहरू मुख्यतया तीन पैतृक जनसंख्याको मिश्रण हुन् । यी तिनमा पहिलो समूहमा हजारौँ वर्षदेखि भारतीय जमिनमा बसोवास गर्ने सिकार-संग्रहकर्ता हुन् । दोस्रो समूहमा इरानी मूलका किसानहरू हुन् ईसापूर्व ४७०० र ३००० बीचमा भारतमा आएका थिए । तेस्रो समूहमा मध्ये यूरेसियन स्टेप क्षेत्रका गोठाला समावेश छन् जो ईसापूर्व ३००० पछि, सम्भवतः ईसापूर्व १९०० र १५०० को बीचमा भारतमा प्रवेश गरेका थिए । नयाँ अध्ययनमा क्यालिफोर्निया विश्वविद्यालय बर्कलेकी जनसंख्या आनुवंशिकीविद् प्रिया मुर्जानी (जसले यसअघिको अनुसन्धानको सहनेतृत्व पनि गरेकी थिइन्) र उनका सहकर्मीले यी तीन पैतृक जनसांख्यकीय समूहको पहिचानको पुष्टि गरेका छन् । यी अनुसन्धानकर्ताले अघिल्लो अध्ययनको तुलनामा आधुनिक भारतीयको उल्लेखनीय रूपमा ठूलो नमुना प्रयोग गरेर नयाँ ज्ञान प्रस्तुत गर्छन् । लंगिट्युडनल एजिङ स्टडिज इन इन्डिया-डायग्नोस्टिक एसेस्मेन्ट डिमेन्सिया(लासी-डाड) तथ्यांक प्रयोग गर्दै मुर्जानी टोलीले दुई हजार सात सयभन्दा बढी आधुनिक भारतीय जिनोमलाई क्रमबद्ध गरेको थियो । यो नमुना विगतको अनुसन्धान भन्दा धेरै ठूलो हो र यसले लगभग हरेक भौगोलिक क्षेत्रका व्यक्ति, सबै प्रमुख भाषा समूहका वक्ता, र विभिन्न जनजाति एवं जातका सदस्यलाई समेटेको छ ।

हजारौँ वर्ष पहिले यस क्षेत्रमा बसाइँ सरेका इरानी मूलका किसानका बारेमा थप जानकारीका लागि अन्वेषकहरूले इरानी वंशका समूहबाट प्राचीन डिएनएको विश्लेषण गरेका थिए जुन यी मानिसको भारतमा आगमनभन्दा पहिलेको थियो । त्यसपछि हालका भारतीयमा अवलोकन गरिएका ढाँचासँग कसको वंशाणु सबैभन्दा राम्रोसँग मेल खान्छ भनेर पहिचान गर्न सिमुलेसन विधि अपनाइएको थियो । सबैभन्दा नजिकको मेल अहिले उत्तर-पश्चिम ताजिकिस्तानमा रहेको पुरानो कृषि केन्द्र साराजमका किसानसँग मिल्न गएको थियो । यी किसानले गहुँ र जौको खेती गर्थे, गाईबस्तु पाल्थे र युरेसियाभरि व्यापक व्यापारमा संलग्न थिए ।

चाखलाग्दो कुरा के छ भने, साराजमका एक प्राचीन व्यक्तिसँग भारतीय वंशको अंश थियो र अर्को व्यक्तिलाई प्राचीन भारतका जस्तै सिरेमिक ब्रेसलेटले गाडिएको थियो । 'यसले सीधै दुई संस्कृतिलाई जोडेको छ र देखाएको छ कि मिश्रण एकतर्फी मात्र थिएन,' मुर्जानी बताउँछिन् ।

सेन्ट लुइस, वासिङटन विश्वविद्यालयका पुरातत्त्वविद् माइकल फ्रेचेटी यो अध्ययनमा संलग्न भएका थिएनन् र उनी यसलाई 'निकै आकर्षक' ठान्छन् । साराजम एक प्रमुख केन्द्र थियो जहाँबाट खेतीपाती, घरपालुवा जनावर र मानव वंशाणु कस्मिर र उत्तर-पश्चिमी भारतमा फैलाइएको थियो । 'यसले महत्त्वपूर्ण कथा भन्छ, पहिलेको समयमा समाज अहिले हामीले सोचेको भन्दा धेरै अर्थले जोडिएका छ,' उनी भन्छन् ।

यद्यपि, स्टेपबाट आएका गोठालाजस्ता अन्य पुर्खाबारे 'अस्पष्टता' छ, बनारस हिन्दु विश्वविद्यालयका जैविक मानवशास्त्री ज्ञानेश्वर चौबे बताउँछन् । भारतबाट पुरानो डिएनए नमुनाको अभावको अर्थ विश्लेषणबाट केही पुरातन स्रोत हराइरहेको हुन सक्ने उनको भनाइ छ ।

परापूर्व समयमा जाँदै गर्दा मुर्जानी र उनका सहकर्मीले प्रागैतिहासिक बसाइँसराइ र अन्तर्क्रियाबारेमा आश्चर्यजनक ज्ञान फेला पारेका छन् । आधुनिक मानवले लगभग ८० हजार वर्ष पहिले भारतमा पाइने ढुंगाका औजार बनाएका थिए र तिनले वर्तमान जनसंख्यामा आनुवंशिक प्रभाव छोडेका छन् कि छैनन् भनेर विद्वान्हरूले लामो समयदेखि बहस गर्दै आएका छन् । यद्यपि, सम्बद्ध अवशेष नभएका कारण अनुसन्धानकर्ताले यी औजारको सर्जक पहिचान गर्न असमर्थ छन् ।

अध्ययनका अनुसार प्रारम्भिक औजार निर्माताको विरासत वर्तमान समयका व्यक्तिमा देखिन्छ । पुस्तौँबीचको आनुवंशिक उत्परिवर्तनदर अनुमान गरेर र भारतको आधुनिक जनसंख्यालाई यसको वर्तमान आनुवंशिक विविधता प्राप्त गर्न लाग्ने समय निर्धारण गरेर मुर्जानी र उनको टोलीले आजका भारतीयका पुर्खा लगभग ५० हजार वर्ष पहिले अफ्रिकाबाट एकल बसाइँसराइबाट आएका थिए भन्ने सुझाव दिन्छन् ।

यसबाहेक अन्वेषकले आधुनिक व्यक्तिमाथिको अध्ययनको नमुनाको एकदेखि दुई प्रतिशतको पुर्खा निएन्डरथल र तिनका आफन्त डेनिसोभान्सँग जोडिन्छ । र, अन्य विश्वव्यापी जनसंख्याको तुलनामा भारतीयसँग यी प्राचीन वंशाणुको उल्लेखनीय विविधता छ ।

मानव जनसंख्यामा पाइने सबै निएन्डरथल वंशाणुमध्ये करिब ९० प्रतिशत अध्ययन गरिएका दुई हजार सात सय भारतीय जिनोममा रहेका छन् । यो आइसल्यान्डमा निएन्डरथल डिएनएको अध्ययनमा पत्ता लागेकोभन्दा लगभग ५० प्रतिशतले बढी हो जहाँ दुई हजार सात सयभन्दा बढी जिनोमको विश्लेषण गरिएको थियो । अन्वेषकले निएन्डरथल र डेनिसोभन्सबाट विरासतमा प्राप्त नयाँ सम्भावित वंशाणु पनि ईंगित गरेका थिए जसले आफ्ना सन्ततिलाई विकासवादी फाइदा प्रदान गरेको हुन सक्छ । यद्यपि, यी फाइदा के हुन सक्छन् भनेर निर्धारण गर्न तुरन्तै सकिँदैन ।

मुर्जानीका अनुसार पुरातन मानवले भारतीय उपमहाद्वीपमा पुरातन आफन्तको ठूला र आनुवंशिक रूपमा विविध जनसंख्याको साथ अन्तर्क्रिया गरेका हुन सक्छन् । यद्यपि, यी आफन्तको कुनै जीवाश्म फेला परेका छैनन् । अर्को विश्लेषणअनुसार भारतको व्यापक भौगोलिक सीमा र नजिकका नातेदारसँग विवाह गर्ने सांस्कृतिक अभ्यासले अन्य क्षेत्रको तुलनामा निएन्डरथल डिएनएको फरक खण्ड संरक्षित भएको हुन सक्छ । यी अनिश्चितता समाधान गर्न, अनुसन्धानकर्तालाई थप आनुवंशिक र पुरातात्त्विक अनुसन्धान आवश्यक छ । केल्सी विट यस मुद्दाको जटिलतालाई जोड दिँदै 'विभिन्न जनसंख्या अन्तर्घुलन भएका धेरै सम्भावित परिदृश्य छन् जसले यसबारेमा स्पष्ट खोज्नु चुनौतीपूर्ण छ,' भन्छिन् ।

(प्राइस साइन्सका समाचार सहसम्पादक हुन् उनी मानवविज्ञान, पुरातत्त्व, र मानव विकासबारे कलम चलाउँछन् । अनुवाद : **दिनेश पन्त**)

अर्थ पत्रिका

नयाँ पत्रिका
शनिबार १२ जेठ ०८१

घरजग्गाबाट १० महिनामा ३३ अर्ब राजस्व

मन्दीका कारण सस्तो जग्गाको धेरै कारोबार हुँदा गत वर्षको भन्दा थोरै राजस्व संकलन

■ चालू आवको घरजग्गा कारोबार विवरण

महिना	घरजग्गा कारोबार संख्या	राजस्व संकलन (रुपैयाँ)
साउन	३९ हजार २६३	दुई अर्ब ९१ करोड चार लाख
भदौ	३५ हजार ६८६	तीन अर्ब चार करोड ५९ लाख
असोज	३९ हजार ८८१	चार अर्ब आठ करोड ६६ लाख
कात्तिक	२६ हजार ४६	दुई अर्ब १६ करोड ३८ लाख
मंसिर	४१ हजार ८५१	दुई अर्ब ८६ करोड ५० लाख
पुस	४५ हजार २७५	तीन अर्ब २० करोड ५२ लाख
माघ	५० हजार ९२१	तीन अर्ब ३७ करोड ५७ लाख
फागुन	५० हजार ९९८	तीन अर्ब ५९ करोड २६ लाख
चैत	५० हजार २५२	तीन अर्ब ९४ करोड ८१ लाख
वैशाख	४९ हजार ७८२	तीन अर्ब ८६ करोड ८१ लाख

स्रोत : भूमि व्यवस्थापन तथा अभिलेख विभाग



भक्तपुरको चाँगुनारायणस्थित प्लटिङ गरेर घडेरीका लागि तयार गरिएको जग्गा । स्रोत : घरजग्गा नेपाल

मिलन विश्वकर्मा/नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८०/८१ को वैशाख मसान्तसम्म घरजग्गा कारोबारबाट ३३ अर्ब पाँच करोड रुपैयाँ राजस्व संकलन भएको छ। यद्यपि, बढेको कारोबार संख्याको तुलनामा राजस्व संकलन सन्तोषजनक नभएको भूमि व्यवस्थापन तथा अभिलेख विभागले जनाएको छ।

विभागका अनुसार चालू आवको वैशाखसम्म घरजग्गाको लिखित पारित १८.१९ प्रतिशतले बढेको छ। तर, घरजग्गा कारोबारबाटै उठ्ने राजस्व (कर तथा गैरकर) भने ०.२१ प्रतिशतले घटेको छ।

१० महिनामा देशभर चार लाख २९ हजार नौ सय ५५ वटा घरजग्गा नामसारी (कारोबार) भएका छन्। गत आवको सोही अवधिमा भने देशभर तीन लाख ६३ हजार सात सय ६८ वटा घरजग्गा कारोबार भएका थिए। गत आवमा कुल चार लाख ६३ हजार तीन सय २२ कारोबार भएका थिए।

वैशाख महिनामा मात्रै देशभर ४९ हजार सात सय ८२ वटा घरजग्गा नामसारी भएका छन्। गत आवको वैशाखमा भने देशभर ४२ हजार चार ६१ कारोबार भएका थिए।

घरजग्गा कारोबार बढिरहे पनि सरकारलाई प्राप्त हुने राजस्व भने तुलनात्मक रूपले घटेको पाइएको छ। गत आवको १० महिनामा घरजग्गा कारोबारबाट ३३ अर्ब १२ करोड ७३ लाख ६४ हजार रुपैयाँ राजस्व संकलन गरेको थियो। चालू आवको वैशाखसम्म ३३ अर्ब पाँच करोड ७४ लाख ८५ हजार रुपैयाँ संकलन भएको छ। जुन अघिल्लो वर्षको समीक्षा अवधिको तुलनामा करिब पाँच करोड रुपैयाँ कम हो। गत वैशाखमा मात्रै ४९ हजार सात सय ८२ वटा कारोबार हुँदा सरकारलाई तीन अर्ब ८६ करोड ३८ लाख १६ हजार रुपैयाँ राजस्व प्राप्त भएको छ।

विभागका महानिर्देशक विदुर खनालले कम मूल्यका जग्गाको कारोबार बढी हुँदा राजस्व संकलनमा कमी आएको बताए। 'बढी मूल्यका घरजग्गा बिक्री भएको भए राजस्व पनि स्वतः बढी उठ्ने हुन्थ्यो। तर, अहिले कम मूल्यका घरजग्गाको कारोबार बढी भएको अनुमान छ। त्यसैले कारोबार संख्या बढे पनि राजस्व भने बढ्न सकेन,' उनले बताए।



अब घरजग्गा कारोबार बढ्न आमनागरिकको क्रयशक्ति बढ्नुपर्छ, त्यसपछि सामान्य अवस्थामा आउँछ

● **विदुर खनाल**, महानिर्देशक, भूमि व्यवस्थापन तथा अभिलेख विभाग

बढी मूल्यका घरजग्गा बिक्री भएको भए राजस्व पनि स्वतः बढी उठ्ने हुन्थ्यो। तर, अहिले कम मूल्यका घरजग्गाको कारोबार बढी भएको अनुमान छ। त्यसैले कारोबार संख्या बढे पनि राजस्व भने बढ्न सकेन। अब घरजग्गा कारोबार बढ्न आमनागरिकको क्रयशक्ति बढ्नुपर्छ। तर, पछिल्लो समय देखिएको शिथिलताका कारण आमनागरिकको क्रयशक्ति अझै बढ्न सकेको छैन। त्यसैले अहिले घरजग्गाको कारोबार सामान्य अवस्थामा आउन सकेको छैन। अर्थतन्त्र चलायमान भएपछि भने स्वतः घरजग्गा कारोबार बढ्ने अपेक्षा छ।

■ सामान्य अवस्थामा फर्कन समय लाग्ने

आव ०७८/७९ मा सात लाख ४५ हजार एक १९ वटा घरजग्गाको कारोबार भई कुल ७४ अर्ब ६५ करोड नौ लाख ४६ हजार रुपैयाँ राजस्व उठेको थियो। गत आवको तुलनामा घरजग्गा कारोबार यो वर्ष बढे पनि सामान्य अवस्थामा भने पुग्न सकेको छैन।

तथ्यांकअनुसार आव ०७८/७९ को तुलनामा अहिलेको घरजग्गा कारोबारको संख्या न्यून नै रहेको छ। उक्त आवको १० महिनामा ६ लाख ४३ हजार घरजग्गा कारोबार गर्दा ग्राहकले पुँजीगत लाभकर, सेवा शुल्क, रजिस्ट्रेसन, विलम्ब शुल्कलगायत शीर्षकमा सरकारलाई कर तिर्नुपर्छ। प्रदेश सरकारपिच्छे करका दरहरू फरक-फरक छन्।

पाँच सय ८१ वटा घरजग्गा कारोबार भएका थिए। सो आर्थिक वर्षमा कुल सात लाख ४५ हजार एक सय १९ वटा घरजग्गा कारोबार भएका थिए। त्यसबापत ०७८/७९ को १० महिनामा ६५ अर्ब ३० करोड २५ लाख ७१ हजार रुपैयाँ र वर्षभरमा ७४ अर्ब ६५ करोड नौ लाख ४६ हजार रुपैयाँ राजस्व उठेको थियो। जुन चालू आवको समीक्षा अवधिमा भएको घरजग्गा कारोबार र राजस्व संकलनभन्दा निकै बढी हो।

आर्थिक शिथिलता, जग्गा कित्ताकाटमा गरिएको कडाइ, तरलता अभाव, ब्याजदरमा भएको वृद्धिलगायत कारण गत आवमा घरजग्गा कारोबार खस्किएको थियो। त्यसपछि गत साउनमा सरकारले जग्गाको कित्ताकाटमा लगाएको प्रतिबन्ध हटाएको थियो। यसैगरी, पछिल्लो समय बैंकहरूमा लगानीयोग्य पुँजीको पर्याप्तता र घरजग्गालक्षित कर्जाको विशेष प्याकेजमा सहुलियत आएकाले विगतको भन्दा अहिले घरजग्गा कारोबार बढेको हो। तर, सामान्य अवस्थामा अझै नआएको विभागका महानिर्देशक विदुर खनालले बताए।

'अब घरजग्गा कारोबार बढ्न आमनागरिकको क्रयशक्ति नै बढ्नुपर्छ। तर, पछिल्लो समय देखिएको शिथिलताका कारण आमनागरिकको क्रयशक्ति अझै बढ्न सकेको छैन। त्यसैले अहिले घरजग्गाको कारोबार सामान्य अवस्थामा आउन सकेको छैन,' उनले भने, 'अर्थतन्त्र चलायमान भएपछि भने स्वतः घरजग्गा कारोबार बढ्ने अपेक्षा छ।'

सातको बजार

सुन-चाँदीको भाउ घट्यो

यसकारण घट्यो बजारभाउ

- विश्वका ठूला देशबीच भू-राजनीतिक टसलमा कमी भएको छ
- रिस्क-रिवार्ड रेसियो अनुकूल छैन
- गरगहनाको मागमा उच्च गिरावट
- पुरानो सुन-चाँदीको बजारमा धमाधम प्रवेश
- लगानीकर्ता नाफा साँचेर बसे, थप जोखिम मोल्न छैनन् तयार
- जुन (१९ जेठ)देखि अमेरिकी ब्याजदरमा भइरहेको कटौती हट्ने अनुमान

सुनको बजार मूल्य

मिति	सुनको मूल्य
६ जेठ आइतबार	१ लाख ४० हजार ९ सय
७ जेठ सोमबार	१ लाख ४१ हजार ८ सय
८ जेठ मंगलबार	१ लाख ४० हजार ६ सय
९ जेठ बुधबार	१ लाख ४० हजार ५ सय
१० जेठ बिहीबार	१ लाख ३८ हजार ७ सय
११ जेठ शुक्रबार	१ लाख ३६ हजार ९ सय

चाँदीको बजार मूल्य

मिति	चाँदीको मूल्य
६ जेठ आइतबार	१ हजार ९ सय १०
७ जेठ सोमबार	१ हजार ९ सय ४०
८ जेठ मंगलबार	१ हजार ८ सय ८५
९ जेठ बुधबार	१ हजार ९ सय
१० जेठ बिहीबार	१ हजार ८ सय ६५
११ जेठ शुक्रबार	१ हजार ८ सय ५५

सबैका लागि बैंक

Global IME Bank
ग्लोबल आइएमई बैंक लि
सबैका लागि बैंक

काठमाडौं/ यो साता नेपाली बजारमा सुन-चाँदीको भाउ घटेको छ। साताको दोस्रो दिन सोमबार सुन र चाँदीको मूल्यले हालसम्मकै उच्च रेकर्ड कायम गरे पनि त्यसयता निरन्तर ओरालो लागेको सुन-चाँदी व्यवसायी महासंघले जनाएको छ।

महासंघका अनुसार आइतबार सुनको मूल्य प्रतितोला एक लाख ४० हजार नौ सय रुपैयाँ थियो। सोमबार मूल्य थप बढेर प्रतितोला एक लाख ४१ हजार आठ सय रुपैयाँ कायम भयो। त्यसयता भने मूल्यमा निरन्तर ओरालो लागेको महासंघले विज्ञप्तिमार्फत जनाएको छ।

मंगलबार एक लाख ४० हजार ६ सय रुपैयाँ र बुधबार एक लाख ४० हजार पाँच सय रुपैयाँ प्रतितोलामा कारोबार भएको सुन बिहीबार १८ सय रुपैयाँले घटेको थियो। बिहीबार प्रतितोला एक लाख ३८ हजार सात सय रुपैयाँमा सुन किनबेच भएको थियो। शुक्रबार मूल्य थप १८ सय रुपैयाँ प्रतितोला घटेर एक लाख ३६ हजार नौ सय रुपैयाँमा किनबेच भएको महासंघले जनाएको छ। दुई दिनमा सुनको भाउ प्रतितोला ३८ सय रुपैयाँले घट्दा उपभोक्ताले केही सहज महसुस गरेका छन्।

त्यस्तै, चाँदीको भाउ पनि उच्च विन्दुमा पुगेर ओर्लिएको छ। आइतबार प्रतितोला १९ सय १० रुपैयाँ रहेको चाँदी सोमबार १९ सय ४० रुपैयाँ पुगेर नयाँ रेकर्ड कायम गरेको थियो। त्यसयता भने मूल्य निरन्तर घटेको महासंघले जनाएको छ। मंगलबार १८ सय ८५, बुधबार १९ सय, बिहीबार १८ सय ६५ र शुक्रबार १८ सय ५५ रुपैयाँ प्रतितोलामा चाँदी कारोबार भएको महासंघले जनाएको छ।

अन्तर्राष्ट्रिय रूपमै ब्याजदरमा कटौती हुँदा लगानीकर्ता सुन-चाँदीमा आकर्षण भएकाले विश्व बजारमै मूल्य बढिरहेको विश्लेषकले बताएका छन्। पछिल्लो समय सुन भण्डारणमा लगानी बढाउने चिनियाँ रणनीतिले मूल्य वृद्धिमा थप चाप परेको छ।

श्रीराम चिनी मिल सञ्चालन हुने

काठमाडौं/ श्रीराम सुगर मिल्स लिमिटेड सञ्चालनका लागि सहमति जुटेको छ। उद्योग सञ्चालनका लागि गठित कार्यदलले बिहीबार उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीलाई प्रतिवेदन बुझाएसँगै उद्योग सञ्चालन गर्ने सहमति भएको हो।

संसद्को महिला तथा सामाजिक मामिलाका सभापति किरण साहको संयोजकत्वमा कार्यदल गठन गरिएको थियो। सो कार्यदलले उद्योगीलाई आर्थिक संकट भएको र जग्गा उपयोग गरेर उद्योग चलाउने वातावरण बनाउनुपर्ने सुझाव दिएबमोजिम उद्योगको नाममा रहेको करिब ७४ बिघा जग्गामध्ये मूल संरचनामा असर नपर्ने गरी र ऋण फरफारक एवं मेसिनहरूको मर्मत-सम्भार गर्ने गरी तत्काल सञ्चालन गर्ने सर्तसहित मूल सडकसँग जोडिएको केही जग्गा बेच्न दिने सहमति गरेको छ।

उद्योग चार वर्षदेखि सञ्चालन हुन नसकेको र लगानीकर्ताले समेत थप लगानी गर्न तथा ऋणसमेत तिर्न नसकेको देखिएको प्रतिवेदनमा उल्लेख छ। उद्योगको पहिचानसम्बन्धी कार्य गर्नेसमेत कार्यदलमा सहमति भएको छ।

हाल उद्योगका मेसिन-औजार तथा जग्गा नेपाल बैंक लिमिटेडमा धितो रहेको र करिब ३१ करोड रुपैयाँ साँवा-ब्याजसहित ऋण रहेको छ।

टिप्ताला सञ्चालन, किमाथांका आज खुल्दै

३३ स्थानीय तिब्बतको रिउँ बजारमा बिक्री गर्न छुर्पी, घिउ, हातले बुनेका गलैँचालगायत लिएर गए

ताप्लेजुडमा **केशवप्रसाद भट्टराई**

नेपाल र चीनको स्वशासित क्षेत्र तिब्बतसँग सिमाना जोडिएको ताप्लेजुडको टिप्ताला नाका खुलेको छ। ओलाङचुङगोलाका ३३ स्थानीय टिप्ताला हुँदै तिब्बत प्रवेश गरेसँगै नाका सञ्चालनमा आएको हो।

टिप्ताला नाका हुँदै तिब्बत प्रवेशका लागि स्थानीयवासी बिहीबार हिँडेर मौवाटारमा वास बसेर नाकातर्फ गएका थिए। थप केही स्थानीय भने शुक्रबार बिहान ट्याक्टरमा चढेर गएको फक्ताङलुङ गाउँपालिका-७, ओलाङचुङगोलाका वडाध्यक्ष छेतेन शेर्पाले जानकारी दिए। उनीहरू सबै शुक्रबार साँझ पाँच बजे नाकाबाट तिब्बततर्फ प्रवेश गरेको वडाअध्यक्ष शेर्पाले बताए। उनीहरू तिब्बतको रिउँ बजार पुग्नेछन्।

स्थानीयले चौँरीबाट उत्पादित छुर्पी, घिउ, हातले बुनेको गलैँचालगायत लिएर तिब्बत गएको वडाध्यक्ष शेर्पाले जानकारी दिए। तत्कालैलाई तिब्बतले ओलाङचुङगोलाका बासिन्दालाई मात्र प्रवेश दिएको फक्ताङलुङ गाउँपालिका अध्यक्ष राजन लिम्बू (मुक्ति)ले जानकारी दिए।

ओलाङचुङगोला-टिप्ताला नाका खुलेपछि ताप्लेजुडका उत्तरी क्षेत्रका बासिन्दा हर्षित भएका छन्। चीनले कोराना संक्रमणपछि ०७७ देखि यो नाका बन्द गरेको थियो।



तिब्बतको टिप्ताला नाका प्रवेशद्वार

ओलाङचुङगोलाका स्थानीय टाँसी शेर्पाका अनुसार फुङलिङ बजारबाट खाद्य सामग्री ढुवानी गर्न तिब्बत नजिक र सस्तो पर्छ। नाका बन्द हुनु चार वर्षअघि तिब्बतको रिउँ बजारबाट ल्याउँदा आधाभन्दा थोरै मूल्यमा ओलाङचुङगोला आइपुग्ने टाँसीले बताए।

अहिले ओलाङचुङगोलासम्म गाडीसमेत पुगेको र चार वर्षदेखि अहिलेसम्ममा रिउँ बजारको भाउसमेत थाहा नभएकाले कताको मूल्य सस्तो पर्ने भन्ने विषयमा यकिन नभएको उनको भनाइ छ। यद्यपि, स्थानीयले हातले बनाएको गलैँचा नेपालमा भन्दा धेरै मूल्यमा बिक्री गर्न सहज हुने उनले बताए। जडीबुटी, चौँरीबाट उत्पादित घिउ, याकलगायत सामग्री अहिलेको बजार मूल्य थाहा नभए पनि धेरै बढी मूल्यमा बिक्री गर्न सकिने उनको विश्वास छ।

चार वर्षपछि किमाथांका खुल्ने खबरले स्थानीयमा छायो खुसी

संखुवासभामा **नवीन गुरुङ**

संखुवासभालाई चीनसँग जोड्ने उत्तरी क्षेत्र किमाथांका नाका आजदेखि सञ्चालनमा आउने भएको छ। कोरोना संक्रमणका कारण चीनले ५ माघ ०७६ देखि किमाथांका बन्द गरेको थियो। निरन्तरको पहलपछि किमाथांका नाका बन्द भएको चार वर्षपछि खुला हुन लागेको संखुवासभाका प्रमुख जिल्ला अधिकारी ध्रुवबहादुर खड्काले बताए।

शनिबार किमाथांका नाका सुचारु गर्न उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ सहभागी हुने कार्यक्रम छ। त्यस्तै, कोशी मुख्यमन्त्री हिक्मतकुमार कार्की, प्रतिनिधिसभा सदस्य दीपक खड्का, कोशी संखुवासभा (क)का सांसद तथा प्रदेश स्वास्थ्यमन्त्री राजेन्द्र कार्कीलगायत अधिकारीहरू हुनेछन्।

करिब चार वर्षपछि पटक-पटक आग्रह र चौतर्फी पहलपछि नाका खुल्ने भएपछि भोटखोलावासीमा खुसीयाली छाएको प्रभावित क्षेत्र भोटखोला गाउँपालिका अध्यक्ष वाङछेदर भोटेले बताए। उनले किमाथांका नाका खुला हुने भएपछि निकै राहतको अनभूति गरेको बताउँदै स्थानीयलाई चीन प्रवेश गर्न अस्थायी प्रवेशपत्र यसअघि नै वितरण गरिसकेको जानकारी दिए। सदरमुकाम खाँदबारीदेखि महँगो मूल्यमा दैनिक उपभोग्यदेखि खाद्यान्न, लत्ताकपडालगायत सामान किन्नुपर्ने बाध्यता नाका खुलेपछि हट्ने गाउँपालिका अध्यक्ष भोटेको भनाइ छ। खाँदबारीदेखि एक सय ६२ किलोमिटर उत्तरमा किमाथांका रहेको छ।

मोरङका उद्योगमा कार्यरत प्राविधिकलाई तालिम

विराटनगर/ उद्योग संगठन मोरङले औद्योगिक क्षेत्रममा कार्यरत प्राविधिकको सीप स्तरोन्नति तालिम सम्पन्न गरेको छ। विभिन्न उत्पादनमूलक उद्योगमा कार्यरत २२ प्राविधिकलाई इन्स्योर परियोजनासँगको सहकार्यमा तालिम दिइएको संगठनले जनाएको छ।

२० दिनसम्म सञ्चालन गरिएको तालिम शुक्रबार सम्पन्न भएको छ। समापनमा संगठनका अध्यक्ष राकेश सुरानाले उद्योगमा कार्यरत जनशक्तिको ज्ञान र सीप अभिवृद्धि भए उद्योगको उत्पादकत्व वृद्धिमा सहयोग पुगे बताए। उनले उद्योग प्रतिष्ठानले भोग्दै आएको दक्ष प्राविधिकको अभावलाई मध्यनजर गरी उद्योगहरूको आवश्यकताका आधारमा संगठनले पाठ्यक्रम तयार गरी तालिम सञ्चालन गर्दै आएको बताए।

प्रशिक्षक सञ्जयकुमार साहले प्राविधिकलाई ऊर्जा खपत न्यूनीकरणका उपाय, खेर गइरहेको ऊर्जा नियन्त्रण तथा मेसिनको प्रयोग र सञ्चालन विधि, प्राप्त ऊर्जाको समुचित उपयोग एवं व्यवस्थापन, ऊर्जा दक्षता पद्धति र महत्त्वका विषय तालिममा दिइएको बताए।

त्यस्तै, संगठनको सीप विकास कार्यक्रमअन्तर्गत अरिहन्त मल्टिफाइबर्स लिमिटेडमा जुट ब्याचिङसम्बन्धी तालिम तथा परिवर्तित सन्दर्भमा प्राविधिकलाई इन्डस्ट्री अटोमेसन भेरिएबल फ्रिक्वेन्सी ड्राइभ (भिएफडी)सम्बन्धी तालिम संगठन हाताभित्र एकैसाथ सञ्चालन गरेको संगठनले जनाएको छ।

'चाइनिज कुखुराको चल्ला' बेचेर दाङका किसानलाई ठगी

दाङमा **दीपक बोहरा**

सुर्खेतका दुई युवाले दाङको तुलसीपुर उपमहानगरपालिकाका ४० किसानलाई 'चाइनिज कुखुराको चल्ला' बेचेर ठगेका छन्। नेपालमा चाइनिज प्रजातिका कुनै कुखुराको उत्पादन र आयात अनुमतिसमेत नभएको पशु सेवा विभागले जनाएको छ।

सुर्खेत ठेगाना भएको जनता बहुउद्देश्यीय एग्रो फरेस्टी प्रालिबाट भन्दै निर्दोष सिंह, नवराज सुनारलगायतका व्यक्ति गत माघमा तुलसीपुरको वडा नम्बर ४ मा प्रवेश गरेका थिए। त्यसमध्ये सिंह र सुनार ढुक्कले गाउँमै बसे। उनीहरूले स्थानीय बालिका थापाको घरमा कार्यालय राखेर थापालाई समेत कर्मचारीका रूपमा खटाएका थिए। उनीहरूले सामाजिक रूपमा कमजोर एकल महिला, अपांगता भएका व्यक्ति तथा कमजोर शिक्षा हासिल गरेका किसानलाई ठगीका लागि लक्षित गरेको पाइएको छ।

तुलसीपुर-४ की एकल महिला सीता केसीको घरमा गत माघमा सिंह र सुनार पुगेर एकल महिलालाई सहुलियत दिने भन्दै 'चाइनिज कुखुरा'को चल्ला पालेर मनग्य आर्थिक उपार्जन गर्न सुझाव दिएका थिए। एकल महिला भएकाले चल्लाको खोर बनाउन छुट दिने र बोयर जातको बोका-बाख्रा एग्रो कम्पनीबाट निःशुल्क उपलब्ध गराउने प्रलोभन पनि देखाए। उनले ३० वटा चल्ला राख्ने बताए पनि कम्पनीले ७० वटा चल्ला राख्न दबाब दिएका थिए। उनले २१ हजार रुपैयाँ तिरेर ७० वटा कुखुराका चल्ला राखेको सुनाइन्।



कुखुरा पाल्दा ठगिएको थाहा पाएपछि इलाका प्रहरी कार्यालय तुलसीपुरमा गुनासो पोख्दै सीता केसी र खोरमा उनले पालेका कुखुरा।

सुर्खेतबाट ठग्न आएका युवाले केसीलाई मात्र होइन, उक्त गाउँका अधिकांश किसानलाई उक्साएर चाइनिज कुखुराका चल्ला बिक्री गर्न सफल भएका थिए। सोही गाउँका रुद्रप्रसाद खनालसमेत चल्ला किनेर ठगिएको भन्दै अहिले इलाका प्रहरी कार्यालय, तुलसीपुर धाइरहेका छन्। खनाल 'घ' वर्गका अपांगता भएका व्यक्ति हुन्। उनले ५० हजार रुपैयाँभन्दा बढी लगानी भइसकेको बताए।

तुलसीपुर-४ भ्युडहरका सालिकराम डाँगीले पनि सिंह र सुनारको कुरा सुनेर एक सयवटा चल्ला किनेर पालेको सुनाए। अहिलेसम्म ३० वटा चल्ला मरेका र ७० वटा बिक्रीयोग्य रहेका उनले बताए।

वडा कार्यालय छलेर कारोबार



मोहन पौडेल



तुलसी थापा

किसानलाई सहुलियत दिने प्रस्ताव लिएर कम्पनीका प्रतिनिधि तुलसीपुर उपमहानगरपालिकाको ४ नम्बर वडा कार्यालय पुगेका थिए। वडाध्यक्ष तुलसी थापाले उनीहरूको प्रस्तावमा शंका लागेर अनुमति नदिएको र त्यसपछि एकपटक पनि सो कम्पनीका प्रतिनिधि नआएको बताए।

ठग्ने नियतले जनता बहुउद्देश्यीय एग्रो फरेस्टी प्रालिका कर्मचारी तुलसीपुर १३ र १९ वडा कार्यालयमा पनि पुगेका थिए। तुलसीपुर-१३ का वडाध्यक्ष मोहन पौडेलले उनीहरूको कार्यक्रम शंकास्पद लागेकाले लागू गर्न नदिएको बताए। 'हाम्रो वडामा अएर १५ हजार रुपैयाँ केही किसानबाट उठाइसकेछन्,' उनले भने, 'त्यसपछि मैले प्रहरीलाई खबर गरेर त्यो पैसा पनि फिर्ता गर्न लगाएँ र गाउँमा यस्ता कार्यक्रम नल्याउन पनि भनेँ।'

■ पीडित किसानद्वारा प्रहरीमा उजुरी

ठगिएका किसानले इलाका प्रहरी कार्यालयमा २६ वैशाखमा प्रहरीसमक्ष निवेदन दिएका थिए। त्यसपछि प्रहरीको रोहबरमा ८ जेठसम्म किसानले पालेका सबै कुखुरा खरिद गरी लैजाने सहमति भएको थियो, तर हालसम्म जनता बहुउद्देश्यीय एग्रो फरेस्टी प्रालिबाट कसैले पनि कुखुरा खरिदका लागि सम्पर्क नगरेको पीडित किसान सालिकराम डाँगीले गुनासो गरे।

कम्पनीले कर्मचारीका रूपमा खटाएकी स्थानीय बालिका थापासमेत ठगिएकी छिन्। उनले पहिलो महिना १० हजार तलब पाए पनि त्यसयता पैसा नपाएपछि जागिर छाडेको बताइन्। ठगी गर्न प्रयोग गरिएको कम्पनी र किसानबीच लिखित सम्झौताविना कारोबार भएकाले कानुनी प्रक्रिया अगाडि बढाउन कठिनाइ भएको तुलसीपुरका प्रहरी निरीक्षक नवचन्द्र मल्लले बताए। उनले प्रहरी रोहबरमै पीडक र पीडितलाई छलफलमा राखेर किसानको कुखुरा खरिद गरी भुक्तानी दिलाउने सहमति गरे पनि कार्यान्वयन नभएको बताए। अहिले किसानबाट ठगिएको विषयमा ठाडो निवेदन परेकाले कारबाहीका लागि थप प्रक्रिया अघि बढाएको मल्लले बताए।

का.जि.द.नं.१२८/७६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
शनिबार १२ जेठ ०८१
www.nayapatrikadaily.com
नयाँ पत्रिका



थोत्रो म्याटमा अभ्यास गरेर देशलाई स्वर्ण पदक दिलाएँ

१३औँ दक्षिण एसियाली खेलकुद (साग)मा नेपालले उसुबाट पाँच स्वर्ण, ६ रजत र पाँच कांस्य जितेको थियो । राष्ट्रलाई स्वर्ण दिलाउने पाँचमध्येका एक खेलाडी हुनु, विजय सिन्जाली । उनले बंगलादेश र भारतका राम्रा खेलाडीलाई पछि पार्दै पदक जितेका थिए । उसुको छानछ्वाङतर्फ सिन्जालीले सर्वाधिक ९.४८ अंक प्राप्त गरेका थिए । बंगलादेशका मोहम्मद ओमारले ९.३४ र भारतका अन्जुलले ९.१६ अंक हात पारे । सन् २०१६ मा भारतको सिलोङमा रजत पदकमा सीमित भएपछि १३औँ सागमा राष्ट्रलाई स्वर्ण दिलाउने लक्ष्यका साथ उनले प्रशिक्षण गरे । उसुको राष्ट्रिय टोलीमा रहेका १८ खेलाडीले पुरानो थोत्रो म्याटमा अभ्यास गरेका थिए । खेलको अघिल्लो दिनमा मात्र नयाँ म्याट ओछ्याइएको थियो । एकैपटक नयाँ म्याटमा खेल्दा सिन्जाली मात्र नभएर अन्य खेलाडीलाई सेट हुन समय लागेको थियो । सागमा स्वर्ण जित्दाको तयारी र समस्याबारे उनले नयाँ पत्रिकाका **रमेश सुवेदी**लाई यसरी सुनाए :

सन् २०१५ मा धरानमा लुम्बिनी च्याम्पियनसिप आयोजना भएको थियो । प्रतियोगितामा नीराजन आलेमगरलाई हराउँदै स्वर्ण जित्न सफल भएँ । मैले खेल्ने विधामा नीराजन दाइ सधैं पहिलो स्थानमा आउनुहुन्थ्यो । यसपटक मैले उहाँलाई दोस्रो स्थानमा पार्ने । लुम्बिनी च्याम्पियनसिपपछि मैले करिअरमा फर्केर हेर्नुपरेन । त्यसवेला गृहजिल्ला सिराहामा उसु संघ थिएन । प्रतियोगितामा सहभागी हुन मोरङबाट खेलें । धरानमा च्याम्पियनसिप खेल्दा म १५ वर्षको थिएँ । आधिकारिक रूपमा मैले सन् २०१६ मा भारतमा आयोजना भएको १२औँ दक्षिण एसियाली खेलकुद प्रतियोगिता (साग)मा राष्ट्रिय टोलीबाट सहभागिता जनाएको थिएँ । यसअघि सन् २०१४ मा दक्षिण कोरियाको इन्चोनमा भएको एसियाडको छनोटमा खेलेको थिएँ । तर, पछि प्रतिस्पर्धा दौरान म बिरामी भएँ । राखेपको मिनी कभर्डहलमा आयोजना भएको छनोटमा भाग्यले साथ दिएन । फेरि छनोट खेल रातिको समयमा थियो । छनोट चरणबाट इन्चोन एसियाडमा स्थान बनाउन सकिनँ । नीराजन दाइले एसियाड खेल्नुभयो । कोरियाबाट फर्केपछि उहाँले सन्न्यास लिनुभयो । उहाँको सन्न्यासपछि म आफ्नो विधामा दोस्रो कहिल्यै भइनँ ।

भारतको सिलोनमा आयोजना भएको १३औँ सागमा नेपालबाट प्रतिनिधित्व गर्दा म केवल १६ वर्षको थिएँ । सिलोङमा हामी उसुका १७ जना थियौँ । एकैपटक साग खेलकुद प्रतियोगिता खेल्न निकै गाह्रो हुँदो रहेछ । राखेपको सामान्य कभर्डहलमा अभ्यास र छनोट खेल पार गरेको थिएँ । सिलोङको उसु खेलका लागि तयार पारेको कभर्डहल देख्दा भव्य लाग्यो । पहिलोपटकको सहभागितामा रजत जितें । त्यसवेला मसँग धेरै एक्सपोजर तथा अन्तर्राष्ट्रिय खेलको अनुभव थिएन । स्वर्ण प्रतिस्पर्धाको अनुभव कम भएका कारण नै रजत पदकमा सीमित भएँ । पहिलोपटक राष्ट्रको प्रतिनिधित्व गरी खेलेको प्रतियोगितामै रजत जित्दा धेरै खुसी भएँ । त्यसवेला मेरो लक्ष्य स्वर्ण नै थियो ।

यसको दुई वर्षपछि सन् २०१८ मा इन्डोनेसियाको जाकार्तामा एसियाड भयो । त्यहाँ मैले सोचेजस्तो प्रदर्शन गर्न सकिनँ । उसुको पहिलो इभेन्ट खेल्न निकै गाह्रो भयो । जाकार्ताको वातावरण बुझ्न नसक्दा मैले आफूलाई १३औँ स्थानमा पाएँ । एकपछि अर्को अन्तर्राष्ट्रिय प्रतियोगिताको सहभागिताले मलाई अनुभवी बनायो । गत वर्षको असोजमा चीनको हाङझाउमा भएको १९औँ एसियाडमा सातौँ स्थान प्राप्त गरें ।

तयारी थोत्रो म्याटमा, तर खेल नयाँमा

जाकार्ताबाट फर्केपछि नै हामी उसुको राष्ट्रिय टोलीमा सहभागी सबै खेलाडी घरमै आयोजना हुन लागेको १३औँ साग खेलको तयारीमा लाग्यौँ । सिलोङमा प्राप्त गर्न नसकेको स्वर्ण यसपटक नेपालमै जित्ने संकल्प गरें । मसहित १८ खेलाडी पदक जित्ने अभियानका साथ प्रशिक्षणमा व्यस्त भएका थियौँ । सागको तयारी चलिरहँदा १४औँ उसु विश्व च्याम्पियनसिप चीनमा आयोजना हुने भयो । संघले हामीलाई सहभागिता गराउने निर्णय गऱ्यो । विश्व च्याम्पियनसिपमा विश्वभरका उत्कृष्ट खेलाडीको कौशल र उनीहरूबाट अनुभव लिने एउटा आधार थियो ।

> सबै खेलाडीले पुरानो म्याटमा प्रशिक्षण गरेका थिए । उसुको खेल हुने अघिल्लो रात मात्रै भारतबाट नयाँ म्याट खेलस्थलमा राखियो । हामीले एक दिन पनि नयाँ म्याटमा अभ्यास गर्ने अवसर नै पाएनौँ ।

अर्को फाइदा भनेको त्यसै च्याम्पियनसिपमा १३औँ सागमा खेल्न आउने खेलाडीहरूको रणनीति बुझ्ने समय पनि थियो । मैले विश्वका उत्कृष्ट खेलाडीसँग खेल्ने अवसर पाएँ । उनीहरूसँग खेल्न आफूलाई थप निखार्ने । पहिलोपटक विश्व च्याम्पियनसिप खेलेपछि मेरो खेलमा सुधार आयो । त्यहाँबाट फर्केपछि अझ केही गर्न सक्छु भन्ने विश्वास पलाएको थियो । विश्व च्याम्पियनसिपमा क्वालिटी अफ मोमेन्ट आवश्यक पर्ने थाहा पाएँ । यहाँसम्म म्याटमा डान्स गर्दा क्लियर हुनुपर्छ । शरीरलाई नियन्त्रणमा राखी प्रदर्शन गर्नुपर्ने थाहा पाएँ । खेलकौशल देखाउँदा डिग्रीअनुसार प्रदर्शन गर्नुपर्ने हुन्छ । यस पक्षमा थप निखार्नुपर्ने थाहा भयो । विश्व च्याम्पियनमा ९३ मध्ये म शीर्ष १५ भित्र परेको थिएँ ।

चीनबाट नयाँ ऊर्जा लिएर हामी नेपाल फर्कियौँ । केही दिनको आरामपछि हामी फेरि सागको तयारीमा जुट्यौँ । सागअघि हामीलाई प्रकाश लामा र मोहन पाण्डेमगर (स्वर्गिय) गुरुले अभ्यास गराउनुभएको थियो । हामीले करिब ६-७ महिना अभ्यास गर्‍यौँ । सुन्धारामा रहेको होटेल नै हाम्रो घर बनेको थियो । होटेलमा यति लामो बसाइ र त्यति नै दिन अभ्यास हुने मलाई थाहा थिएन । हाम्रो दैनिक अभ्यास दशरथ रंगशालामा थियो । तर, खेल लगनखेलमा थियो ।

खेल स्थलमा गएर अभ्यास गर्ने योजना थियो । केही दिनपछि लगनखेलमा रहेको शरीरिक तथा प्रशिक्षण केन्द्रमा हामीले अभ्यास सुरु गर्‍यौँ । त्यहाँको अभ्यास निकै राम्रो थियो । साथसाथै समस्या पनि आइरहेको थियो । सागमा छनोट भएका सबै खेलाडीले पुरानो म्याटमा प्रशिक्षण गरेका थिए । पानीले भिजेको म्याट घाममा सुकाएर अभ्यास गरेका थियौँ । उसुको खेल हुने अघिल्लो रात मात्रै भारतबाट नयाँ म्याट खेल स्थलमा राखियो । हामीले एक दिन पनि नयाँ म्याटमा अभ्यास गर्ने अवसर नै पाएनौँ । भारतबाट ल्याएको नयाँ म्याट एसियन गेम्स वा विश्व च्याम्पियनसिपमा ओछ्याइएको जस्तो थिएन ।

आफ्नै खर्चमा ड्रेस सिलाएँ

अन्य खेलको तुलनामा उसु अलि फरक छ । यसमा रंगीबिरंगी ड्रेस (पोसाक) आवश्यक पर्छ । उसुको विधानअनुसार ड्रेस कोर्ड हुन्छ । प्रतिस्पर्धामा आकर्षक देखाउन र दर्शकलाई आकृतिर तान्न राम्रो र गुणस्तरीय ड्रेस हुनुपर्छ । सामान्य किसिमको ड्रेस पनि चल्छ । यति सुहाउँदैन । फेरि सागजस्तो प्रतिस्पर्धामा जस्तो पायो त्यस्तै ड्रेस लगाएर खेल्नु पनि भएन । अलि राम्रै हुनुपर्‍यो । सुरुमा नेपाली टोलीका खेलाडीको ड्रेस बनाउन समस्या भयो । सागको दौरान एउटा दुःखद लाग्ने पक्ष के रह्यो भने प्रतिस्पर्धाको दौरान मैले लगाएको ड्रेस म आफूले नै खर्च गरी सिलाएको थिएँ । अर्को अर्थमा १३औँ साग खेल्दाको ड्रेसमा आफ्नै लगानी पर्‍यो ।

> राष्ट्रिय खेलकुद परिषद् र खेलाडीको लगानीमा सागमा खेल्ने ड्रेस बनेको थियो । मैले लगाएको ड्रेसमा मेरो २० हजार रुपैयाँ पर्‍यो । खेल हुने अन्तिम समयमा ड्रेस बनाएको थिएँ ।

राष्ट्रिय खेलकुद परिषद्ले हाम्रो ड्रेसमा आधा मात्र खर्च गरेको थियो । राखेप र खेलाडीको लगानीमा सागमा खेल्ने ड्रेस बनेको थियो । मैले लगाएको ड्रेसमा मेरो ठ्याक्कै २० हजार रुपैयाँ पर्‍यो । त्यो पनि खेलको अन्तिम समयमा ड्रेस बनाएको थिएँ । ड्रेस बनाउने क्रममा अर्को समस्या आएको थियो । मोटरसाइकलमा जाँदा मैले आफ्नो महत्त्वपूर्ण एक्रेडेसन कार्ड नै हराएँ । धेरै खोजें, तर कही पाइनँ । यसले केही समय दुःख नै दियो । मैले संघ, राखेप र नेपाल ओलम्पिक कमिटीलाई कार्ड हराएको जानकारी दिएँ । ओलम्पिकले सहजै मेरो नयाँ कार्ड बनाइदियो । आफ्नो लगानी परेको ड्रेसमै मैले राष्ट्रलाई उसुबाट स्वर्ण पदक दिलाउँदाको क्षण सम्झँदा भावुक हुने गर्छु ।

स्वर्ण पदक जित्ने विश्वास थियो

हामीले उसुको इभेन्ट सुरु हुने अघिल्लो दिनसम्म पानीमा भिजेको र घाममा सुकाएको म्याटमा बसेर तयारी गरेका थियौँ । खेल सुरु हुने बिहान पनि त्यही पुरानो म्याटमै अभ्यास चलिरह्यो । लगनखेलको प्रशिक्षण केन्द्रमा मैले सहभागी अन्यलाई पछि पार्दै स्वर्ण पदक जितें । साग अगाडि चीनमा भएको विश्व च्याम्पियनसिपमा ९० मध्ये १५ भित्र आएपछि १३औँ सागमा स्वर्ण जित्नेमा विश्वस्त भएको थिएँ । स्वर्ण पदकको प्रतिस्पर्धामा मेरो सबै पक्ष राम्रो भयो । खासै गल्ती भएन । डान्स पनि राम्रो भएको थियो । एरिनामा जाँदा दर्शकको समर्थनबाट भनै हौसिएको थिएँ । नयाँ म्याट पनि क्वालिटीको थिएन ।

उसुमा भनिन्छ, 'वान मिस, गेम फिनिस ।' जहाँ एउटै प्रतिस्पर्धामा हुन्छ । खेलको दौरान लड्ने वा चिप्लिने डर थियो । म्याटमा जानुअघि मनमा धेरै कुरा खेलेका थिए । सक्दो आफूले उत्कृष्ट गर्ने संकल्प गरेँ । घरेलु समर्थकमाझ सहभागी पाँच देशलाई हराउँदै स्वर्ण पदक जितें । लगनखेलस्थित सेनाको शारीरिक तथा प्रशिक्षक केन्द्रको कभर्डहलमा उसुले पहिलो पदक जितेको थियो । उसुको प्रतिस्पर्धा चलिरहँदा लगनखेलबाट नजिक रहेको सातदोबाटोको तेक्वान्दो हलमा तेक्वान्दोबाट पहिलो पदक जितेको थियो । त्यसवेला तेक्वान्दोको चर्चा मात्र भइरहेको थियो । तर, हामीले उसुबाट स्वर्ण जितेपछि तेक्वान्दोको चहलपहल एकैछिनमा समाप्त भयो । व्यक्तिगत रूपमा धेरै खुसी थिएँ । देशलाई जिताएको पहिलो स्वर्ण पदक पनि हो । कभर्डहलमा भएका मान्छे सबै खुसी थिए ।

अझ राम्रो हुन सक्थ्यो

मैले १२ वर्षको उमेरमै टर्कीमा भएको जुनियर विश्व च्याम्पियनसिप खेलेको थिएँ । उसुको छानछ्वाङ विधाबाट सानैदेखि अहिलेसम्म यसै विधामा खेलिरहेको छु । समग्रमा मैले उसु खेलमा बिताएको समय १५ वर्ष भयो । यहाँसम्म प्राप्त सफलता सबै मिहिनेतका कारण हो । कहिलेकाहीँ खेल करिअरको विश्लेषण गर्दा अझ योभन्दा राम्रो नतिजा राष्ट्रलाई दिन सक्ने अवस्था थियो । सोचेजस्तो नतिजा दिलाउन नसक्नुका पछाडि हाम्रो राम्रो तयारी नहुनु हो । अहिले जति पनि खेलाडी उच्चस्तरमा पुगेका छन्, उनीहरू आफ्नै परिश्रमका कारण हुन् । राखेपले अहिले मिसन २०२६ बनाएको छ । हामी राष्ट्रिय टोलीको प्रशिक्षणमा छौँ । दिनमा तीन सय भत्ता आउँछ । यसैले तयारी चलिरहेको छ । अभ्यास गतिलो हुन सकेको छैन । अन्तर्राष्ट्रियस्तरको अभ्यास पाउँदा हामीले दक्षिण एसियामा मात्रै होइन, एसियामै तहल्का मचाउन सक्छौँ । यसमा सरकारको विशेष ध्यान जानुपर्छ । सम्बन्धित निकायबाट प्रशिक्षणमा रहेका खेलाडीले कसरी प्रशिक्षण गरिरहेका छन् ? उनीहरूको डाइट कस्तो छ ? कुन म्याटमा तयारी गरेका छन् ? यस्ता पक्षमा ध्यान दिनुपर्छ । यी सबै पक्ष पूरा हुँदा हामीले जापानमा आयोजना हुने एसियाडमा पदक जित्न सक्छौँ ।

घिमिरे बने राष्ट्रिय टोलीका सहायक प्रशिक्षक

नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)ले चेतन घिमिरेलाई राष्ट्रिय फुटबल टोलीको सहायक प्रशिक्षकमा नियुक्त गरेको छ । एन्फाले शुक्रबार नेपाल पुलिस क्लबका मुख्य प्रशिक्षकमा कार्यरत रहेका घिमिरेलाई पहिलोपटक सिनियर पुरुष टोलीको सहायक जिम्मेवारी दिएको हो । 'ए' लाइसेन्स प्राप्त घिमिरेसँग राष्ट्रिय महिला टोलीको सहायक प्रशिक्षकका रूपमा काम गरेको अनुभव छ । उनकै प्रशिक्षणमा पुलिसले गत सिजनका सहिद स्मारक 'ए' डिभिजन लिगको रेलिगेसन टारेको थियो । लिगमा उत्कृष्ट पुनरागमन गर्दै पुलिसले तेस्रो स्थान रक्षा गरेको थियो । 'एन्फाले नयाँ जिम्मेवारी दिएको छ । आफूमाथि थप जिम्मेवारी आएको महसुस गरेको छु,' उनले भने ।



एएफसीको 'ए' लाइसेन्स प्राप्त घिमिरेसँग राष्ट्रिय महिला टोलीको सहायक प्रशिक्षकका रूपमा काम गरेको अनुभव छ ।

एन्फाले गोलरक्षक प्रशिक्षकमा मनीष तिमल्सिनालाई जिम्मेवारी सुम्पिएको छ । घिमिरे र तिमल्सिनालाई एन्फा महासचिव किरण राईले नियुक्तिपत्र दिएका छन् । यसअघि टोलीका सहायक प्रशिक्षकमा प्रवेश कटुवाल र गोलरक्षक प्रशिक्षकमा विनोद डंगोल थिए । नेपालले २४ जेठमा फिफा विश्वकप २०२६ छनोटअन्तर्गत दोस्रो चरणमा संयुक्त अरब इमिरेट्स (युएई)सँग साउदी अरेबियामा खेल्दै छ ।

युएईविरुद्धको खेलको पाँच दिनपछि नेपालले यमनसँग साउदीमै खेल्ने तालिका छ । समूह 'एच'मा नेपालले खेलेका चारै खेलमा हारको सामना गरेको छ । नेपालले चार खेलमा १४ गोल व्यहोरेको छ । नेपाल समूह 'एच'बाट फिफा विश्वकप २०२६ बाट बाहिरिसकेको छ । दुई खेल बाँकी रहँदा नेपाललाई एसियन कप २०२७ खेल्ने अवसर अझै बाँकी छ ।

आरसी-३२ शीर्ष स्थानमा

एन्फाले दुई खेलबाट ६ अंक खोसेको आरसी-३२ ले लगातार जित निकाल्दै सहिद स्मारक 'सी' डिभिजन लिगको शीर्ष स्थानमाथि कब्जा जमाएको छ । आरसी-३२, पुल्चोक र बागमती युवा क्लबबीच शीर्ष स्थानको होड चलेको छ । सहभागी १४ क्लबबाट शीर्ष दुई टोली 'बी' डिभिजन लिगमा बढुवा हुनेछन् । पुछारका दुई टोली रेलिगेसनमा पर्नेछन् ।

सातदोबाटोस्थित एन्फा मैदानमा शुक्रबार भएको खेलमा आरसी-३२ ले मनोहरा युनाइटेड युवा क्लबविरुद्ध २-१ को रोमाञ्चक जित निकाल्यो । आरसी-३२ ले २-० को अग्रता लिए पनि मनोहराले गोल गर्दै विपक्षीमाथि दबाब राखेको थियो । आरसीको जितमा आशिष लावती र किस्मत लिम्बूले गोल गरेका थिए । मनोहराका लागि उत्तम शाहीले एक गोल फर्काए । जितसँगै आरसी-३२ ले १० खेलमा २२ अंक जोडेको छ । मनोहरा समान खेलबाट १४ अंकका साथ पाँचौँ स्थानमा छ ।

खेलको २०औँ मिनेटमा आशिषको गोलमार्फत आरसी-३२ ले अग्रता लियो । ६७औँ मिनेटमा किस्मतले टोलीको अग्रता दोब्बर बनाएका हुन् । इन्जुरी समयमा उत्तमले मनोहरालाई खेलमा फर्काउन प्रयास गरे पनि सफल भएनन् ।

कोलकाता र हैदराबादबीच आइपिएलको उपाधि भिडन्त

एजेन्सी

१७औँ इन्डियन प्रिमियर लिग (आइपिएल)को उपाधि भिडन्त कोलकाता नाइट राइडर्स र सनराइजर्स हैदराबादबीच आइतबार हुने भएको छ । आइपिएलको दोस्रो क्वालिफायरमा हैदराबादले राजस्थान रोयल्सलाई ३६ रनले हराउँदै कोलकातासँगको उपाधि भिडन्त पक्का गरेको हो । कोलकाताले पहिलो प्ले अफमा हैदराबादलाई हराउँदै फाइनल स्थान सुरक्षित गरेको थियो । राजस्थानले रोयल्स च्यालेन्जर्स बेंग्लोरलाई स्तब्ध पार्दै हैदराबादसँगको दोस्रो प्ले अफमा प्रतिस्पर्धा गरेको हो ।

चेन्नईको मैदानमा शुक्रबार हैदराबादले पहिलो ब्याटिङ गरी २० ओभरमा नौ विकेटको क्षतिमा एक सय ७५ रनको योगफल खडा गरेको थियो । प्रत्युत्तरमा राजस्थानले २० ओभरमा सात विकेटको क्षतिमा एक सय ३९ रन बनाएको थियो । बलियो ब्याटिङ लाइनअप भएको राजस्थानलाई रोक्ने क्रममा सहबाज अहमेद र अभिषेक शर्माले घातक बलिङ गरेका थिए । अहमेदले चार ओभरमा २३ रन खर्चेर तीन विकेट लिए । शर्माले चार ओभरमा २४ रन खर्चेर दुई विकेट हात पारे ।

राजस्थानको ब्याटिङमा ध्रुव जुरेलले अर्धशतकीय इनिङ्स खेल्दा पनि टोलीलाई जित दिलाउन सकेनन् । उनले आवश्यक रनरेटअनुसार ब्याटिङ गर्दै ३५ बलमा सात चौका र दुई छक्का प्रहार गरी ५६ रन जोडेका थिए । ओपनर यशस्वी जैसवालले २१ बल खेल्दै ४२ रन बनाए । उनले चार चौका र तीन छक्का प्रहार गरेका थिए । कप्तान सन्जु सामसन र टोम काहलेरले समान १० रन बनाए । मध्यक्रमका भरपर्दा ब्याट्सम्यान रियान परागले ६ रन, रविचन्द्रन आश्विनले शून्य रन तथा सिमरोन हेटमेरले चार मात्र बनाए ।

हैदराबादको कमजोर ब्याटिङ

यसअघि पहिलो ब्याटिङ गरेको हैदराबादले अनपेक्षित ब्याटिङ प्रदर्शन गरेको थियो । लिग चरणमा उत्कृष्ट ब्याटिङ गरेको हैदराबादका ब्याट्सम्यान प्ले अफमा कमजोर देखिए । दोस्रो प्ले अफमा हैदराबादका लागि हेन्रिक क्लासेनले मात्र अर्धशतकीय इनिङ्स खेलेका थिए । उनले ३४ बलमा चार छक्काको सहयोगमा ५० रनको अर्धशतकीय योगदान दिए ।

हैदराबादले राजस्थानविरुद्ध ओपनिङ बलियो बनाउन सकेन । ओपनर ट्रेभिस हेड र अभिषेक शर्माले पहिलो विकेटका लागि ०.६ ओभरमा १३ रनको साझेदारी गरेका थिए । अभिषेकले पाँच बलमा समान एक चौका र छक्का प्रहार गरी १२ रन बनाए । ट्रेभिस र राहुल त्रिपाठीले दोस्रो विकेटका लागि ४२ रनको साझेदारी गरे । राहुलले १५ बलमा पाँच चौका र दुई छक्का प्रहार गरी ३७ रन जोडे । ओपनर हेडले २८ बल सामना गरी तीन चौका र एक छक्का प्रहार गरी ३४ रनको योगदान दिए । राजस्थानका लागि ट्रेन्ट बोल्टले चार ओभरमा ४५ रन खर्चेर तीन विकेट लिए ।




'खेलकुद पत्रकारिता अनुसन्धानात्मक हुनुपर्छ'

काठमाडौं/ राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले नेपाली खेलकुद पत्रकारिता शोध तथा अनुसन्धानात्मक हुनुपर्ने बताएका छन् । नेपाल खेलकुद पत्रकार मञ्चको १९औँ वार्षिक साधारणसभाको उद्घाटन गर्दै घिसिङले खेलकुद विकासको मुख्य पाटो रहेको बताउनुहुँदै पत्रकारहरूले सबै खेलकुद संघका समाचारलाई प्राथमिकतामा राख्दै अगाडि बढ्नुपर्ने बताए । 'पत्रकारिताको आयाम फेरिरहेको छ । यस्तोमा खेल पत्रकारले खेल जगत्लाई दीर्घकालीन प्रभाव पार्न सक्ने पक्षमा ध्यान दिनु जरुरी छ,' उनले भने ।

नेपाल कराँते महासंघका अध्यक्ष युवराज लामाले खेलकुदमा नयाँ खेलाडी उत्पादन हुनु जरुरी रहेको बताउँदै एकैजना खेलाडीले लामो समय कब्जा जमाउँदा खेल विकास नहुनुको सूचक रहेको जनाए ।

नेपाल पौडी संघका नवनिर्वाचित अध्यक्ष जगतमान श्रेष्ठले खेलकुद पत्रकार मञ्च प्रजातान्त्रिक ढंगबाट चलेको र खेलकुद संघले पनि यसको सिको गर्नुपर्ने बताए । 'खेलकुद पत्रकार मञ्चले प्रजातान्त्रिक ढंगमा जसरी संस्थालाई हाँकिरहेको छ, त्यसबाट सबै राष्ट्रिय खेल संघले सिक्नुपर्छ,' उनले भने, 'नेपालका थ्रुप्रै खेल संघहरूले वार्षिक रूपमा साधारणसभा गर्दै आए पनि थ्रुप्रै खेल संघहरूले आफ्नो संघलाई संस्थागत रूपमा काम गरिरहेका छैनन् ।' मञ्चका अध्यक्ष दुर्गानाथ सुवेदीले मञ्चले आगामी भदौमा एआइपिएस एसियाको कंग्रेस नेपालमा हुने बताए ।





नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com